

प्रेमका सम्बन्धमा **झरना थापा**

पृष्ठ ११ मा

● वर्ष १४ ● अंक ३४ ● काठमाडौं, शुक्रबार, माघ ३, २०६५ ● **SAPTAHIK** ● Nepali National Weekly ● friday, Jan 16, 2009 ● पृष्ठ २४ ● मूल्य रु. ८/-



# सेक्सी ग्याजेटको धूम


● **विदुर खतिवडा**

प्रत्येक व्यक्तिका चाहना फरक किसिमका हुन्छन् । सामान्यतया जीवनशैलीलाई रमाइलो बनाउने चाहनामा हिँडेका मानिसहरू आफ्ना फरक चाहनाको पूर्तिको अपेक्षामा बाँचेका हुन्छन् । प्रविधिको पर्याप्त उपयोग गर्नुपर्छ भन्ने चाहना राख्ने यस्तै एक बाबु प्रविधिका उपकरण बिक्री गर्ने पसलमा भेटिए । ११ कक्षामा अध्ययनरत छोरालाई कम्प्युटर खरिद गर्न पुतलीसडकस्थित साइबरनेटिक्स प्रा.लि.को ल्यापटप सो-रुममा आइपुगेका उनी ल्यापटपका थरी-थरीका मोडल देखेर दंग परे । ती बाबु-छोरा त्यहाँ पुगेपछि

**साप्ताहिकको यो अंकमा क्यान इन्फोटेक- २००९ सम्बन्धी विशेष सामग्री समावेश छ ।**

ल्यापटप नै किन्ने कि ? भनेर सल्लाह गर्न थाले । ‘हेर छोरा, तेरो सर्कलमा ल्यापटप बोक्ने तँ पहिलो व्यक्ति हुन्छस् त्यसकारण पनि ल्यापटप नैं किनौं,’ बाबुले छोरालाई उक्साउदै भने- ‘ल्यापटप किनेपछि लगेर कहाँ राख्ने झन्झट पनि हुँदैन, काम परेको बेलामा बोकेर जहाँ लगेर पनि चलाउन मिल्छ ।’ बाबुले नै त्यति भनिदिएपछि छोरालाई के चाहियो र, डेस्कटप

**बाँकी पृष्ठ २० मा**



## के गोविन्दा नेपालीकै ज्वाइँ हुन् त ?

कुराकानीको विवरण पृष्ठ ५ मा

साप्ताहिक

मध्यपृष्ठमा

**भावना**



# वर्षकै सबैभन्दा ठूलो मेला क्यान इन्फोटेक प्रारम्भ

काठमाडौं– सूचना तथा सञ्चार प्रविधि सम्बद्ध वर्षकै सबैभन्दा ठूलो मेला क्यान इन्फोटेक-२००९ को प्रधानमन्त्री पुष्पकमल दाहालले बुधबार उद्घाटन गरे। कम्प्युटर एसोसोसिएसन अफ नेपाल (क्यान) को आयोजनामा प्रत्येक वर्ष आयोजना हुँदै आएको क्यान इन्फोटेकको यो पन्ध्रौं संस्करण हो।

मेलाको उद्घाटन गर्दै प्रधानमन्त्री दाहालले नेपाली सूचना प्रविधिको विकासका लागि सरकार र क्यानबीच समन्वय गर्न प्रभावकारी उच्चस्तरीय निकायको खाँचो औंल्याउँदै त्यसका लागि सरकारले पहल गर्ने बताए।

'अ मेगा इभेन्ट अफ आइस' शीर्षकमा भृकुटीमण्डपमा आयोजित क्यान इन्फोटेकमा सूचना तथा सञ्चार प्रविधिसम्बद्ध कम्पनी, व्यवसायी तथा सेवाग्राही संस्थाहरूले आफ्ना नवीनतम् प्रविधि सार्वजनिक गरेका छन्। 'सूचना तथा सञ्चार प्रविधिका बारेमा सर्वसाधारणले नयाँ जानकारी पाऊन् भनेर हामीले प्रत्येक वर्ष क्यान इन्फोटेकको आयोजना गर्दै आएका छौं,' क्यानका अध्यक्ष सुरेशकुमार कर्णले साप्ताहिकलाई भने- 'नयाँ प्रविधिहरूलाई एकै थलोमा सार्वजनिक गरिएकाले यसपटकको मेला अवलोकन गर्ने दर्शकले थुप्रै नयाँ कुरा देख्न पाउनुभएको छ।'

१ सय १५ कम्पनीले सहभागिता जनाएको क्यान इन्फोटेकमा १५ वटा प्याभिलियनअन्तर्गत २ सय २३ वटा स्टल छन्। भृकुटीमण्डप परिसरको ह्याङगरमा पनि व्यवसायीहरूका स्टल छन्। मेलामा हार्डवेयर, सफ्टवेयर विकासकर्ता, इन्टरनेट सेवा प्रदायक, मोबाइल सेवा प्रदायक, नेटवर्किङ उपकरण, कम्प्युटर व्यवसायी, कलेज तथा विश्वविद्यालय, सफ्टवेयर विकासकर्ता कम्पनीले सहभागिता जनाएका छन्। क्यानका महासचिव विनोद ढकालका अनुसार आकर्षक ल्यापटप-डेस्कटप कम्प्युटर, एलसीडी मनिटर, आइपड, मोबाइल फोन सेट, पेनड्राइभ, हुफर आदि प्रविधिका पछिल्ला संस्करण मेलामा छन्। 'सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा कार्यरत व्यवसायीहरूका लागि इन्फोटेक उपभोक्तामाझ पुग्ने राम्रो अवसर पनि हो।' ढकाल भन्छन्- 'सीधै उपभोक्तासँग व्यापारिक कारोबार गर्न पाउने भएकाले इन्फोटेकका लागि व्यवसायीहरूले विभिन्न स्किम र अफर सहितका प्याकेज ल्याएका छन्।' अहिलेको समयमा हरेक क्षेत्रसँग प्रविधि जोडिएकाले प्रविधिको क्षेत्रमा भएका विकासलाई एकै थलोमा जानकारी आदान-प्रदान गर्न इन्फोटेक प्रभावकारी हुने उनले बताए।

मेला अवलोकन गर्न आएका हिमालय ह्वाइट हाउस कलेजका छात्र नवीन पौडेलका अनुसार यसपटकको क्यान इन्फोटेक यसअघिको भन्दा व्यवस्थित देखिएको छ। 'इन्फोटेकमा कम्पनीहरूका आकर्षक स्टलमा देखिएका प्रविधिका बारेमा विस्तृत जानकारी लिने मौका मिल्यो,' छात्र पौडेलले भने- 'यहाँ आएर नै मैले आइपड र पेनड्राइभ लिने सोच बनाएँ।' मेलामा कम्पनीहरूले दिएका स्किम अफरले पनि उपभोक्ताको मन खिच्ने उनले बताए।

मेलामा सूचना तथा प्रविधि पाठ्यक्रममा अध्यापन गराउने आइटी कलेज र प्रशिक्षण दिने कम्पनीहरूको पनि सहभागिता छ। यस्ता शैक्षिक संस्थाहरूले मेलाकै अवसर पारेर छात्रवृत्ति उपलब्ध गराएको क्यानका महासचिव ढकालले बताए।

क्यान इन्फोटेकलाई व्यवस्थित गर्ने क्रममा आज शुक्रबार उपभोक्ता र व्यवसायीबीच समन्वयका लागि 'बिजनेस डे' भनिएको छ। आज मेला अवलोकन गर्न आउने दर्शकले १ सय रुपियाँ प्रवेश शुल्क तिर्नुपर्नेछ। यसबाहेक अन्य दिन आमउपभोक्ताले ५० रुपैयाँ र विद्यार्थीले २५ रुपैयाँको टिकट लिनुपर्नेछ। साप्ताहिक र क्यानको संयुक्त पहलमा आगामी आइतबार इन्फोटेक हेर्न आउने विद्यार्थीले यो अंकको साप्ताहिक लिएर गए निःशुल्क प्रवेशको व्यवस्था मिलाइएको छ।



## अ मेगा इभेन्ट अफ आइस

सूचना तथा सञ्चार प्रविधि (आइसिटी) को मात्र होइन सूचना, सञ्चार र मनोरञ्जन (आइस) प्रविधीको महोत्सव भनेर आयोजकले यो मेलालाई 'अ मेगा इभेन्ट अफ आइस' भनेका छन्। 'एकातर्फ कम्प्युटर प्रविधिको उपयोग गर्दै काम गर्‍यो, अर्कोतर्फ त्यसलाई नै मनोरञ्जनको साधन पनि बनायो' क्यानका अध्यक्ष सुरेशकुमार कर्ण भन्छन्- 'आइसिटी उपकरणमा टेलिभिजन, आइपड, एमपिफोर, डिभिडी, एमपिथ्रि लगायतको उपयोगले पनि यो क्षेत्रमा मनोरञ्जन थपिएको हो।' मल्टिमिडिया डिभाइसको अत्यधिक प्रयोगका कारण पनि आइसिटीमा मनोरञ्जन थपिएको हो। त्यतिमात्र होइन्, आइसिटी क्षेत्रमा युवाहरूको वाहुल्यता रहेकाले पनि प्रविधिको यो क्षेत्रसँग मनोरञ्जन जोडिएको छ। क्यानका पूर्व-अध्यक्ष विप्लवमान सिंहका अनुसार आइटीका ब्युटी भनेकै युवापुस्ता भएकाले उनीहरू प्रविधिका उपकरणमा कामसँगै मनोरञ्जन लिन चाहने भएकाले इन्टरटेनमेन्ट प्रविधिको पनि उनीहरू प्रयोग गर्छन्।




नेपालको एकमात्र अत्याधुनिक Studio को Audio/Visual उपकरणमा Professional Course RJ/VJ/MC/ News Reporting, Reading, Media Marketing र Technician का
"विशिष्ट कक्षाहरू"
RJ/MC का हरेक कक्षा
Most Demanded
प्रशिक्षक हेम सुवेदी संग
VJ/MC का हरेक कक्षा नरेश भट्टराई द्वारा दिईने एकमात्र प्रशिक्षण केन्द्र
Oppertunity is always with U if U deserve & demand the best
Boom Media — Grooms Media Tycoon
कृपया कर्ता बनुन्किनुहोला
Boom Media
Baghbazar, Ktm., Nepal
☎ 01-4260125
Hurry up ! Call Now or Never......



कष्मेटिक सर्जरी
- शरिरमा भएका दाग, कोठी, मुसा, ट्याटु अप्रेसन पछिका दागहरु हटाउन
- शरिरमा पोलेर भएका समस्याको लागि
- नाक, कान सम्बन्धि कष्मेटिक उपचार
- मंगोलियन आँखाको उपचार
- टाउकोमा केश उमार्न
- स्तन सम्बन्धि कष्मेटिक उपचार
- Silicon Breast
- Botox Treatment
सम्पर्क:
PLASTOKOS
प्लाष्टिक सर्जरी क्लीनिक
०१६९१०५३२, ९८०३८८३५७७
मानभवन, जावलाखेल



होटल तालिम विशेष छुटमा २००३ मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
UK, Australia, Canada, Europen देशमा Student Visa मा जानेलाई Job Replacement Airport pick up, Part time & Full time job को लागि SPECIAL CLASS चैरहेछ। तु सम्पर्क गर्नुहोस्
COOK (1, 2, 3, 6 month), WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc.
- ३ महिने कुकमा FREE WAITER/ ENGLISH LANG.
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Student Visa मा जानेलाई Special Discount
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर
2200889, 016913003, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर
4464720, 9841-891131, 98510-93629

# नेपालीहरूको हाँसो र व्यवहारमा शालीनता झल्कन्छ



**बलिउडका अभिनेता गोविन्द अरुण आहुजा अर्थात् गोविन्दाको ससुराली काठमाडौं हो। केही वर्षअघिसम्म काठमाडौंको साँखुमा उनको ससुराली घर थियो। हाल उनका ससुरालीका सबै सदस्य मुम्बईमा बसाइँ सरिसकेका छन्। तैपनि गोविन्दा आफ्नी श्रीमती सुनिता शर्मा आहुजाका साथ बेलाबखत नेपाल आइरहन्छन्। यो साता एकपटक फेरि उनी काठमाडौं आए, भगवान पशुपतिनाथसँग गरेको भाकल पूरा गर्न। कुनै बेलाकी सुन्दरी नायिका श्रीदेवीदेखि लिएर अहिलेकी ग्ल्यामरस नायिका क्याटरिना कैफसम्मको जोडी भएर अभिनय गरिसकेका यी चर्चित बलिउड स्टार मुम्बई फर्कनु एक दिनअघि श्रीमती र १३ वर्षीय छोराका साथ कान्तिपुर परिसरमा आएका थिए।**

**तपाईंको ससुराली नेपाल, नेपाली बोल्न आउँछ ?**

उनले (श्रीमतीलाई देखाउँदैं) धेरै पटक प्रयास गरिन्। पहिले-पहिले उनले आफन्तसँग नेपाली बोल्दा के बोलेकी होलिन् जस्तो लाग्थ्यो। अहिले नेपाली बुझ्छु, फर्काउन जान्दिनँ। एउटा वाक्य उनले भर्खरै सिकाएकी छिन्, बोलू है– 'मलाई नेपालको धेरै माया लाग्छ।'

**सबैभन्दा पहिले नेपाल कहिले आउनुभएको थियो ?**

१३ वर्षअघि □ त्यसबेला हाम्रो छोरा ११ महिनाको थियो। त्यसपछि पटक-पटक नेपाल आइरहेको छु।

**तेह्र वर्षअघिको नेपाल र अहिलेको नेपालमा फरक के पाउनुभयो ?**

यहाँका मानिसको मुहारमा मुस्कान तथा उनीहरूले गर्ने सदभावपूर्ण व्यवहार उस्तै छ। नेपालीहरूको हाँसो र व्यवहारमा शालिनता झल्कन्छ। उनीहरूले नमस्कार गर्दा मनैदेखि नमस्कार गरेजस्तो लाग्छ। संसार देखावटी भैरहेको छ। म कलाकार हुँ, त्यसैले आँखाको भाव पढ्न सक्छु। यहाँका मानिसको आँखामा मैले देखावटीपन भेटिनँ। अनि यहाँको प्राकृतिक सुन्दरताले मेरो मन लोभिएको छ।

**भक्तपुरमा जग्गा किन्ने योजनाले विशेष चर्चा पायो नि ?**

वास्तवमा मेरी श्रीमती काठमाडौंमा एउटा घर किन्न चाहन्छिन्। यसपटकको भ्रमणमा उनले एक-दुईवटा घर पनि हेरौं भन्ने प्रस्ताव राखेकी थिइन्, तर मैले किन्नै परेपछि राम्रो ठाउँमा जग्गा नै किनौं र त्यहाँ आफूलाई मनपरेको शैलीको घर बनाऊँ भने। त्यसैका लागि भक्तपुरका केही स्थानमा जग्गा पनि हेर्‍यौं। एक-दुईवटा प्लट मन पनि परेको छ। कानुनी प्रक्रिया पूरा गरेपछि किनिन्छ पनि होला।

**त्यसो भए आगामी दिनमा नेपाल–आगमन नियमित हुन्छ ?**

जग्गा किनेर घर नै बनायौं भने त वर्षमा एक पटक आउनैपर्ने हुन्छ।

**हिन्दी चलचित्रका निर्माताहरू छायांकनका लागि युरोप–अमेरिका पुग्छन्, तपाईं चाहिं नेपालमा लोकेसन हेर्ने भन्दै हुनुहुन्छ ?**

मलाई अरूको कुरा थाहा छैन, तर मेरो विचार जान्न चाहनुहुन्छ भने काठमाडौंको जस्तो प्राकृतिक स्टुडियो विश्वमा विरलै पाइन्छ। काठमाडौंको मुख्य सहरबाट अलिकति मात्र बाहिर जानुहोस्, पहाडैपहाड छन्। कति सुन्दर, कति शान्त। यस्तो भौगोलिक सुन्दरता अरूतिर कहाँ पाउन सकिन्छ र ?

**सुनिताजीसँग तपाईंको पहिलो भेट कहिले र कहाँ भयो ?**

ती मेरा संघर्षका दिन थिए, जतिबेला मैले सुनितालाई उनको दिदीको घरमा भेंटे। उनकी दिदीको विवाह मेरो मामाका छोरासंग भएकाले पनि उनलाई भेट्न सजिलो भएको थियो। म बलिउडमा नायक हुन संघर्ष गर्दै थिएँ। २१ वर्षको उमेरमा 'तनबदन' र 'लभ ८६' मा नायक भएँ। त्यसबेला उनले मलाई र मैले उनलाई मन पराउन थालिसकेका थियौं।

**पहिलो प्रेम प्रस्ताव कसले राखेको थियो ?**

पहिलो भेटमै हामीले एक-अर्कालाई मन पराएका थियौं, तर म गाउँबाट संघर्ष गर्न मुम्बई पुगेको युवक, उनी मुम्बईमा जन्मिएर हुर्किएकी आधुनिक युवती। मैले प्रेम प्रस्ताव राख्ने हिम्मत नै गरिनँ। मेरो आनीबानी तथा व्यक्तित्वबाट प्रभावित भएर होला, उनले नै पहिलो प्रेम प्रस्ताव राखिन्।

**छोरा–छोरीलाई भविष्यमा के बनाउने निर्णय गर्नुभएको छ ?**

छोरा यशवर्द्धन त भर्खर १३ वर्षको भयो। ऊ अहिले अध्ययनमै व्यस्त छ। भविष्यमा के बन्नेछ भन्ने कुरा अहिले नै बताउन गाह्रो छ, तर जहाँसम्म छोरी नर्मदाको कुरा छ, उनले चाहिं मेरै बाटो अपनाउने तय भएको छ। उनी चाँडै बलिउडमा नायिकाका रूपमा प्रवेश गर्दैछिन्। आगामी फागुन महिनादेखि नै उनको अभिनय यात्रा प्रारम्भ हुने सम्भावना छ।

**फेब्रुअरी महिनामा तपाईं फेरि नेपाल आउने योजनामा हुनुहुन्छ हो ?**

हो, एउटा चलचित्रका लागि लोकेसन छनौट गर्न यहाँ आउँदैछु।

**के त्यो त्यही चलचित्र हो, जसमा नर्मदा अभिनय गर्दैछिन् ?**

त्यो कुरा अहिल्यै नभनौं।

**प्रसंग बदलौं, केही नायिकासँग तपाईंको नाम जोडिएको थियो नि ?**

चलचित्र क्षेत्रमा विभिन्न प्रकारका हल्ला चलिरहन्छन्। रानी मुखर्जीसँगको मेरो अफेयर पनि एउटा हल्ला थियो।

**त्यस्ता अफेयरका हल्लाले परिवारमा तनाब आएन ?**

(गोविन्दालाई रोक्दै उनकी श्रीमती सुनिता) : बलिउडमा यस्ता कुरा चलिरहन्छन्। उहाँको पेसा मैले राम्रोसँग बुझेकी छु, यस्ता कुराले मलाई कहिल्यै तनाव भएन। (गोविन्दाले भने) : एकपटक एउटा पार्टीमा एकजना नेता, जसको नाम म अहिले मिडियामा लिन सक्दिनँ, ले सुनितासँग यस्ता कुरा गर्दै भड्काउन खोजेछन्। सुनिताले पनि उनलाई जवाफ दिइछन्- तपाईं नेता कहिले साँचो बोल्नुहुन्छ कहिले झूटो। गोविन्दा मेरो श्रीमान् हो र ऊ हिरो हो। हिरोका बारेमा यस्ता कुरा नभए कसका बारेमा हुन्छ त ? साँच्चै भन्ने हो भने म शुक्रनीतिमा विश्वास गर्छु। योगी शुक्राचार्यले बनाएको नीतिमा के उल्लेख छ भने हरेक कार्यको राम्रा र नराम्रा पाटा हुन्छन्। हामीले कसरी लिन्छौं त्यसमा भरपर्छ। जस्तो कि फोहरको डुंगुर देख्दा कतिपयले नाक थुन्छन् भने कतिपयले त्यसैबाट ऊर्जा उत्पादन गरिरहेका हुन्छन्। नाच, गान, अभिनय कर्मलाई पनि कतिपयले राम्रो मान्दैनन्, हामीजस्ता कतिले यही काम गरेर नाम र दाम कमाएका छौं।

**नायक भएपछि खानपानमा निकै ध्यान दिनुपर्छ होला हैन ?**

पार्टनरमा म मोटो देखिएको थिएँ। अहिले तौल घटाइरहेको छु। म धेरैजसो उसिनेका खाना खान्छु, मरमसला र चिल्लोयुक्त खाना खाँदै खान्नँ। फलफूल धेरै खान्छु।

**तपाईं मांसहारी कि शाकाहारी ?**

मासु पनि खान्छु, तर मलाई थाहा छ– संसारमा शाकाहारी खानाजत्तिको उत्तम खाना अरू हुँदैन।

**रक्सी पिउने बानी छ ?**

पार्टीमा गइयो भने हातमा रक्सीको गिलास लिएर सबैसँग चियर्स गर्दै उभिन्छु। कहिलेकाहीं पिउँछु पनि, तर आफूलाई सन्तुलनमा राखेर। मात्ने गरी पिउन मन लाग्दैन। मातेपछि मानिस आफ्नो नियन्त्रणमा रहँदैन। त्यसबेला उसले नानाभाँती क्रियाकलाप गर्छ। हामी कलाकार भएपछि पब्लिक प्रोपर्टीसरह हुन्छौं। के थाहा कसैले कतै क्यामेरा लुकाएर हाम्रो क्रियाकलाप पो खिचिरहेको छ कि ?

**बलिउडमा अहिले सिक्स प्याक र एट प्याकको कुरा निकै चल्न थालेको छ। नायकहरू बडिबिल्डिङ गरेर शरीर गठिलो बनाउँदै छन्। तपाईं के गर्दै हुनुहुन्छ ?**

म पनि शरीर बनाउँदै छु। एक वर्षपछि मेरो पनि प्याकहरू देख्नुहुनेछ। अझ नौ महिनामै फिटनेस शरीर लिएर तपाईंहरूको सामु देखा पर्नेछु।

**कति प्याकको ? सिक्स कि एट ?**

एट प्याक।

**ससुरालीको भाषा (नेपाली) मा पनि चलचित्र बनाउने होइन ?**

त्यसका लागि छुट्टै प्लानिङ गर्नुपर्छ।

**साँच्चै, एउटा कुरा सोध्न मिल्छ ? तपाईं कति वर्षको हुनुभयो ?**

(निकै बेर हाँसेपछि) चलचित्रको पर्दामा म २५ वर्षको जवान हुँ, योभन्दा बढी भन्दिनँ। जवानी कहिल्यै सकिँदैन। जीवनलाई बुझ्यो भने जवानी कायम रहन्छ।

**अब कहिलेसम्म हिरो भैरहने ?**

म २५ वर्षदेखि हिरो नै छु। २५ वर्ष टिक्नु चानचुने कुरा होइन। अझ धेरै काम गर्नु छ।

**प्रस्तुति : सुव्रत/कृष्ण**

**अर्जेन्ट आवश्यकता**
NGO बाट विगत ५ वर्षदेखि सञ्चालित N.A.O. संस्थालाई कर्मचारीहरूको आवश्यकता
पार्टटाइम फुलटाइम जबको व्यवस्था
गृहिणी, विद्यार्थीले घरमै बसी काम गर्न मिल्ने
तलब: ८५००।- + गाडिभाडा
संख्या: १० महिला, ५ पूरुष
योग्यता: साधारण लेखपढ, Test, SLC, +2 +above
सम्पर्क: २०७३८४४, ९८४१९८८१७४
कोटेश्वर
शनिबार पनि अफिस खुल्ला हुनेछ।

**+2/SLC १ वर्षमै**
❒ १ वर्षमै + २ पास गर्न चाहनुहुन्छ ?
❒ ७, ८, ९, १०, पास नगरी SLC दिन चाहनुहुन्छ ?
❒ Maths/Science नपढी SLC पास गर्न चाहनुहुन्छ ?
❒ SLC/+2 मा ५ वटा विषय पढे पुग्ने।
❒ जागीरे गृहिणीहरूले घरमै बसी पढ्न सक्ने।
❒ TU/HSEB/KU तथा विश्वभर मान्यताप्राप्त।
❒ Nepali/English भाषामा परीक्षा दिन सकिने।
पाथ-फाईन्डर
पुतलीसडक चोक, काठमाडौं 2005077, 9803003585

**होटेल तालिम मोडर्नमा**
Switzerland & UK बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिइनेछ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, (इजरायल) Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज वसुन्धरा पुल Ktm
Ph:- 4363215, 2315801

**अर्जेन्ट आवश्यकता**
NGO को सहयोगवाट संचालित प्रतिष्ठित कम्पनीलाई इमान्दार तथा मेहनती महिला कर्मचारीहरुको आवश्यकता
पारिश्रमिक: ७,५००।- सम्म
संख्या: २१ जना
योग्यता: साधारण
नोट:- महिला विद्यार्थीको लागी उपयुक्त घरमै बसी काम गर्न सकिने।
सम्पर्क: २०७२७६६
९८४१४६०१३७
(शनिबार पनि अफिस खुल्ला रहने छ।)

**तु- आवश्यकता**
American Multinational Company को लागि कर्मचारी आवश्यकता
योग्यता: SLC or Above
संख्या: 8 Ladies & Gents
समय: 10 am to 5 pm
सुविधा: 8500+TA+अन्य
5532447, 9803437476
9741111933
लोकेशन : रिङरोड ललितपुर नख्खु दोबाटो
Note : बुझ्न आउदा Document अनिवार्य छ।

**OASIS**
Is old name plate for Institute in valley & still in use with us. We have no branches. If there's any this is the childish/shameful try to eat in others plate. O.L.C. family
Learn to Speak English
★Different level & packages (2 & 3 Months)
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese/ Korean/ Chinese/ French/ Spanish/ German IELTS/ Visa / Job Interview Pre.
Golkopakha, Thamel & Kalimati Chock
4359170 & 2024700

**आवश्यकता**
काँटी तथा कुरुषले बुन्न जान्ने २० जना भन्दा बढी हुने व्यक्तिको आवश्यकता
सम्पर्क : रेणु श्रेष्ठ
फोन नं.: ४२६९७०१, ४२६००७३
(समय: १०:००–५:००)

**Wanted**
American Multinational Company को १२ औं र १३ औं शाखा Office विस्तारको लागि थप कर्मचारी आवश्यकता।
संख्या: 9 Gents/ Ladies
तलब: 9000
योग्यता: SLC/PCL
Unique Solution
5543056, 9841466409
9849104244
Gwarko, Lalitpur
नोट: बुझ्न आउदाँ Document अनिवार्य छ।

**होटल तालिम**
Cook, Waiter, Waitress, Room Boy, Front office, Bar man, Housekeeping
Chinees, Indian, Continental, Italian, Cooking Indian Veg. Special, Bakery, Ice-cream, Tamato, Ketchup, Jam & Squash, Pickles
सिट सिमीत छ
विशेषताहरू
Theory तथा Practical संगै गरीने छ।
तारे होटलमा Practical गर्न लगिने।
विदेश जानेको लागि विशेष व्यवस्था
५ तारे होटलका दक्षप्रशिक्षकवाट तालिम
अभियान पर्यटन तथा होटल
तालिम केन्द्र कुपण्डोल बस स्टप
५५३८०५७, ५५२३०८२, ९८४१२०८७४९

# अन्तर्राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि सम्मेलनका कार्यपत्र





क्यान इन्फोटेककै अवसर पारेर आयोजना गरिएको अन्तर्राष्ट्रिय स्तरको सूचना तथा सञ्चार प्रविधि (आईसीटी) सम्मेलन हिजोदेखि प्रारम्भ भएको छ। सम्मेलनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सूचना तथा सञ्चार प्रविधिविज्ञहरूले कार्यपत्र प्रस्तुत गरेका छन्। सम्मेलन आजसम्म सञ्चालन हुनेछ।

'नयाँ नेपाल निर्माणका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग कोसेढुङ्गा सावित हुनसक्छ' नाराका साथ आयोजित यो सम्मेलनको उद्घाटन वातावरण विज्ञान तथा प्रविधि मन्त्री गणेश शाहले गरेका थिए। सम्मेलनको कि-नोट स्पिकरसमेत रहेका मन्त्री शाहले सम्मेलनको उद्घाटनसत्रमा नेपालको सूचना तथा सञ्चार प्रविधिको वर्तमान अवस्था र भविष्यको प्रस्तावनाका विषयमा सम्बोधन गरेका थिए। हिजोको कार्यक्रममा यस्तै अर्का कि-नोट स्पिकर इन्टरनेट विशेषज्ञ भारतका अमिताभ सिंघलले आईसीटी डेभलपमेन्टका विषयमा बोलेका थिए। टेलेक्स कन्सल्टिङ सर्भिस प्रा.लि. भारतका निर्देशक सिंघलले सूचना तथा सञ्चार प्रविधिलाई माध्यम बनाएर विकसित बनेका मुलुकहरूको उदाहरण दिदै त्यसबाट नेपालले शिक्षा लिनुपर्ने बताएका थिए।

पहिलो पटक सम्मेलनमा लाइभ भिडियो कन्फरेन्सबाट जापान, अमेरिका तथा कोरियाका सूचना प्रविधिविज्ञहरूले कार्यपत्र प्रस्तुत गर्दैछन्। हिजोको उद्घाटनसत्रमा क्यान अमेरिकाका तर्फबाट भिडियो कन्फरेन्समार्फत सम्मेलन शीर्षकमा कार्यपत्र प्रस्तुत गरिएको थियो। लाइभ भिडियो कन्फरेन्समा सम्मेलनका सहभागीहरूले कार्यपत्र प्रस्तोतामाझ सीधा अन्तर्क्रिया गरेका थिए।

सम्मेलनको पहिलो सत्रमा साप इन्टरनेसनल तथा फोस नेपाल कम्युनिटीका हेमपाल श्रेष्ठले खुला तथा स्वतन्त्र सफ्टवेयर (फोस) को प्रयोगमा नेपाल विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए। यसैगरी सुबोध त्रिपाठीले एम-कमर्सका विषयमा कार्यपत्र पेस गरेका थिए। सूचना प्रविधिविज्ञ शैलेन्द्र झाले सूचना तथा सञ्चार प्रविधिमा आधारित नेपाली शैक्षिक पाठ्यक्रम विषयमा आफ्नो कार्यपत्र प्रस्तुत गरे।

सम्मेलनको दोस्रो सत्रमा नेपालका नगरपालिकाहरूमा इ-गर्भनेन्स (सुशासन) को प्रयोगका विषयमा सुशील ज्ञवालीले आफ्नो प्रस्तुति दिएका थिए। इ-गर्भनेन्स प्लानलाई सफलताका साथ लागू गरेको कोरियाको उदाहरण विषयमा कोरिया अन्तर्राष्ट्रिय ई-गभर्नेन्ट सल्लाहकार सोयोङ पार्कले कार्यपत्र प्रस्तुत गरेका थिए। यसैगरी सुशासनकै तीनवटा मोडलका बारेमा मनीष पोखरेल, जेहाक लि र जोङ सु पार्कले लाइभ भिडियो कन्फरेन्सबाट प्रस्तुति दिएका थिए।

सम्मेलनमा सूचना तथा सञ्चार प्रविधिलाई औद्योगिक क्षेत्रमा प्रयोग विषयलाई लिएर प्यानल डिस्कसन पनि भएको थियो। उद्योग मन्त्रालयका सचिव ताना गौतम, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष सुरेन्द्रवीर मालाकार, उद्योगपति राजेन्द्र खेतान, सूचना प्रविधिविज्ञ सुरेशकुमार रेग्मी र हाइटेक पायोनियरका अध्यक्ष मुनिबहादुर शाक्यलाई पेनालिस्ट बनाएर उक्त विषयमा सहभागीहरूले छलफल गरेका थिए।

सम्मेलनको आजको तेस्रो सत्रमा सूचना तथा सञ्चार प्रविधिको जनस्तरमा पहुँच विषयमा बेलानेट स्यापका विभूषण विष्टले कार्यपत्र प्रस्तुत गर्दैछन्। यस्तै 'अनलाइनबाट बालबालिकालाई संरक्षण गरौं' शीर्षकमा अर्चिता पन्तले कार्यपत्र प्रस्तुत गर्नेछिन्। साइबर क्राइमका विषयमा वकिल बाबुराम अर्यालले र सफ्टवेयर एसेट म्यानेजमेन्ट विषयमा सुनयना घिमिरे पाण्डेले कार्यपत्र प्रस्तुत गर्दैछिन्। इ-गर्भनेन्स व्यवस्थापन विषयमा राजन पाण्डे र प्रदीप अर्यालले संयुक्त रूपमा सहभागीहरूलाई प्रकाश पार्नेछन्। यो सत्रमा जापानबाट विज्ञहरूले भिडियो कन्फरेन्सको माध्यमबाट सहभागीमाझ आफ्नो ज्ञान प्रदान गर्नेछन्।

चौथो सत्रमा 'एप्लिकेसन अफ स्याटलाइट वाइ-ब्रो इन नेपाल' शीर्षकमा रोविन श्रेष्ठ, म्यु ह्वान सो, डोङ हि लि, ब्युङ-स्युब लिले कार्यपत्र प्रस्तुत गर्नेछन्। यस्तै 'इम्प्याक्ट अफ डिफरेन्सिएटिङ ट्राफिक प्रायोरिटी इन स्याटलाइट वाइम्याक्स बेस्ड कम्युनिटी नेटवर्क इन माउन्टेनस रिजन्स' शीर्षकमा नीरज पौडेल, ग्येङ वान गो, स्योक सिन लि, प्रो. हा छ्योल लि, प्रो. ब्युङ-स्युब लिले आफ्नो कार्यपत्र प्रस्तुत गर्दैछन्। 'स्पेस डाइभर्सिटी एन्ड मिमो टेक्निक्स फर वायरलेस कम्युनिकेसन्स' मा अजय कूडेल र तोषक उप्रेती तथा 'अ म्याक पफर्मेन्स इन दि डण्द्दाज्ञज्ञबरन वायरलेस एक्सेस इन्टरनेट ओभर फेडिङ च्यानल' शीर्षकमा प्रो हा छ्योल लि, नीरज पौडेल र ब्युङ-स्युब लिले कार्यपत्र प्रस्तुत गर्दैछन्। सम्मेलनको दोस्रो दिन आज बीपीओ (बिजनेस प्रोसेस आउटसोर्सिङ) का विषयमा प्यानल डिस्कसन हुनेछ।

## हार्दिक समवेदना

जन्म
१९८१/५/२२



मृत्यु
२०६५/९/१०

सर्वबहादुर बलमपाकी मगर

**साप्ताहिक तथा नारीमा कार्यरत हाम्रा सहकर्मी धुनबहादुर बलमपाकीका बुबा सर्वबहादुर बलमपाकीको ८४ वर्षको उमेरमा असामयिक निधन भएकोमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।**

साप्ताहिक तथा नारी परिवार
कान्तिपुर पब्लिकेशन्स प्रा.लि.

# हामीले उत्प्रेरकको भूमिका मात्र खेल्ने हो



तस्बिरः नवराज

**कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) का अध्यक्ष सुरेशकुमार कर्ण युवा प्रोफेसनलहरूको टिम भएकाले नेपाली सूचना तथा सञ्चार प्रविधि विकासका लागि क्यानले धेरै काम गर्न सक्ने बताउँछन्। राजधानीमा आयोजना भैरहेको सूचना तथा सञ्चार प्रविधि सम्बद्ध बृहत् मेला क्यान इन्फोटेकलगत्तै अन्य थुप्रै योजना कार्यान्वयन गर्न सक्रिय रहने दाबी गर्ने कर्ण सूचना प्रविधि विकासका निम्ति सरकारी तथा गैरसरकारी दुवै क्षेत्रमा प्रतिबद्धता हुनुपर्नेमा जोड दिन्छन्। सूचना तथा सञ्चार प्रविधिको विकास एवं क्यान इन्फोटेकका सन्दर्भमा साप्ताहिकले कर्णसँग गरेको कुराकानीको सारसंक्षेप :**

**क्यानको अहिलेको टिमले इन्फोटेकलाई सफल रूपमा सम्पन्न गराउन सक्ला ?**

युवा प्रोफेसनलहरू रहेको यो टिमसँग इभेन्ट म्यानेजमेन्टको अनुभव केही कम भए पनि नियमित रूपमा सबैको सक्रियताका कारण पहिलो पटक हामी फरक ढंगले सफल हुँदैछौं। अहिले इभेन्ट म्यानेजमेन्ट पनि हाम्रो पहुँचभन्दा टाढाको कुरा होइन रहेछ भन्ने अनुभव गरेका छौं। हामी नाम कमाउन वा अनुहार देखाउनभन्दा सूचना प्रविधि क्षेत्रमा कार्यरतहरूको यो छाता संगठनलाई कसरी बलियो बनाउने भन्नेतर्फ केन्द्रित छौं।

**इन्फोटेकको मूल उद्देश्य त व्यापार प्रबर्द्धन नै हो नि होइन ?**

एक हिसाबले हेर्दा व्यापार प्रबर्द्धन नै हो जस्तो देखिन्छ, तर मूल उद्देश्य प्रविधि विकासमा भएका उपलब्धिहरूका सम्बन्धमा सर्वसाधारणलाई जानकारी गराउनु हो। इन्फोटेकमा सहभागी हुने ठूला कम्पनीहरू त्यहाँ व्यापार गर्ने उद्देश्यले आएका हुँदैनन्। उनीहरू ब्रान्ड प्रोमोसनका लागि आएका हुन्छन्, तर इन्फोटेकमा सहभागी हुने साना व्यवसायीहरू भने सक्दो धेरै व्यापार होस् भन्ने चाहन्छन्। इन्फोटेक सूचना तथा सञ्चार प्रविधि सम्बद्ध सबै क्षेत्रलाई समेटेर आयोजना गरिएको महोत्सव हो, जहाँ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सूचना प्रविधि विज्ञहरूका कार्यपत्र प्रस्तुत गर्ने सूचना प्रविधि सम्मेलन पनि आयोजित गरिन्छ। प्रविधि विकासमा सक्रिय हुने नेपालीलाई आफ्नो प्रविधिका बारेमा जानकारी गराउन पनि हामीले प्लेटफर्म दिएका छौं, यसकारण यो व्यापारिक मेला होइन्।

**क्यानले वर्षमा एकपटक क्यान इन्फोटेक गर्छ, पैसा कमाउँछ अनि सुत्छ भन्छन् नि ?**

क्यानले इन्फोटेक मात्र गरेको छ भन्न मिल्दैन। हो, हामीले गरेको देखिने काम इन्फोटेक भएकाले सबैलाई त्यस्तो अनुभव हुनसक्छ। अहिले पनि हाम्रो कार्यसमितिले आगामी दुई वर्षको कार्यकालमा के गर्ने भनेर रणनीति बनाइसकेको छ। क्यान आफैंमा नीति निर्माता वा त्यसलाई कार्यान्वयन गराउने आधिकारिक संस्था होइन, यसले त सम्बन्धित निकायबाट काम गराउन उत्प्रेरक भूमिका मात्र खेल्ने हो। विगतमा सूचना प्रविधि नीति आवश्यक छ, तसर्थ विद्युतीय कारोबार ऐन जारी गर्नुपर्छ भनेर लबिङ गर्नेदेखि नीति निर्माणका निम्ति सूचना प्रविधि उच्चस्तरीय आयोग (एचएलसीआईटी) गठन गर्ने कुरा र नीति नियमलाई लागू गर्न एनआईडीसीको स्थापना गराउने सबै काम क्यानको सक्रियतामा भएका थिए। अहिले पनि हामी निजी क्षेत्र र सरकारी निकायबीच पुल बनेर सूचना प्रविधि विकासका निम्ति सक्रिय छौं। क्यान अहिले ३७ जिल्लामा विस्तार भैसकेको छ, स्थानीय स्तरमा पनि थुप्रै काम गरिरहेको छ। इन्फोटेक आयोजना गर्नु हाम्रो बाध्यता हो, किनभने इन्फोटेकको आयोजनाबाट उठेको रकमबाटै हामीले प्रशासनिकदेखि विभिन्न कार्यक्रम गर्ने सामर्थ्य राख्छौं।

**के सूचना प्रविधि विकासको क्षेत्रमा हामीले उल्लेख्य प्रगति हासिल गरिसक्यौं त ?**

उल्लेख्य प्रगति हासिल त गरिएको छैन, तर केही न केही उपलब्धि हासिल भएका छन्। विगत तीन वर्षयता प्रविधि प्रयोगकर्ताको संख्या १० गुणाभन्दा बढी वृद्धि भएको छ। हामीले रोल्पा, रुकुमजस्ता क्षेत्रमा सूचना प्रविधि सम्मेलन आयोजना गरिसकेका छौं। ग्रामीण स्तरसम्म कम्प्युटरको पहुँच पुग्न थालेको छ। चेतनाका दृष्टिकोणले केही काम भएका छन्। मुलुकमा विषम परिस्थिति हुँदा पनि आईटी उद्योगमा २० प्रतिशतले कारोबार बढिरहेको छ। राजनैतिक स्थिरता र प्रतिबद्धता हुने हो भने हामी धेरै अघि बढ्न सक्छौं, त्यसकारण राजनैतिक नेतृत्वले इच्छाशक्ति देखाउनुपर्छ।

**केही संस्था त धमाधम कम्प्युटर बाँड्ने र कार्यक्रम गर्ने गरिरहेका छन् नि ?**

हो, तपाईंले भनेजस्तो केही संस्थाले आफू खुसी यस्ता कार्यक्रम गरिरहेका छन्। हामीले सरकारी निकायलाई यो कामलाई व्यवस्थित गर्नुपर्छ भनेका छौं। यदि सरकारले सूचना प्रविधि सम्बद्ध संस्था तथा व्यवसायीहरूको छाता संगठन क्यान वा अन्य कुनै जिम्मेवार संस्थामार्फत यस्ता कार्यक्रम लगेको भए त्यसको उचित अनुगमन तथा निरीक्षण हुन्थ्यो, त्यसले यो क्षेत्रको विकासका निम्ति पनि प्रभावकारी काम गर्थ्यो, तर यहाँ बल्ल-बल्ल गठन भएको सूचना प्रविधि उच्चस्तरीय आयोग नै विघटन हुन लागेको अवस्था छ। हामीले क्यानको सदस्य हुनैपर्छ भनेर कुनै संस्था वा व्यक्तिलाई दबाब दिएको छैनौं, यसकारण उनीहरू क्यानमार्फत नै जानुपर्छ भन्ने छैन। यदि कोही हाम्रो सहयोगको अपेक्षा राख्छ भने हामी सहयोग गर्न तयार छौं।

**क्यानको दुईवर्षे योजना तथा कार्यक्रम के छ नि ?**

पहिलो ग्रामीण क्षेत्रसम्म सूचना तथा सञ्चार प्रविधिको पहुँच हुनुपर्छ भनेर हामीले सचेतनाको कार्यक्रमअन्तर्गत क्षेत्रीय स्तरमा इन्फोटेक गर्दैछौं। यो इन्फोटेकलगत्तै हेटौंडा र बुटवलमा इन्फोटेकका क्षेत्रीय संस्करण हुँदैछन्। दोस्रो सरकारी निकायहरूसँग समन्वय राखेर सरकारी तथा निजी क्षेत्र दुवैको सहकार्यको सम्बन्ध विकास गर्छौं। तेस्रो आउटसोर्सिङको सम्भाव्यतालाई मध्यनजर गरेर यस क्षेत्रको कारोबार पारदर्शी बनाउने योजना छ। चौथो शैक्षिक योग्यता लिएका विद्यार्थीले औद्योगिक क्षेत्र तथा व्यवसायमा सहजै रोजगार नपाइरहेको अवस्थालाई मध्यनजर गरेर व्यवसायीहरूले खोज्ने जनशक्ति तयार पार्न इन्डस्ट्री इन्टिग्रेटेड करिकुलम निर्माणका लागि शैक्षिक संस्थाहरूलाई सहयोग गर्दैछौं, जसले व्यवसायी र विद्यार्थी दुवैलाई लाभ मिल्छ र पाँचौं क्यानको संगठनलाई फराकिलो बनाउन सदस्यता वितरण कार्यक्रम प्रभावकारी रूपमा संचालन गर्छौं।

**प्रसंग बदलौं, बनेपाको आइटी पार्क असफल हुनुमा क्यानको दोष छ भन्छन् नि ?**

क्यानको असहयोगले होइन, आइटी पार्क बनेपामा निर्माण गर्नुपर्छ भनेर अदूरदर्शी निर्णय गर्नेहरूका कारण असफल भएको हो। उपयुक्त स्थानमा भएको भए त्यस्तो संरचनामा बनेको पार्क असफल हुँदैनथ्यो। हरेक दिन भैरहने हड्ताल, जाम र साँघुरो सडकका कारण बनेपा र काठमाडौंबीचको दूरी धेरै भयो। अर्को कुरा, प्राविधिक रूपमा काम गर्ने संस्थामा विद्युत् र विद्युत् ब्याकअप तथा कनेक्टिभिटीजस्ता कुरा अनिवार्य सर्त हुन्। यो कुनै कुरा आइटी पार्कमा उपलब्ध नभएपछि क्यानकै पहलमा आएका केही कम्पनीले आइटी पार्क छोडे। आइटी पार्क सफल हुनुपर्छ भन्नेमा हामी सबैभन्दा बढी सक्रिय थियौं।

**केही समयअघि सम्पन्न आइसिटी इन्फोट्रेडले इन्फोटेकलाई असर पुर्‍याएन ?**

भन्ने हो भने उस्तै उस्तै लाग्नसक्छ, तर इन्फोट्रेड र इन्फोटेकमा धेरै फरक छ। हामीले व्यापार गर्ने थलोका रूपमा इन्फोटेक आयोजना गर्न लागेको होइन, अर्को कुरा विगत १५ वर्षदेखि आयोजना गरिँदै आएको इन्फोटेकमा मुलुककै ठूला कम्पनी तथा अन्तर्राष्ट्रिय स्तरका कम्पनीले ब्रान्ड प्रोमोसनका कार्यक्रम लिएर आएका हुन्छन्। मुलुकमा भित्रिएका नयाँ प्रविधि इन्फोटेककै अवसर पारेर सार्वजनिक हुन्छन्। हामीले इन्फोटेकअन्तर्गत नै सूचना प्रविधि विकासका निम्ति आयोजना गरिने सम्मेलनमा विभिन्न विषयमा विद्यार्थी तथा विज्ञहरूबीच बृहत् छलफल पनि चलाउँछौं। भृकुटीमण्डपभित्र मात्र होइन, बाहिर पनि प्रदर्शकहरूका स्टल रहन्छन्, त्यसकारण यो तुलनायोग्य विषय नै होइन्।

**नेपालले सूचना प्रविधिको क्षेत्रको उपयोगबाट विकासको गति समाउन सक्छ भन्ने कुरामा कत्तिको विश्वस्त हुनुहुन्छ ?**

एकदमै धेरै, हाम्रो मुलुक 'आईसिटी टुरिज्म' को अवधारणामा गयो भने हामी केही वर्षभित्रैमा सफल राष्ट्र बन्न सक्छौं। २२ डिग्री तापक्रम सूचना प्रविधि उपकरणका निम्ति सबैभन्दा उपयुक्त मानिन्छ, जुन हाम्रो मुलुकमा मात्र सम्भव छ, त्यस्तै हाम्रो जस्तो हिमाल, पहाड र तराई भएको भौगोलिक बनावट संसारमा अन्यत्र छैन। ठूला-ठूला कम्पनीहरूको ट्रेनिङ सेन्टर तथा प्लान्ट परियोजनाहरू भित्र्याउन सकियो भने आइसिटी टुरिज्मको अवधारणा सहजै सफल हुन्छ। राजनैतिक नेतृत्वसँग इच्छाशक्ति र प्रतिबद्धता हुनुपर्छ आईसीटीको उपयोगबाट मुलुकले विकासको बाटो समात्न सक्छ।







# क्यान इन्फोटेकका आकर्षणहरू

## विद्यार्थीलाई ल्यापटप 'फ्री'



सूचना प्रविधि विषयमा स्नातक उत्तीर्ण धेरै विद्यार्थीले अध्ययनपश्चात् रोजगारी नपाइरहेको अवस्थालाई मध्यनजर गरेर लर्डबुद्ध एजुकेसन फाउन्डेसन तथा वर्ल्ड लिंक टेक्नोलोजीको सहकार्यमा नेपालमै पहिलो पटक 'इन्डस्ट्री इन्टिग्रेटेड आइटी प्रोग्राम' सञ्चालन गरिएको छ। एकातर्फ आइटी इन्डस्ट्रीले दक्ष जनशक्तिको खोजी गरिहरनुपर्ने अवस्था छ भने अर्कातर्फ अध्ययनपश्चात् जागिर नपाइने कारणले आइटीप्रति नै विद्यार्थीको आकर्षण कम भैरहेको अवस्थामा विद्यार्थीलाई शैक्षिक योग्यतासँगै अनुभव पनि दिलाउन यो कार्यक्रम अघि सारेका हौं'- लर्डबुद्ध एजुकेसन फाउन्डेसनका निर्देशक पंकज जालानले बताए।

भारतीय एमसीआरपीएस विश्वविद्यालयको सम्बन्धनमा कलेजले सञ्चालन गरिरहेको बीसीए (ब्याचलर अफ कम्प्युटर एप्लिकेसन) मा पनि यो कार्यक्रम लागू गरिनेछ। आधुनिकीकरण एवं औद्योगिकीकरणको यो युगमा सूचना प्रविधिको महत्त्व धेरै नै भए पनि औद्योगिक क्षेत्रका लागि आवश्यक पर्ने जनशक्ति विकसित हुन नसकिरहेको परिप्रेक्ष्यमा इन्डस्ट्री इन्टिग्रेटेड कार्यक्रम ल्याइसकेको निर्देशक जालानले बताए।

एक तथ्यांकअनुसार नेपालमा सूचना प्रविधिमा स्नातक ५ हजारभन्दा बढी जनशक्ति बेरोजगार छन्। यो जनशक्ति बेरोजगार हुनुको मुख्य कारण विश्वविद्यालयको शैक्षिक पाठ्यक्रममा त्रुटी भएकाले हो, जालानले भने- बजारले खोजेजस्तो जनशक्ति तयार पार्नुपर्छ भनेर हामीले यो कार्यक्रम ल्याएका हौं। नेपाली सूचना प्रविधि उद्योगहरू दक्ष जनशक्तिको अभावमा धराशयी बन्दै गएकाले पनि विद्यार्थीको बेरोजगारीको समस्या र धराशयी बन्ने अवस्थामा पुगेका आइटी कम्पनीहरूको अवस्थामा सुधार ल्याउन इन्डस्ट्री इन्टिग्रेटेड आइटी प्रोग्राम पुल बन्न सक्ने कलेजको भनाइ छ।

बीसीए कार्यक्रमअन्तर्गतका विद्यार्थीहरूले दुई वर्षे बीसीए कार्यक्रमको अध्ययन पूरा गरेपछि तेस्रो वर्षको पहिलो ६ महिना वर्ल्ड लिङ्क टेक्नोलोजीमा निःशुल्क इन्टर्नसिप गर्ने मौका पाउने छन्। त्यस्तै दोस्रो ६ महिनाका लागि प्रतिविद्यार्थीले २ हजार ५ सय रुपैयाँ मासिक पाउनेछन्। शैक्षिक कोर्स पूरा गरिसकेपछि पनि विद्यार्थीले सोही संस्थामा पेड इन्टर्नसिप गर्न पाउने कार्यक्रम सञ्चालकहरूले बताएका छन्। यो शैक्षिक पाठ्यक्रममा अध्ययन गर्न चाहने विद्यार्थीलाई कलेजले निःशुल्क ल्यापटप प्रदान गर्ने भएको छ। विद्यार्थीको शैक्षिक स्तर एवं प्राविधिक स्तर दुवै उठाउन उनीहरूलाई ल्यापटप दिइएको हो।

सरकारी तवरबाट पहल नभएकै कारण निजी क्षेत्रका सूचना प्रविधि सम्बद्ध शैक्षिक संस्था तथा उद्योगले यस प्रकारको सहकार्य आफ्नै पहलमा गर्नुपरेको वर्ल्ड लिंक टेक्नोलोजीका प्रमुख कार्यकारी अधिकृत दिलीप अग्रवालले बताए। अग्रवालका अनुसार यो कार्यक्रमले आइटी एजुकेसनप्रति विद्यार्थीको आकर्षण पुनः बढ्नेछ। लर्ड बुद्ध एजुकेसनले क्यान इन्फोटेकमा स्टल राखेकाले यस विषयमा विस्तृत जानकारी लिन चाहने विद्यार्थीले कलेजको स्टलमा सर्म्पक राख्न सक्नेछन्।

## रिङ टोनमा रोजाइ अनुसारको गीत

काठमाडौं, रिलिज हुने क्रममा रहेका बलिउड चलचित्र 'भिक्टोरी' वा 'देवदी' को गीत तपाईंले सुन्नुभएको छ ? यदि छैन भने तुरुन्तै ५४६४६ मा एसएमएस गरी यी गीतहरू आफ्नो मोबाइलमा डाउनलोड गर्नुहोस्। डिजिटेन्मेन्ट प्रालिको प्रयासमा मोबाइल प्रयोगकर्ताहरूलाई यो सुविधा उपलब्ध गराइएको हो। नमस्ते र मेरो दुवै मोबाइलका प्रयोगकर्ताले यो सुविधा प्राप्त गर्न सक्ने डिजिटेन्टमेन्ट प्रालिले जनाएको छ।

मेरो मोबाइल र नमस्ते मोबाइलका प्रयोगकर्ताले आफ्नो मोबाइलका रिङ टोन (कसैले मोबाइलमा सम्पर्क गर्दा प्रयोगकर्ताको मोबाइलमा बज्ने सांगीतिक ध्वानि) मा बलिउड चलचित्रका गीतहरू राख्न सक्नेछन्। सन् २००९ को आगमनसँगै डिजिटेन्मेन्ट प्रालिले हंगामा मोबाइलको सहकार्यमा यो सुविधा उपलब्ध गराएको हो। 'हाल हिन्दी चलचित्रका गीतहरू रिङ टोनमा राखिने व्यवस्था छ' डिजिटेन्टमेन्ट प्रालिका ज्ञानेन्द्रराज शाक्यले भने- 'चाँडै नेपाली गीतहरू पनि समावेश गरिँदैछ।'

डिजिटेन्मेन्ट प्रालिले जनाएअनुसार प्रयोगकर्ताले मोबाइलमा तीन किसिमका रिङ टोन राख्न सक्नेछन्। प्रयोगकर्ताले आवश्यक प्रक्रिया पूरा गरी मोनो टोन, पोली टोन र ट्रयु टोन राख्न सक्ने शाक्य बताउँछन्। एउटा वाद्य प्रयोग गरी बनाइएको धुनलाई मोनो टोन, एकभन्दा बढी वाद्य प्रयोग गरी बनाइएको धुनलाई पोली टोन र कुनै पनि गीतको अंश सुन्न सकिनेलाई ट्रयु टोन भनिन्छ।

यी भिन्दाभिन्दै रिङ टोन एकै किसिमको मोबाइलमा प्रयोग गर्न नसकिने डिजिटेन्मेन्टका शाक्यले बताए। ट्रयु टोन सपोर्ट गर्नका लागि मोबाइलमा एमपि थ्रीको सुविधा आवश्यक छ भने अन्य रिङ टोन सामन्य मोबाइलमा पनि राख्न सकिन्छ। मोबाइल प्रयोगकर्ताले यसरी रिङ टोन डाउनलोड गरे बापत मोबाइलमा सञ्चित रकमबाट कर बाहेक १० रुपैयाँ लाग्नेछ। यी तीनथरीका रिङ टोनलाई फरक-फरक किसिमले मोबाइलमा डाउनलोड गर्न सकिन्छ। जसअर्न्तगत मोनो टोनका लागि म्यासेजबक्समा गएर अंग्रेजी अक्षरको एम टी स्पेस टोन आइडी टाइप गरी ५४६४६ मा पठाउनुपर्नेछ। पोली टोनका लगि म्यासेज बक्समा गएर अंग्रेजी अक्षरको पी टी स्पेस गरी टोन आइडी टाइप गरी ५४६४६ मा पठाउनु पर्नेछ। त्यस्तै ट्रयु टोनका लागि अंग्रेजी अक्षरको पी टी टाइप गरी स्पेस दिएर टोन आइडी टाइप गरी ५४६४६ मा पठाउनु पर्नेछ। गीतका रिङ कोड www.digitainment.com.np मा उपलब्ध छ।

एक वर्षअघि स्थापना भएको डिजिटेन्टमेन्ट प्रालिले मोबाइल प्रणालीमा मनोरञ्जनात्मक सेवा प्रदान गर्दै आएको छ। 'हामीले मोबाइल रिङ टोनमा गीत उपलब्ध गराए बापत रोयल्टीको समेत व्यवस्था गरेका छौं' शाक्यले भने- 'मोबाइल प्रयोगकर्ताहरूको सुविधासँगै गीत-संगीतलाई बढावा दिने हाम्रो उद्देश्य हो।'

## अब मोबाइल बैंकिङको पालो



तपाईंको जीवनशैली अत्यन्तै व्यस्त छ भने अब आर्थिक कारोबारको जिम्मा पनि मोबाइललाई नै दिए हुने भएको छ। खल्तीमा पैसा नभए पनि बैंकमा पैसा छ भने मोबाइलमार्फत् नै उपभोक्ताले पैसाको कारोबार गर्न पाउने यो सेवा चाँडै नै नेपाली बैंकहरूले सुरु गर्ने भएका छन्। इनोभेटिभ पिपिएलले बैंकहरूलाई यसका लागि प्राविधिक पक्षमा सहयोग गर्नेछ। 'अहिले सामान्यतया मोबाइल बैंकिङको नाममा बैंकहरूले एसएमएस बैंकिङ मात्र गरिरहेका छन्' इनोभेटिभ पिपिएलका प्रमुख कार्यकारी सुमन शाक्य भन्छन्- 'तर हाम्रो सफ्टवेयर प्रयोग गरेपछि बैंकले पूर्णरूपमा मोबाइल बैंकिङ सेवा सञ्चालन गर्न सक्नेछन्।'

निजी क्षेत्रका सबै बैंकले चासो देखाएको यो प्रविधि एटिएम मेसिनमार्फत् डेबिट कार्ड, क्रेडिट कार्डको प्रयोग र इन्टरनेट बैंकिङपछिको बैंकिङ कारोबारको अर्को सेवा हो। भारतस्थित नेटवर्क सेक्युरिटी सोलुसन (एनएसएस) ले विकास गरेको यो प्रविधिलाई इनोभेटिभ नेपालले नेपाली बजारमा भित्र्याएको हो। इनोभेटिभका प्रमुख कार्यकारी शाक्यका अनुसार आगामी १ महिनाभित्र बैंकहरूले यो सेवा सञ्चालनमा ल्याउने घोषणा गर्दैछन्। मोबाइल बैंकिङ अन्तर्गत डेबिट कार्ड वा क्रेडिट कार्डको सहायताले ग्राहकले रेष्टुराँ, डिपार्टमेन्ट स्टोरमा कार्ड स्काच गरेर बिल भुक्तानी गरेजस्तै मोबाइल बैंकिङमा एसएमएस गरेर बैंकलाई भुक्तानीका लागि अनुरोध गरिन्छ। बैंकले खातावाल र भुक्तानी पाउने दुवैलाई तत्कालै कारोबार भए नभएको जानकारी एसएमएस मार्फत् नै दिन्छ।

इन्टरनेट बैंकिङबाट मोबाइलको बिल तिर्ने, मोबाइल रिचार्ज गर्ने वा एनी ब्रान्च बैंकिङ सर्भिस आदि सुविधा उपलब्ध गराएका थिए। सरकारी रूपमा स्पष्ट कानुन नभएको अवस्थामा पनि विद्युतीय कारोबार भैरहेको अहिलेको अवस्थामा मोबाइल बैंकिङलाई पनि कुनै कानुनी अड्चन नहुने इनोभेटिभका शाक्य बताउँछन्। शाक्य भन्छन्- 'कानुन आए पनि चलिरहेको यो सिस्टमलाई रेगुलेट गर्ने हो, प्रविधिको उपयोग गर्ने क्रममा उपभोक्ताको सजिलोका लागि आएको यो सेवा अवरुद्ध हुन्छ भन्ने छैन।'

'मोबाइल बैंकिङले उपभोक्तालाई हातैमा एटिएम भएको अनुभूति हुनेछ' शाक्य भन्छन्- 'मुलुकभित्र मात्र होइन विदेश जाँदा पनि यो प्रविधि प्रयोग गर्न सकिनेछ।' मोबाइल बैंकिङका लागि सबैभन्दा महत्त्वपूर्ण कुरा एसएमएस च्यानल सुरक्षित हुनुपर्ने शाक्यले बताए। बैंकले मोबाइल बैंकिङ सुरु गरेपछि मोबाइलमा एउटा सफ्टवेयर इन्स्टल गरिदिन्छ। जसले सुरक्षित तवरले कारोबार गर्न मद्धत पुऱ्याउँछ। मोबाइल सन्देश बीचैमा हयाकिङ गरेर अरूले चोरेर पढ्न सक्ने भएकाले त्यसबाट सुरक्षित रहन सेक्रेट एसएमएस सर्भिस उक्त सफ्टवेयरभित्र राखिएको हुन्छ।

यो सेवा भएपछि प्रयोगकर्ताले बैंकसँग गरेको कारोबार एसएमएस झुक्किएर अरू कसैलाई गए पनि अर्को व्यक्तिले पढ्न नसक्ने अवस्थामा हुन्छ। यो प्रविधि जाभा एप्लिकेसन (जेटुएमई) भएका मोबाइलमा प्रयोग गर्न सकिनेछ। मोबाइल प्रयोगकर्ताले सर्भिस लिएपछि मोबाइलमा छुट्टै म्यासेज सेन्टर खडा हुन्छ। यो सेवा लिएका प्रयोगकर्ताहरूको मोबाइल सेट अरू कसैले हेर्न चाहेर पनि हेर्न सक्दैनन्। सेवा लिएका उपभोक्ताहरूले पठाएको इनक्रिप्ट एसएमएसलाई बैंकले डिस्क्रिप्ट गरेर पढ्छ र त्यसको जवाफ पनि त्यसरी नै पठाउँछ।

## राष्ट्रिय वाणिज्य बैंक ई-बैंकिङमा



सरकारी बैंकहरूले विकसित प्रविधिलाई अपनाएका छैनन् भन्नेहरूलाई राष्ट्रिय वाणिज्य बैंकले दह्रो जवाफ दिएको छ। गतवर्षदेखि ई-बैंकिङलाई अपनाएको यो बैंकले आफ्ना १ सय २० वटा शाखामध्ये १ सय २ शाखामा पूर्ण कम्प्युटराइज्ड सिस्टम लागू गरेको छ। बैंकका कार्यकारी प्रमुख जनार्दन आचार्यले साप्ताहिकलाई बताए अनुसार बैंकले १२ वटा एटिएम मेसिन पनि सञ्चालनमा ल्याएको छ। 'एनि ब्रान्च बैंकिङ सर्भिस' अन्तर्गत हाल राष्ट्रिय वाणिज्य बैंकका ४२ वटा शाखामा जुनसुकै स्थानबाट रकम जम्मा गर्न वा निकाल्न पाइने सुविधा प्रदान गरिएको छ। बैंकले एसएमएस बैंकिङ सेवा पनि सञ्चालन गरेको छ। राष्ट्रिय वाणिज्य बैंकमा खाता खोलेका उपभोक्ताले एसएमएस मार्फत् आफ्नो खातामा रहेको ब्यालेन्सको बारेमा जानकारी पाउने कार्यकारी प्रमुख आचार्यले बताए। बैंकले आफ्नो महत्त्वाकांक्षी योजना अन्तर्गत निकट भविष्यमै मोबाइल मार्फत् नै कारोबार गर्ने सेवा उपलब्ध गराउने भएको छ।

# साप्ताहिक इनफो



निखिल उप्रेतीलाई चलचित्रको थाक लागेको छ। उनकै शब्दमा 'लगभग एक दर्जन चलचित्र प्रदर्शनका लागि तयार छन्।' सर्वश्रेष्ठ अभिनेताको एवार्ड जितेपछि चलचित्रको प्रस्ताव बढ्न थालेको छ। भन्ने नै हो भने उनी थोकको भाउमा चलचित्र 'साइन' गरिरहेका छन्। एक दिन उनको मोबाइल यत्तिकै लाग्यो। फुर्सदमा रहेछन् त्यो दिन। आफूले बनाएको चलचित्र 'निसाना'का बारेमा बताएपछि उनलाई अरू चलचित्रका बारेमा पनि सोधियो। उनी एकपछि अर्को सम्झँदै भन्न थाले, चलचित्रको शीर्षक भनेपछि उनलाई सम्बन्धित चलचित्रका प्राविधिक तथा कलाकारहरूको नाम पनि सोधियो। उनको जवाफ यस्तो थियो- 'निर्माता

## ख्वै, याद भएन

फलानो, निर्देशक फलानो..., नृत्य निर्देशक....अँ...शान्ता दिदी हो कि, द्वन्द्व निर्देशक फलानो, कलाकारहरू फलानो, फलानो अनि फलानो, ए ऊ को रे ? ख्वै नाम याद भएन। छायाँकार फलानो, अनि सुटिङमा राजेश दाइको तरबार फुस्केर दाँत भाँचिएको को रे ? अँ...कन्फ्युज भएँ यार □ संगीतकार फलानो होला, कन्फर्म छैन यार...।' निर्माता, निर्देशक, केही मुख्य नाम चलेका कलाकारहरू तथा उनको विधा द्वन्द्वका निर्देशकहरूको नाम उनलाई कण्ठस्थ थियो। बाँकी नाममा उनी 'कन्फ्युज' भैरहेका थिए। धेरै भएकाले उनले नाम बिर्सिएका पनि हुन सक्छन्, तर यसरी आ□ना साथीकलाकारलाई बिर्सनु त भएन नि ?

## लभगुरुलाई पितृशोक



चर्चित अभिनेत्री तथा साप्ताहिककी लभगुरु रेखा थापाका बुबा प्रेमकुमार थापाको असामयिक निधन भएका कारण यस पटक उनको स्तम्भ प्रकाशित हुन सकेन। थापा ६० वर्षको हुनुहुन्थ्यो। मुटु, युरिक एसिड तथा चिनीरोगबाट पीडित थापालाई उपचारार्थ बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा राखिएको थियो। स्वर्गीय थापाका श्रीमती, दुई छोरा तथा तीन छोरी छन्। थापाको निधनप्रति साप्ताहिक परिवार हार्दिक समवेदना प्रकट गर्दछ।

## जय संगत पुजना

पुजना प्रधान अहिलेकी कामुक नायिका। कुनै पनि निर्माताले आफ्नो चलचित्रको गीतलाई ग्ल्यामरस बनायो भने त्यसमा नाच्ने पात्र खोज्ने झन्झट गर्दैन। 'यसमा त पुजनालाई नचाउनुपर्छ' निर्माण युनिटको आवाज एउटै हुन्छ। भुवन केसीदेखि राजेन्द्र उप्रेतीसम्मलाई मन परेकी पुजना पर्दामा जति ग्ल्यामरस देखिन्छिन्। उनको आचारण निकै भिन्न लाग्छ। पर्दामा निकै छोटा पहिरन लगाएर कामुक नृत्य गर्ने पुजना धार्मिक आचरणकी छिन् भन्दा पत्यार नलाग्न सक्छ, तर वास्तविकता त्यही हो।

पुजनालाई कसैले हाई गर्‍यो भने प्रतिउत्तरमा भन्छिन्– 'जय संगत'। पुरानो बानेश्वरमा सञ्चालित जय संगत आश्रमको संगतमा परेपछि उनले आफूलाई परिवर्तन गरेकी छिन्। पर्दामा ग्ल्यामरस देखिएर के भो त पुजनाको सामाजिक भावना निकै राम्रो छ। उनी जोसुकैलाई भन्छिन्– 'अरूलाई हानि हुने काम नगर्नुहोला।'

नियमित आश्रम धाउन थालेपछि पुजनाको खानपिनमा समेत परिवर्तन आएको छ, मदिराको त कुरै नगरौं, उनी माछा-मासुसमेत खान्नन्। पुजनाले यस किसिमको आचरणबाट बौद्धिक क्षमताको विकास हुने अनुमान गरेकी छिन्।



## जन्म दिनको शुभकामना




माघ १ गते: निशा सुनार, नारायण पुरी, मुना कार्की
माघ ३ गते : शम्भु राई
माघ ६ गते: आनन्द कार्की

## हरेक साता चलचित्र

नेपाली चलचित्रका निर्देशकहरूको संस्था 'निर्देशक समाज' ले हरेक साता विश्वका प्रसिद्ध चलचित्र देखाउने व्यवस्था मिलाएको छ। साताको प्रत्येक शुक्रबार समाजले दर्शकहरूलाई यस्ता चलचित्र देखाउने व्यवस्था गरेको छ। आफूहरूको यो अभियानको प्रभाव सकारात्मक पर्ने दाबी गर्दै समाजका अध्यक्ष केपी पाठक भन्छन्- 'राम्रा चलचित्र हेरेपछि केही नयाँ कुरा सिक्न पाइन्छ।'

चलचित्र हेर्ने अवसरको उपयोग निर्देशक बाहेक अरूले पनि गर्न सक्ने पाठकले बताए। यो अभियानमा सहभागी हुनेहरूको संख्या बढ्दै गएको छ। केही समय सित्तैमा चलचित्र देखाए पनि पछि गएर यसलाई व्यवस्थित रूप दिने योजना समाजको छ। संघका उपाध्यक्ष सुनिल पाण्डे भन्छन्- 'अब हामी वार्षिक सदस्यताको व्यवस्था गर्छौं र त्यसपछि हाम्रा सदस्यले मात्र राम्रा चलचित्र हेर्न पाउनेछन्।'



## यी हुन् राजेश हमालका फ्यान

नायिका जेनिसा केसीको कुरा गर्नेबित्तिकै धेरैले सम्झन्छन् बिराज भट्टलाई। किनकि बिराजकै कारण जेनिसाले अभिनय गर्न पाएको भन्नेहरू धेरै छन्, तर जेनिशा यो भनाइ ठाडै अस्वीकार गर्छिन्। बिराजलाई साथीका रूपमा लिने जेनिसाले आफू राजेश हमालको फ्यान भएको बताएकी छिन्। 'म त राजेश हमालकी फ्यान हुँ, उहाँको व्यक्तित्वबाट प्रभावित छु,' जेनिसाले भनिन्। पहिलो पटक अभिनय गरेको चलचित्र 'गिरफ्तार'मा नायक हमालका साथ देखा पर्न पाउनुलाई उनी ठूलै उपलब्धि मान्छिन्। चलचित्रमा लाग्नुअघिदेखि नै नायक हमालको प्रशंसक भएको बताउने जेनिसा हमाल अभिनीत प्रायः सबै चलचित्र हेरेको बताउँछिन्। जेनिसा भन्छिन्– 'अहिले पनि राजेश हमालले अभिनय गरेको चलचित्र चलेको थाहा पाएँ भने हलमै गएर हेर्छु।' राजेश हमाल यति धेरै मन पर्नुको कारण उनको प्रशंसा गरेर चलचित्र खेल्ने दाउ त होइन ? जेनिसाको जवाफ छ– 'कहाँ हुनु, अभिनय भन्ने कुरा कसैको करले हुँदैन, आफैं प्रयास गर्नुपर्छ।' जेनिसाका अनुसार उनलाई राजेश हमाल मन पर्नुको कारणचाहिँ उनको व्यक्तित्व गज्जबको हुनु नै हो।



# अब कस्तो चलचित्र हेर्ने ?

- सहरीया दर्शक नेपाली चलचित्र हेर्न हलसम्म जाँदैनन् । चलचित्र 'कागबेनी' र 'सानो संसार' हेर्न भने सहरीया दर्शक हलसम्म पुगेको देखियो ।
- नेपाली चलचित्र प्राविधिक रूपमा स्तरीय हुँदैनन् । यहाँ निकै कम लगानीमा चलचित्र बन्छन् । प्रदर्शनका लागि पनि सीमित मात्र छन् ।

तर यहाँ पनि चलचित्र बन्छन् । यहाँ यही पेसामा लागेर जीवनयापन गरिरहेका हजारौं मानिस छन् । चलचित्रकर्मीहरू पनि निम्नवर्गका जनतालाई आफ्नो दर्शक मान्छन् र उनीहरूका लागि भनेर चलचित्र बनाउँछन् ।

नेपाली चलचित्र पनि स्तरीय बन्न सक्छ । सहरिया हुन् वा गाउँले सबै दर्शकका लागि चलचित्र बनाउन सकिन्छ र नेपाली चलचित्रको बजार विश्वव्यापी तुल्याउन सकिन्छ भन्ने अठोट लिएर केही प्रतिभावान् युवाहरू स्तरीय तथा फरक विषयमा चलचित्र बनाइरहेका छन् । यी चलचित्र अब एकपछि अर्को गर्दै प्रदर्शन हुने भएका छन् । यी चलचित्रका तस्बिर, विज्ञापन सामग्री आदि हेर्दा यिनले 'नेपाली चलचित्र पनि राम्रा बन्छन्' भन्ने संकेत दिएका छन् ।

## कुसुमे रुमाल

२३ वर्षअघि रजत जयन्ती मनाएको चलचित्र 'कुसुमे रुमाल' को सिक्वेल २३ वर्षिय निर्देशक निरक पौडेलले निर्देशन गरिरहेका छन् । त्यतिबेला तुलसी घिमिरेको निर्देशनमा उद्धव पौड्यालले निर्माण गरेको यो चलचित्रको सिक्वेलका निर्माता पनि पौड्याल नै हुन् । भुवन केसीको चरित्रको अवसानपछि टुंगिएको त्यतिबेलाको कुसुमे रुमालको २३ वर्षपछिको कथा नयाँ कुसुमे रुमालमा हेर्न पाइनेछ । जसमा आधुनिक पुस्ताका प्रेमी-प्रेमिकाहरू देखा पर्नेछन् । ग्याप, ल्यापटप, च्याट, एसएमएस जस्ता कुरासँग लहसिएको युवापुस्ताबाट नयाँ कुसुमे रुमालले साँचो प्रेमको व्याख्या गर्दैछ । संगीतमय प्रेमकथात्मक नयाँ कुसुमे रुमालको सबैभन्दा रोचक पक्ष यसमा संलग्न दोस्रो पुस्ता नै हो । उतिबेलामा निर्माता उद्धव पौड्यालका कान्छा छोरा निरक पौडेलको निर्देशन, संगीतकार शम्भुजित बास्कोटाका छोरा सौर्यजित बास्कोटाको संगीत तथा गायक उदितनारायण झाका छोरा आदित्यनारायण झाको पार्श्वगायनले चलचित्र वास्तवमै नयाँ पुस्ताले नयाँ पुस्ताका लागि बनाएको प्रमाणित हुन्छ । यो चलचित्रमा निरज बराल, उषा रजक, श्वेता भट्टराई, तृप्ति, नीर शाह, रेजिना उप्रेती आदिले अभिनय गरेका छन् ।

## मिसन पैसा

सिमोस सुनुवार टेलिभिजन विज्ञापन तथा म्युजिक भिडियो निर्माण जगतमा कहलिएका निर्देशक, सम्पादक एवं एनिमेटर हुन् । सुनुवारको निर्देशनमा बनेको चलचित्र 'मिसन पैसा' को मेरुदण्ड भन्नु नै स्पेसल इफेक्ट्स हो । यो चलचित्रको एउटा 'प्रमोसनल म्युजिक भिडियो' अचेल विभिन्न टेलिभिजन च्यानलमा बजिरहेको छ । यसको स्पेसल इफेक्ट्स हेर्दा चलचित्रले नेपाली चलचित्र निर्माणमा क्रान्ति नै ल्याउँछ कि जस्तो लाग्छ । एक्सन चलचित्रका रूपमा सार्वजनिक गर्ने तयारी भैरहेको यो चलचित्रमा नायक निखिल उप्रेतीलगायत मोडलिङबाट चर्चामा आएका निशा अधिकारी, आमिर गौतम आदि कलाकार छन् ।

## पलपलमा

संसारमा सबैभन्दा बढी बिक्री हुने वस्तु यौन हो । यो भनाइलाई पहिलो पटक चलचित्र निर्माण एवं निर्देशन गरिरहेका उकेश दाहालले राम्रैसँग बुझेका रहेछन् । यौन बिक्रीको एउटा फरक पाटो अर्थात् पुरुष देहव्यापारलाई उनले चलचित्र 'पलपलमा' को विषय बनाए । बेरोजगारीबाट दिक्क भएका युवाहरू आफ्ना आवश्यकता पूरा गर्न सम्भ्रान्त परिवारका महिलाहरूसँग यौनको व्यापार गर्छन् । विषयका दृष्टिले यो चलचित्र फरक भएको निर्देशक दाहालको दाबी छ । यो चलचित्रमा दिलीप रायमाझी, रमित ढुंगाना, विक्रान्त बस्नेत, उषा पौडेल, सुजाता सिटौला, शशी खड्का, रूपा राना आदि कलाकारले अभिनय गरेका छन् ।

## मेरो एउटा साथी छ

टेली सोप 'हाउसफुल' को निर्देशन गरेका सुदर्शन थापाले प्रेमकथालाई आधार बनाएर चलचित्र निर्देशन गरेका छन् । यो चलचित्रमा आर्यन सिग्देल र 'सानो संसार' बाट चिनिएकी नम्रता श्रेष्ठको जोडीलाई अभिनय गराइएको छ । गत वर्ष नै छायाँकन आरम्भ भए पनि हालै मात्र यो चलचित्रको निर्माण सम्पन्न भएको छ । चलचित्रको निर्माणमा धेरै समय लाग्नुका पछाडि हरेक सटमा निर्देशकले मेहनत गरिरहेको निर्माता करणवीर मालाकार बताउँछन् । प्रभुशमशेर राणाले निर्माण गरेको यो चलचित्रलाई शतप्रतिशत प्रेम कथात्मक चलचित्र भनिएको छ जसमा वर्तमान पुस्ताको प्रेम प्रसँग कोट्याइएको छ ।

## हिफाजत

निर्देशक ज्ञानेन्द्र देउजाले नायिका रेखा थापाले निर्माण गरेको पछिल्लो चलचित्र 'हिफाजत' को निर्देशन गरेका छन् । थापाले निर्माण गरेका पछिल्ला चलचित्र किस्मत र हिम्मतभन्दा यो चलचित्र यसकारण पनि फरक हुनसक्छ कि यसमा चलनचल्तीका नायकहरू छैनन् । 'हिफाजत' मा चलचित्र हिम्मतबाट ठूलो पर्दामा पदार्पण गरेका आर्यन सिग्देल तथा नयाँ नायक आयुष रिजालका साथ रेखा थापाले अभिनय गरेकी छिन् । डिजिटल प्रविधिमा निर्माण भएको यो चलचित्रको प्रस्तुतीकरणमा नयाँपन दिन खोजिएको छ ।

## निसाना

यो चलचित्रका निर्देशक सुरेशदर्पण पोखरेल पेसाले सञ्चारकर्मी हुन् । चलचित्रसम्बन्धी टेलिभिजन कार्यक्रमहरूको सञ्चालन तथा निर्देशन गर्ने क्रममा उनको प्रतिभा बुझेर नायक निखिल उप्रेतीले पोखरेलको निर्देशनमा चलचित्र 'निसाना' निर्माण गरेका हुन् । आफूले हेरेका नेपाली चलचित्रभन्दा फरक बनाउन खोजेको कुरा बताउने पोखरेलले यो चलचित्रलाई 'कमेडी-एक्सन' भनेका छन् । निखिलका अतिरिक्त यो चलचित्रमा राजेश हमाल, दिलीप रायमाझी जस्ता चिनिएका नायक पनि छन् । चलचित्रको प्रचारका लागि निर्माण गरिएको म्युजिक भिडियो हेर्दा चलचित्रमा केही नयाँपन पाइने अनुमान गर्न सकिन्छ ।





● मेरो अनुभवमा ●

# प्रेमविवाह

## झरना थापा

यो विषय सुन्नेबित्तिकै मैले एघार वर्षपहिलेका कुरा सम्झिएँ, जतिबेला मैले पनि प्रेमविवाह गरेकी थिएँ। मेरा श्रीमान् (निर्माता सुनिलकुमार थापा) सँगको पहिलो भेट, उहाँसँगको प्रेम र विवाहका सम्पूर्ण घटना मैले सम्झिएँ। पद्मकन्या क्याम्पस पढ्दा म क्याम्पसकी नृत्य शिक्षिका बेटी बज्राचार्यको इन्स्टिच्युटमा पनि अभ्यास गर्न जान्थे। त्यही नाच्ने रहरले मेरो र उहाँको भेट भयो। हाम्रो प्रेमले विवाहको रूप लियो। म राजभण्डारी, उहाँ थापा। हाम्रो अन्तर्जातीय विवाह भएको हो। मैले परिवारसँग विद्रोह गरेर उहाँलाई स्वीकार गरेँ। विवाहपछि उहाँले नै निर्माण गरेको चलचित्र 'धर्मसंकट'बाट म नायिका भएकी हुँ।

प्रेमविवाहका लागि सबैभन्दा पहिले साँचो प्रेम हुनुपर्छ। जानेर-बुझेर प्रेम गर्नुपर्छ। प्रेम भयो भन्दैमा विवाह गर्नुपर्छ भन्ने छैन। एक-अर्कालाई नबुझी प्रेमविवाह गरिएका र पछि छुट्टिनुपरेका कैयौं घटना हामीले देखेका छौं। प्रेममा सबैभन्दा आवश्यक कुरा आत्मविश्वास हो। जहाँ विश्वास, शान्ति र खुसी हुन्छ, त्यहीँ प्रेम मौलाउँछ।

कतिपय मानिस प्रेमविवाह गरेपछि एकअर्कामा बुझ्न केही बाँकी रहँदैन र जीवनसाथीमा केही नौलो कुरा भेटिँदैन भन्ने भ्रममा रहन्छन्। प्रेम हरेक बिहान नयाँ हुँदै र बढ्दै जानुपर्छ। एक-अर्कालाई सहयोग गर्ने, विश्वास गर्ने र परस्पर साथ दिने अनि आफूलाई भन्दा धेरै माया गरियो भने माया कहिल्यै कम हुँदैन, अझ प्रगाढ हुँदै जान्छ। प्रेमको 'क्लाइमेक्स' विवाह हो, तर यो प्रेमको अन्त्य होइन।

लोग्ने-स्वास्नी भएपछि त झन् स्वच्छन्द भै प्रेम गर्न पाइन्छ। प्रेममा छुट्ने डर धेरैमा रहन्छ भने विवाहपछि त्यो डर रहँदैन। मैले अधिकांश अन्तर्जातीय विवाह प्रेम विवाह नै भएको देखेकी छु। म त सबैलाई भन्छु, निर्धक्क प्रेम गर्नुहोस् र विवाहका लागि एक-अर्काप्रतिको विश्वास दह्रो बनाउँदै आत्मविश्वास बढाउनुहोस्। बाधा-अड्चन जुनसुकै काममा आउँछन्, त्यसो हुँदैमा डराएर भाग्ने काम पटक्कै नगर्नुहोला, नत्र कालान्तरमा पछुताउनुपर्नेछ।

● फिल्मी खबर ●

▸▸ मदन घिमिरेको निर्देशनमा करिब तीन वर्षअघि प्रदर्शनमा आएको चलचित्र 'मनमा माया'लाई अब भिसिडीमा हेर्न पाइनेछ। उक्त चलचित्रको भिसिडीलाई हालै बूढासुब्बा म्युजिकले बजारमा ल्याएको हो। चलचित्र 'मनमा माया'मा राजेश हमाल, करिश्मा मानन्धर, रमित ढुंगाना, रेखा थापा आदि कलाकारले अभिनय गरेका छन्।

▸▸ चलचित्र 'नेपाली वीर' को स्वराङ्कन सम्पन्न भएको छ। निर्माता कलाधर आचार्यले निर्माण गरिरहेको यो चलचित्रमा रमित ढुंगाना, उषा पौडेल, राजेन्द्र केसी, शंकर आचार्य, स्वीकृति खरेल आदि कलाकारले अभिनय गरेका छन्।

▸▸ यतिबेला कलिउडकै चर्चित तीन नायक-नायिका बलिउड नगरी मुम्बईमा छन्। डिजाइनिङसम्बन्धी कोर्स गर्न केही साताअघि नायिका निरुता सिंह मुम्बई आएकी छिन् भने यसै साता मात्र नायक विराज भट्ट र श्रीकृष्ण श्रेष्ठसमेत छुट्टा-छुट्टै मुम्बई आएका छन्। भोजपुरी चलचित्र दिवानाको सुटिङका लागि विराज भट्ट मुम्बई आएका हुन् भने आफ्नै चलचित्र 'कहाँ भेटिएला' लाई डिजिटल सिस्टमबाट रिलिज गर्न मिल्ने बनाउन प्राविधिक कामले श्रीकृष्ण श्रेष्ठ मुम्बई आएका हुन्। विराज अझै एक साता मुम्बई बस्ने भएका छन् भने श्रीकृष्ण श्रेष्ठले ४-५ दिन पछि काठमाडौं फिर्ता हुने जनाएका छन्।

▸▸ नायिका तथा निर्मात्री जेनी कुँवरले निर्माण गरिरहेको चलचित्र 'हलचल'को छायांकन सम्पन्न भएको छ। उक्त चलचित्रलाई सुनिल पाण्डेले निर्देशन गरेका छन्। चलचित्रमा निखिल उप्रेती, मेलिना मानन्धर, जेनी कुँवर तथा मुकेश ढकालले अभिनय गरेका छन्।



## केवल एक प्रश्न

# तपाईंलाई आफ्नो शरीरको कुन अंगको साह्रै माया लाग्छ ?

अनुहारको नि । किनभने म नायिका हुँ । नायिकाका लागि सबैभन्दा महत्त्वपूर्ण अंग नै अनुहार हो । आकर्षक देखिनुपर्छ भनेर म अनुहारको विशेष स्याहार गर्छु । अनुहारमा दाग आयो भने के होला आफैं सोच्नु त ?

**मेलिना मानन्धर, नायिका**

घाँटीको सान्है माया लाग्छ, । मेरो जिन्दगी नै संगीतमा खासगरी गायनसँग जोडिएकाले घाँटीको बढी माया गर्नुपर्ने हुन्छ । रियाज गर्दा वा गीत गाउँदा घाँटी बढी प्रेसरमा हुन्छ, त्यसैले घाँटीलाई रेस्ट दिनुपर्ने हुन्छ । डाक्टरले पनि घाँटीका लागि रेस्ट गर्नु भन्या छन्, तर घाँटीका लागि रेस्ट गर्दा अहिले भुँडी लाग्न थालेको छ ।

**रामचन्द्र काफ्ले, गायक**

माया लाग्ने अंग त अर्कै छ, भन्न मिल्दैन...हाहाहा....(फेरि हाँस्दै)...... भन्न मिल्नेचाहिँ भनूँ है.. कपालको सान्है माया लाग्छ, कपाल झर्‍यो भने हिरो हुन पाइँदैन, त्यसैले धेरै स्याहार गर्छु ... ।

**दिलीप रायमाझी, नायक**

आँखा नै होला, संसार हेर्नुपर्ने भएकाले आँखा सबैभन्दा माया लाग्ने अंग हो । त्यसबाहेक मेरो अरू अंग माया गर्न लायककै छैन । भन्या टेर्दैन, बोसो मात्र लाग्ने अंगलाई कसले माया गर्छ.... ?

**आसिफ शाह, म्युजिक भिडियो निर्देशक**

सबै अंगको लाग्छ नि.....एउटा मात्र अंगलाई माया गर्ने कहाँ हुन्छ र ? सबैको बराबरी माया लाग्छ, किनभने सबैको अलग-अलग फङ्सन हुन्छ.....कुनै एक मात्र अंगको नाम भन्नु भनेको अरूलाई अन्याय गर्नु हो...... ।

**शीतल मोक्तान, गायिका**



## जम्का भेट

करिब १६ वर्षअघि चलचित्र 'युगदेखि युगसम्म' निर्माण गरेर चलचित्र क्षेत्रमा होमिएका छवि ओझाले यो अवधिमा झन्डै एक दर्जन चलचित्र निर्माण गरिसकेका छन् । 'नाता', 'जन्मभूमि', 'हिरो', 'कस्तो साइनो', 'यस्तै रहेछ जिन्दगी', 'अजम्बरी नाता', 'किस्मत' जस्ता चलचित्रका यी निर्माताले आफ्नो पहिलो डिजिटल चलचित्र 'हिफाजत' को निर्माण पूरा गरिसकेका छन् । आगामी दिनमा सबै नेपाली चलचित्र डिजिटल प्रविधिमै निर्माण हुनुपर्ने तर्क उनको छ । डिजिटल प्रविधिले चलचित्रको गुणस्तर वृद्धि एवं लगानी कम हुने ओझा बताउँछन् ।



**तपाईंले निर्माण गरेका चलचित्र व्यावसायिक रूपले सफल हुने कारण के होला ?**

दर्शकको रुचिलाई ध्यान दिएर चलचित्र निर्माण गर्ने भएकाले मैले निर्माण गरेका चलचित्र दर्शकले मन पराएका हुन् ।

**दर्शकहरूको रुचि कस्ता चलचित्रमा रहेछ त ?**

समयअनुसार दर्शकको रुचि परिवर्तन भैरहको छ । केही वर्षअघिसम्म सासू-बुहारीका कथा मन पराइन्थ्यो भने अहिलेका दर्शक फास्ट ट्रयाकमा निर्माण भएका मनोरञ्जक चलचित्र मन पराउँछन् ।

**नारीप्रधान चलचित्र मात्र निर्माण गरिरहनुभएको छ नि ?**

सासूद्वारा हेपिएका बुहारीको कथामा चलचित्र निर्माण गर्नुभन्दा नारीलाई शक्तिशाली देखाइएको चलचित्रले दर्शकको मन जित्ने भएकाले मैले निर्माण गरेका सबै चलचित्र नारीप्रधान छन् ।

**'हिफाजत' मार्फत डिजिटल प्रविधिमा प्रवेश गर्नुभएको हो ?**

'हिफाजत' पछि मैले हरेक चलचित्र डिजिटल प्रविधिमै निर्माण गर्ने निर्णय गरेको छु । यो प्रविधिमा खिचिएका चलचित्रहरू गुणस्तरीय मात्र होइन विदेशी चलचित्रसँग प्रतिस्पर्धा गर्न पनि सक्षम हुने थाहा पाएरै म यो प्रविधितर्फ आकर्षित भएको हुँ ।

# यी हट हिरोइन्



चलचित्र 'हंगामा'को एउटा गीतमा व्यापक अंग प्रदर्शन गरेकी रेजिना उप्रेती उक्त चलचित्र प्रदर्शन भैसक्दा-नसक्दै चर्चाको शिखरमा पुगेकी थिइन् 'रेजिनाले त नाङ्गै अभिनय गरिन् रे' चलचित्र नहेर्नेहरूले समेत यस्तै भनेका थिए । 'हंगामा' प्रदर्शन भएपछि थाहा भयो रेजिनाले बढी नै गरेकी थिइन् । उक्त दृश्यको प्रसंग आउनेबित्तिकै रेजिना भन्थिन्– 'अँ, मलाई पनि अलि बढी नै भएजस्तो लाग्यो, अब त्यस्तो गर्दिनँ ।' रेजिना स्वयंले भनेको कुरा चलचित्रमा भने पूरै लागू हुन सकेको छैन । त्यसपछि उनले अभिनय गरिन् जय शिव शंकर, विष आदि चलचित्रमा । ती चलचित्रमा पनि दर्शकले उनको उत्तेजक भंगिमा देखे ।

बोलेको कुरा त पूरा भएन नि ? रेजिना भन्छिन्– 'गुन्यू चोली लगाएर हिरोइन मात्र बनिँदैन ।' यही प्रसंगमा स्कर्टमा अभिनय गर्नुलाई सहज



रूपमा लिनुपर्ने उनले बताइन् । हट हिरोइन हुनुको मज्जा कति होला ? यसमा रेजिना समर्थन जनाउँछिन्, उनी भन्छिन्– 'हो, हिरोइन बनेपछि हट पनि हुनुपर्छ ।'

'हट' हिरोइनको सूचीमा आधा दर्जन नायिकाले आफ्नो नाम स्थापित गराएका छन् । रेखा थापा, पुजना प्रधान, उषा पौडेल र ऋचा घिमिरे पछिल्लो समयका ताता हिरोइन हुन्, जो आफ्नो अभिनयका साथै मनमोहक देह प्रदर्शन गरेर दर्शक आकर्षित गर्ने धुनमा लागेका छन् ।

तपाईं निकै 'हट' देखिन थाल्नुभयो नि ? रेखा थापा उल्टै प्रश्न गर्छिन्– 'यो पनि कुनै विषय हो र ?' केही दृश्यमा अर्धनग्न रूपमा प्रस्तुत हुनुलाई सामान्य रूपमा लिनुपर्ने रेखाको धारणा छ । विषयको मर्मअनुरूप अभिनय गर्नुपर्छ भन्ने रेखा केही चलचित्रमा गरिएको अंग प्रदर्शनलाई सामान्य रूपमा लिन आग्रह गर्छिन्– 'अहिलेको समयमा नायिकाले स्कर्ट लगाएर अभिनय गरी भनेर टिप्पणी गर्नु जायज हुँदैन ?' रेखा के पनि भन्छिन् भने मेरो यो स्कर्ट प्रेम अझै केही वर्ष कायम रहन्छ । 'माया बसेछ'बाट स्कर्टप्रेमी हुन थालेकी रेखाले एक दर्जनभन्दा बढी चलचित्रमा छोटा पहिरन लगाएर अभिनय गरेकी छिन् । हट हिरोइन बनेपछि प्रशंसासमेत पाएको उनी बताउँछिन् । उषा पौडेल एकताका लजालु हिरोइनका रूपमा चिनिन्थिन् । 'मुनामदन'मा मुनाको भूमिका निर्वाह गरेपछि त उनको चर्चा सीधासाधा नायिकाका रूपमा हुन थाल्यो । सहकर्मीहरू छोटा पहिरन लगाएर हिट भएकाले होला, उनले पनि गुन्यू चोली धारण गरेर नाच्ने काम छोडिदिइन् । दयाराम दाहालको निर्देशनमा बनेको पालेदाइबाट उषाले पनि रोजिन हट हिरोइनकै बाटो । कति छोटो पहिरन लगाउने भन्ने प्रतिस्पर्धामा उषा अग्रपंक्तिमै छिन् ।

अर्की नायिका पुजना प्रधानको त सार्वजनिक कार्यक्रममा समेत पहिरनकै चर्चा हुन्थ्यो । चलचित्रमा त छोटा पहिरन लगाइन् नै, सार्वजनिक कार्यक्रममा समेत त्यस्तै पोसाकमा प्रस्तुत हुन्थिन् उनी । केही चलचित्रमा आइटम डान्स गरेर चर्चामा आएकी पुजनालाई लाग्छ, 'छोटा पहिरन लगाएर अभिनय गर्नु गल्ती होइन ।' आफ्नो यो शैलीलाई समयको माग भन्ने पुजना आउँदा दिनमा पनि यो क्रमलाई निरन्तरता दिने धारणा व्यक्त गर्छिन्– 'मलाई कसैले हट भन्छ भने कुनै आपत्ति छैन, म हट भएरै चिनिन चाहन्छु ।'



# वृत्तचित्रमा बान्तवा

धनकुटा– किराँत राईहरूको धर्म, संस्कृति, वेशभूषा, रीतिरिवाज एवं ऐतिहासिक स्थानहरूलाई क्यामेरामा कैद गर्दै वृत्तचित्र 'बान्तवा' तयार भएको छ। नेपालमा रहेका २२ भाषी (सरकारी तथ्याङ्कमा सूचीकृत) किराँत-राईहरूमा पनि बान्तवा राईहरूको जन्म संस्कारदेखि मृत्यु संस्कारसम्म समेटिएको छ। किराँत-राईहरूको ऐतिहासिक हतुवा क्षेत्रलाई मूल केन्द्र बनाई तयार गरिएको यो वृत्तचित्रमा भोजपुरलगायत धनकुटा, सुनसरी, मोरङ, इलाम, झापा आदि ठाउँमा छायाङ्कन गरिएको छ।

भोजपुरे बान्तवा राई साकेन्वा लाक्छाप (नाचेर गाउने) संरक्षण समिति तरहरा, सुनसरीले निर्माण गरेको वृत्तचित्रको लेखन तथा निर्देशन सालिक सतासकले गरेका छन् भने छायाङ्कन राजीव दाहाल र देवराज राईले गरेका छन्। बान्तवा भाषामा तयार पारिएको यो वृत्तचित्रलाई सुष्मा र दीपक राईले नेपालीमा प्रस्तुत गरेका छन्। २०५८ को जनगणनाअनुसार नेपालको कुल जनसंख्यामध्ये २ दशमलव ७९ प्रतिशत भाग ओगट्ने किराँत-राईहरू विशेषतः नेपालको पूर्वी पहाडी जिल्लाहरूमा पाइन्छन्। किराँत-राईहरूको संस्कृति, परिचय र धर्म जगेर्ना गर्न उक्त ऐतिहासिक वृतचित्र निर्माण गरिएको वृतचित्रका निर्देशक शालिक सतासकले बताए।

दुई वर्षअघि पूर्वका विभिन्न ठाउँमा छायाङ्कन गरिँदै आएको उक्त वृत्तचित्रमा किराँत-राईहरूको सिलिचोङ्, टावामा खियामा डाँडा, सुत्केरी ढुङ्गा, चिलिमढुङ्गा हरेलु डाँडा, वराह पोखरी, हेतुवागढी, चौदण्डीगढी, विजयपुरगढीलाई पनि प्रस्तुत गरिएको छ। १ घण्टा १५ मिनेट लामो उक्त वृत्तचित्रबाट किराँत-राईहरूको धार्मिक, सांस्कृतिक ऐतिहासिक कुरा थाहा पाइने र अहिलेभन्दा पनि यसको महत्त्व नयाँ पुस्तालाई बढी हुने निर्देशक सतासक बताउँछन्। वृत्तचित्रमा किराँत राईहरूले नाच्ने साकेला नाच, पापानी नाच, बढाङ्गी नाच, तोस नाच, बिजुवा नाच आदिको परिचय पनि पाइन्छ। यसअघि ठूलो पर्दामा बान्तवा भाषाको चलचित्र सिन्सा निर्माण भैसकेको छ।

– भिषा काफ्ले


साप्ताहिक क्विज ५

कुसुमे रुमाल

- साप्ताहिक-कुसुमे रुमाल क्विजको उत्तर आगामी शुक्रबारसम्म आइपुग्ने गरी साप्ताहिकको ठेगानामा पठाउनुहोला।
- कुपनमा पठाइएको उत्तर मात्र स्वीकार्य हुनेछ।
- विजेताहरूमध्ये गोलाप्रथाबाट पाँच जनालाई गोपीकृष्ण मुभिजका तर्फबाट निरक पौडेलद्वारा निर्देशित एवं सौर्यजित बास्कोटाद्वारा संगीतबद्ध चलचित्र 'नयाँ कुसुमे रुमाल'का सुमधुर गीतहरू संग्रहित एक-एकवटा अडियो सिडी वा क्यासेट प्रदान गरिनेछ। साथै पाँच जनालाई काठमाडौंको चाबहिलस्थित गोपीकृष्ण मुभिजमा प्रदर्शन भैरहेको चलचित्रको २-२ वटा टिकट प्रदान गरिनेछ।
- यो 'साप्ताहिक-कुसुमे रुमाल' क्विजका सर्त तथा नियमहरूमा सर्वाधिकार संयुक्त रूपमा कान्तिपुर पब्लिकेसन्स तथा गोपीकृष्ण मुभिजको रहनेछ।

क्विज-२ को उत्तर : रनजीत गजमेर

'कुसुमे रुमाल' का हास्यकलाकार को थिए ?

.............................................................

.............................................................

नाम : ..............................

ठेगाना : ..............................

..............................

फोन नम्बर : ..............................

**क्विज-२ का टिकट विजेताहरू:**

१. वीरेन्द्र कुँवर, बानेश्वर
२. सुलोचना खड्का, लोकन्थली
३. विन्द बालमपाकी, कुपण्डोल
४. अजयकुमार चौधरी, सप्तरी
५. बसुन्धरा कँडेल, अनामनगर


**क्विज-२ का सीडी विजेताहरू:**

१. सन्तोष श्रेष्ठ, कपिलबस्तु
२. सुरेन्द्र ठाकुर, रौतहट
३. सुजिता पौडेल, चैनपुर
४. रामहरी धमला, धनकुटा
५. वासुदेव कुलुङ, सोलुखुम्बु

विजेताहरूले परिचय पत्रसहित गोपीकृष्ण मुभिज, चाबहिल फोन नं. ४४७९८९३/४ मा एक महिनाभित्र सम्पर्क राख्नुहोला। उपत्यका बाहिरका विजेताले परिचित व्यक्तिमार्फत परिचय पत्र पठाई पुरस्कार पाउन सक्नुहुनेछ।


## नारायणी आइडलको प्रारम्भिक छनौट

वीरगन्ज- प्रतिभा भएर पनि अवसर नपाएका नारायणी अञ्चलका युवाहरूको खोजी गरी उनीहरूलाई मञ्च र अवसर दिने प्रयासस्वरूप लाइन्स क्लब अफ वीरगन्ज बेस्ट तथा वीरगन्ज सांस्कृतिक परिषद्ले नारायणी आइडलको खोजी सुरु गरेका छन्। यो अभियानअन्तर्गत अञ्चलकै १ सय उत्कृष्ट प्रतिभाशाली युवालाई छनौट गर्ने काम सम्पन्न भएको छ। आइतबार र सोमबार वीरगन्जमा वीरगन्ज र कलैयाका गरी ४० प्रतिस्पर्धी छनौट गरिएको छ। पुस १ गते हेटौंडाबाट सुरु भएको युवा छनौटको सिलसिलामा नारायणगढ, सिमरा एवं



चन्द्रनिगाहापुरबाट २०/२० गरी ६० युवा छनोट भैसकेका थिए।

छनौट गरिएका १ सय युवाबीच वीरगन्जमा अघिल्लो चरणका लागि माघको पहिलो सातामा प्रतिस्पर्धा गराइने भएको छ। तीमध्येबाट पनि अन्तिम २० युवाको छनौट गरी टेलिभिजन सो र एसएमएस भोटिङमार्फत नारायणी आइडलको छनौट गरिनेछ। तराईको स्थानीय भोजपुरी भाषाको छुट्टै सेग्मेन्ट हुने र अन्तिम १० प्रतिस्पर्धमध्ये भोजपुरी गीततर्फबाट छुट्टै एक भोजपुरी नारायणी आइडल छनौट गरिने आयोजकहरूले बताएका छन्।

–शंकर आचार्य

## प्रवासी नेपालीका बीचमा श्रीकृष्ण



मुम्बई– आफ्नै चलचित्र 'कहाँ भेटिएला' लाई डिजिटल सिस्टमबाट रिलिज गर्न मिल्ने बनाउन प्राविधिक कामले यसै साता मुम्बई आइपुगेका नायक श्रीकृष्ण श्रेष्ठ गत आइतबार एक कार्यक्रममा विशेष अतिथिका रूपमा सहभागी भए। श्रीकृष्ण आउने सूचना पाएकाले प्रवासी नेपालीहरूको उपस्थितिले कार्यक्रमको हल खचाखच भरिएको थियो। जब नायक श्रीकृष्ण श्रेष्ठ कार्यक्रम स्थलमा पुगे सयौं प्रवासी नेपाली युवायुवती र शुभचिन्तकहरूले उनलाई घेरिहाले। दर्जनौं युवा-युवती आ-आफ्नो मोबाइल र भिडियो क्यामेरामा श्रीकृष्णको तस्बिर कैद गरिरहेका थिए भने केही कलम र डायरी लिएर अटोग्राफ मागिरहेका थिए।

–वीरेन्द्र पौडेल

# जम्यो डाक्टरको डान्स

धरान– कहिले परीक्षा, कहिले प्राक्टिकल, धेरै अध्ययन गर्नुपर्ने। बिहान-बेलुका कुनै पनि समय फुर्सद हुँदैन, तर यस पटक भने चिकित्साशास्त्रमा अध्ययनरत विद्यार्थीहरू सबै कुरा बिर्सदै डान्समा जमे। पढ्दा, पढ्दा थकित चिकित्साशास्त्रमा अध्ययनरत देशभरिका विद्यार्थीले गत शुक्रबार आफ्नो मनको धोको पुग्ने गरी नाचे। बाहिरका मानिसलाई प्रवेश निषेध गरिएको उक्त डान्स पार्टीमा विद्यार्थीहरू असिनपसिन भएका थिए। ननस्टप रिमिक्स नम्बरहरू डिजे सुजितले चर्को स्वरमा निरन्तर घन्काउँदा उनीहरूको साथ रोकिएको थिएन। पार्टीमा अंग्रेजी र नेपाली रिमिक्स गीतको तुलनामा हिन्दी रिमिक्स गीत बढी घन्किएको थियो। देशभरका सबै मेडिकल कलेजमा विभिन्न विषयमा चिकित्साशास्त्रमा अध्ययनरत विद्यार्थीहरूलाई प्रतिष्ठानमा अध्ययनरत चौथो वर्षका विद्यार्थीले उक्त डान्स पार्टीको निम्तो दिएका थिए। स्टेजमाथिको डान्स फ्लोर साँघुरो भएकाले कोही-कोही भुइँमै नाचेका थिए। झ्वट्ट हेर्दा कमिलाको ठूलो झुण्डजस्तो देखिने उक्त डान्स पार्टीमा सबै आआफ्नो धुनमा झुमिरहेका थिए।

'अन्तर मेडिकल कलेज भेटघाट' शीर्षक दिइएको प्रत्येक वर्ष चिकित्साशास्त्रमा अध्ययनरत चौथो वर्षका विद्यार्थीले मनाउने 'साइन्याप्स-२००९' को डान्स पार्टीमा देशभरिका नौवटा कलेजको सहभागिता थियो। उक्त अवसरमा नेपालभरिका १३ वटा मेडिकल कलेजमध्ये काठमाडौं, वीरगन्ज, भैरहवा, विराटनगर तथा धरानका विद्यार्थीहरू उपस्थित थिए।

–भीषण राई





## ● साताको स्वर ●



## विश्व नेपाली

**'मेरो सिंगो संसार' कस्तो प्रकारको गीत हो ?**
यो पपमा आधारित गीत हो ।
**बालगीत गाउँदा-गाउँदै पप गायक भएकोमा कस्तो अनुभव भैरहेको छ ?**
सानैदेखि गीत गाए पनि अहिले उमेरअनुसार शैली परिवर्तन गरेको हुँ । बालगीतको तुलनामा पपगीत गाउँदा बढी नै मेहनत गर्नुपर्ने रहेछ ।
**यो गीत त अर्कै गायकले गाउने कुरा थियो नि ?**
यो गीत मेरा गुरु आनन्द राईले एक जना लोकप्रिय गायकका लागि तयार पार्नुभएको रहेछ । मैले कर गरेपछि उहाँले मलाई गाउन दिनुभयो ।
**यो गीत कस्ता श्रोताका लागि हो ?**
पप गीतका वास्तविक श्रोता अर्थात् युवापुस्ताकै लागि यो गीत गाएको हुँ ।
**म्युजिक भिडियो कस्तो बनेको छ ?**
गायिका शीतल मोक्तानले यसको भिडियो बनाउनुभएको हो । गीतको मर्मअनुसार नै भिडियो तयार भएको छ ।

## ● म्युजिक अपडेट ●

▶▶ लामो समयपछि यसै साता ओखलढुङ्गा जिल्लामा एउटा सांगीतिक कार्यक्रम सम्पन्न भएको छ । काठमाडौंबाट पूर्वी जिल्लाको सांगीतिक दौडाहामा निस्किएका भुवन सुप्तिहाङ राई, पार्वती राई, नवीन राई, जानुका राई आदि आधा दर्जन गायक-गायिकाहरूले स्थानीय जिविसको चौरमा भेला भएका दर्शकलाई सुगम संगीतमार्फत मनोरञ्जन गराए । किराँत-राई यायोख्खाले आयोजना गरेको सांगीतिक कार्यक्रममा स्थानीय कलाकारहरूले जातीय पहिरन झल्काउँदै नृत्य प्रस्तुत गरेका थिए । कार्यक्रममा सोलुखुम्बु हुँदै ओखलढुङ्गा पुगेकी गायिका पार्वती राईले 'खोटाङ हलेसी...' गाउँदा दर्शकहरू नाच्न थालेका थिए । आधा दर्जन कलाकारको यो समूहले भोलि शनिबार भोजपुरमा तथा आगामी माघ ८ गते उदयपुरमा सांगीतिक कार्यक्रम प्रस्तुत गर्दैछ ।

▶▶ लोकगायक रवीन्द्र सुवेदीको लोकदोहोरी गीतिसंग्रह 'सम्झना साँचेको छु' को सोमबार दैलेख सदरमुकामस्थित टुडिखेलमा लोकार्पण भएको छ । नारायण नगरपालिका र सामुदायिक रेडियो, पञ्चकोसी एफएमको सहयोगमा तयार पारिएको उक्त गीतिसंग्रहको प्रमुख जिल्ला अधिकारी बलदेव गौतमले लोकार्पण गर्नुभएको थियो । संग्रहमा नवोदित लोकगायक रवीन्द्र सुवेदी, गायिका विष्णु माझी तथा देवी घर्तीको स्वर सुन्न पाइन्छ । लोकदोहोरी, देउडा गीत, गजल तथा कविताहरूसमेतको प्रस्तुतिले विमोचन कार्यक्रमलाई रोचक तुल्याएको थियो । कार्यक्रममा खगेन्द्र अधिकारीद्वारा रचना गरिएको 'वसन्तमा पनि फूलका आँसु' गजल-संग्रहको पनि विमोचन गरिएको थियो ।

▶▶ सांगीतिक समूह 'नेपथ्य' यति बेला अस्ट्रेलियामा छ । नयाँ वर्षको अवसरमा तमु समाज सिड्नीले आयोजना गरेको सांगीतिक कार्यक्रममा सहभागी हुन यो समूह अस्ट्रेलिया पुगेको हो । नेपथ्यले अस्ट्रेलियाका तीन सहरमा चारवटा कार्यक्रम प्रस्तुत गरेको छ ।

▶▶ गीतकार रमेश अधिकारी फरक धारका गीत लेख्न रुचाउँछन् । गीतकार अधिकारीले पुनः एक पटक गीतलेखनमा प्रयोग गरेका छन् । यसपटक उनले राष्ट्रप्रेम तथा मुलुकलाई बनाउन मुलुकवासी आफैं लाग्नुपर्छ भन्ने सन्देश गीतिसंग्रह 'नयाँ नेपालका नयाँ गीतहरू' मार्फत दिएका छन् । यो संग्रहमा काटेका थिए । कार्यक्रममा विमोचित संग्रहको एउटा म्युजिक भिडियो पनि प्रदर्शन गरिएको थियो । दसवटा गीत समेटिएको 'रेज' गायक पौडेलको दोस्रो एकल गीतिसंग्रह हो ।

▶▶ गत शनिबार राजधानीमा आयोजित एउटा सांगीतिक कार्यक्रममा गायिका रेश्मा सुनुवारले 'मै ठूली भै'छु रे...' गीत गाएर दर्शकलाई प्रशस्त मनोरञ्जन प्रदान गरिन् । राष्ट्रिय सांस्कृतिक मञ्चले राष्ट्रिय सभागृहमा आयोजना गरेको कार्यक्रममा गायक डिजराज पौडेलको 'सुनैको दरबार', प्रमोद खरेलको 'हे माया', सरोज ओलीको 'राति बत्तीमा रोकिने' तथा गायिका निशा सुनारको रिमिक्स गीतले पनि दर्शकहरूलाई तताएको थियो ।

प्रकाश श्रेष्ठ, आनन्द कार्की, पुस्कर जंगम, सीताराम पोखरेल आदि कलाकारको स्वर सुन्न सकिन्छ ।

▶▶ गायक सनुप पौडेलले आफ्नो जन्मदिनको अवसर पारेर गत आइतबार नयाँ गीतिसंग्रह 'रेज' विमोचन गराएका छन् । बज्र रेकर्ड्सले उत्पादन गरेको यो संग्रह गायक पौडेलका सांगीतिक गुरु प्रभु ढकालले विमोचन गरेका हुन् । विमोचन समारोहमा गायक पौडेलले जन्मदिनका उपलक्ष्यमा केकसमेत

▶▶ गायिका मिनु वाइबाको पहिलो गीतिसंग्रह 'फ्रेटलेस' गत शनिबार सार्वजनिक गरिएको छ । कुशल भ्वाइलिनवादकका रूपमा पनि स्थापित भैसकेकी गायिका वाइबाले 'फ्रेटलेस' मा पप तथा आधुनिक शैलीका गीत गाएकी छिन् । ललितकला क्याम्पसबाट संगीतमा स्नातक गरेकी गायिकाहरूले आफ्नो संग्रहमा एउटा जर्मनी भाषाको गीतसमेत समावेश गरेकी छिन् ।

▶▶ गायिका नलिना चित्रकारको नयाँ म्युजिक भिडियो 'तिम्रो हेराइको...' यसै साता प्रदर्शन भएको छ । लन्डनमा छायांकन गरिएको यो भिडियोको निर्देशन बेलायतमै बसोबास गरिरहेका गायक सपन राईले गरेका हुन् । केही वर्षअघि बजारमा आएको गीतिसंग्रह 'रंग' मा समावेश गरिएको यो गीतको म्युजिक भिडियोमा पुजना प्रधान तथा प्रतीक राईले अभिनय गरेका छन् ।

▶▶ पूर्वी नेपालका श्रोता तथा दर्शकलाई आफ्ना लोकप्रिय गीत सुनाएर राजधानी फर्किएलगत्तै गायक राजेशपायल राई जापान पुगेका छन् । सांगीतिक कार्यक्रमका क्रममा अहिले जापानमा छु, राजेशपायलले फेसबुकमार्फत साप्ताहिकलाई दिएको जानकारीअनुसार जापानका विभिन्न स्थानमा भैरहेका सांगीतिक कार्यक्रममा उनी सहभागी भैरहेका छन् ।

▶▶ वरिष्ठ संगीतकार अम्बर गुरुङलाई 'लोकप्रिय गुरुदक्षिणा सम्मान' प्रदान गरिएको छ । गत शनिबार राजधानीमा लोकप्रिय डा. उपेन्द्र महतो इन्टरनेसनल कल्चरल ग्रुपले आयोजना गरेको एक सांस्कृतिक कार्यक्रममा गुरुङलाई सम्मानित गरिएको हो । उक्त अवसरमा 'लोकप्रिय डा. उपेन्द्र' शीर्षकको गीतिसंग्रहको विमोचनसमेत गरिएको थियो ।

▶▶ गीतकार डा. भोला रिजालद्वारा रचित पप गीतहरूको पहिलो संग्रह 'पप कर्न' को गत साता हास्यकलाकारद्वय मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यले विमोचन गरे । गीतिसंग्रहमा सुगम पोखरेल, निमा रुम्बा, मौसमी गुरुङ, दीपेशकिशोर भट्टराई, रोशन गुरुङ आदि गायक-गायिकाको स्वर समेटिएको छ । विमोचन समारोहमा संग्रहका दुई गीत 'हरियो चुरा' तथा 'पागल' का म्युजिक भिडियो पनि प्रदर्शन गरिएको थियो ।

▶▶ नेपाली सुगम संगीतको विकासमा योगदान पुऱ्याएबापत नारायणगोपाल स्मृति प्रतिष्ठानले संगीतकार आलोकश्रीलाई नारायणगोपाल स्मृति सम्मानद्वारा सम्मानित गरेको छ ।

## अफबिट



साडीमा राम्री : गायिका सबनम गुरुङको गीत "मन्द-मन्द"को म्युजिक भिडियोमा अभिनय गर्दै पूर्व मिसनेपाल उषा खड्गी । तस्विर : फुर्सद

## लाइभ शो

नेपालका चर्चित रक ब्यान्डहरू मिलेर 'रक ज्यामिङ म्युजिकल टुर' गर्दैछन् । गत साता राजधानीमा आयोजित पत्रकार सम्मलेनमा जानकारी गराइएअनुसार उक्त सांगीतक यात्रामा कर्मा, कबवेब, रविन एन्ड न्यु रेभुलोसन, युग, सायस तथा अभय एन्ड स्टिम इन्जनको सहभागिता रहनेछ । पार्टी प्रोपरको आयोजनामा हुन लागेको उक्त सांगीतक यात्रा आगामी माघ ११ गते धनगढीबाट प्रारम्भ हुनेछ । धनगढीपछि उक्त कार्यक्रम माघ १२ गते नेपालगन्ज, १४ गते बुटवल, १६ गते पोखरा, १८ गते नारायणगढ तथा २१ गते धरानमा प्रस्तुत हुने कार्यक्रमका संयोजक कुलदीपध्वज थापाले बताएका छन् । सांगीतिक कार्यक्रममा गायक सुनील बर्देवा तथा डिजे कुलको पनि सहभागिता रहनेछ । कार्यक्रमबाट उठेको ५ प्रतिशत रकम अनाथ बालबालिकाको हितमा काम गर्दै आएको संस्था सीडब्लुसी नेपाललाई प्रदान गरिनेछ ।

## ● ब्यान्ड ●




इटहरीस्थित आइतबारेका विद्यार्थीहरूको सांगीतिक समूह 'नेक्सस'ले प्रत्येक कन्सर्टमा प्रशंसा पाउँदै आएको छ । एउटै विद्यालयबाट प्रवेशिका उत्तीर्ण गरेका ब्यान्डका सबै सदस्य हाल बीबीएस दोस्रो वर्षमा अध्ययनरत छन् । अध्ययनबाट फुर्सद निकाल्दै चलेको चारवर्षे सांगीतिक यात्रामा यो ब्यान्ड इटहरी, धरान, पाँचकन्या, लेटाङ र विराटचोकमा सम्पन्न १६ वटा कन्सर्टमा सहभागी भैसकेको छ ।

मेटल र रक गीतका निम्ति नेक्सस इटहरीकै सबैभन्दा लोकप्रिय ब्यान्ड हो । थ्रेस मेटल बढी प्रस्तुत गर्ने यो समूह सबै किसिमका रक गीत गाउन निपुण छ । ब्यान्डका सबै छ जनाले नै क्लासिकल म्युजिकको प्रशिक्षण लिइसकेका छन् । पर्ल सुब्बा मेटल गीतका भोकलिस्ट हुन् । ओम पाण्डे रक गीत गाउँछन् । लिड र रिदम गितार मनोज राई र सुजन लिम्बू दुवै जनाले बजाउँछन् । बेस गितारमा नवीन जोशी छन् भने नवीन श्रेष्ठ ड्रमर हुन् ।

कन्सर्टमा उनीहरू स्लो रक नम्बर धेरै प्रस्तुत गर्छन् । भोकलिस्ट पर्ल भन्छन्- 'दर्शकको रोजाइअनुसार गीत गाउनुपर्छ ।' विश्वविख्यात सांगीतिक समूहहरू आइरन मेडन, स्लेयर र मेटालिकाबाट प्रभावित भै उनीहरूले ब्यान्ड स्थापना गरेका हुन् । नेपाली ब्यान्डहरू १९७४ एडी, क्रुएन्टर्स, भूमि र मन्त्र पनि उनीहरूको प्रेरणाको स्रोत हो । हाल इटहरीमै गीत रेकर्डिङ गरिरहेका यो समूहका सदस्यहरू चाँडै एल्बम निकाल्ने योजनामा छन् । बाँचुन्जेल नेक्ससलाई निरन्तरता दिने ब्यान्ड सदस्यहरू बताउँछन् ।

## ● नजिकबाट ●

## पुष्पा पौडेल

| | |
|---|---|
| जन्ममिति : | माघ २५ गते |
| प्रकाशित एल्बम : | साथ |
| सांगीतिक गुरु : | गुरुदेव कामत, प्रभु ढकाल |
| मनपर्ने रंग : | उज्यालो रंग सबै |
| मनपर्ने पहिरन : | सारी |
| मनपर्ने मौसम : | शरद् |
| मनपर्ने खेल : | ब्याटमिन्टन |
| फुर्सदमा : | घरमा रमाइलो गर्दै समय बिताउँछु |
| मनपर्ने गीत : | पोहोर साल खुसी फाट्दा... |
| रिस उठेको बेला : | कराएर सबै रिस पोख्छु |
| मनपर्ने आफ्नै बानी : | सरल छु |
| पहिलो गीत : | सिसाको साटो मन... |
| पहिलो एल्बम : | साथ |
| पहिलो चर्चित गीत : | सानी... |
| सबैभन्दा बढी माया : | आमा |
| पहिलो पटक बजाएको बाजा : | हार्मोनियम |
| पहिलो प्रेम : | आमासँग |
| पहिलो चुम्बन : | नानुसँग |
| राम्रो बानी : | सबैसँग घुलमिल हुन्छु |
| नराम्रो बानी : | अरूलाई चाँडै विश्वास गर्छु |
| गोप्य कुरा : | बालबालिकालाई पढाउँछु |
| अन्य प्रतिभा : | गीत रचना गर्छु, चित्र बनाउँछु । |



# प्रविधिका कुरा गरौं


युवा प्रविधि सरोकार

**विद्यार्थीहरूले सूचना-प्रविधिलाई सूचना र ज्ञान हासिल गर्नका लागि मात्र होइन, टाइम पास र अस्वस्थ्य मनोरञ्जनका लागि पनि प्रयोग गरिरहेको उनीहरूले खुलासा गरे। 'फुर्सद भयो कि मिस कल गरिहाल्ने चलन छ,' रुमी श्रेष्ठले भनिन्- 'मनोरञ्जनका लागि मिसकल गर्ने चलनले हाम्रो समय बर्बाद गरिरहेको हुन्छ।' त्यस्तै नचिनेको मोबाइलमार्फत अश्लील म्यासेजहरू पनि आउने गरेको उनीहरूले सुनाए। 'नियतवश अरूलाई डिस्टर्ब गर्ने गरी मिसकल आउँछ,' अनिलाले भनिन्- 'अश्लील म्यासेज र भिडियो पठाउनेहरू पनि प्रशस्तै हुन्छन्।' यसरी अश्लील एसएमएस आदान-प्रदान गर्ने कामबाट कुनै पनि विद्यार्थी अछुतो नरहेको ठोकुवा श्यामले गरे। उनीहरू आफैंचाहिं इन्टरनेटमा अश्लील वेबसाइटहरू हेर्छन् कि हेर्दैनन् ? साप्ताहिकको जिज्ञासामा आरजुले भनिन्- 'अन्जानमै त्यस्ता वेबसाइटहरू खुल्छन्, तर तत्कालै बन्द गर्छु।'**

तपाईं मोबाइलविनाको जीवन कसरी कल्पना गर्नुहुन्छ ? हरबखत खल्तीमा मोबाइल बोकेर हिँड्ने विशाल कार्कीका लागि यो अनपेक्षित प्रश्न थियो। भीएस निकेतन कक्षा ११ का यी विद्यार्थीले केही क्षण सोचेर भने- 'मोबाइलविनाको जीवन सोच्नै गाह्रो छ।' विशाल मात्र होइन, आजका हरेक युवा प्रविधिसँग यति धेरै नजिकिएको छ कि, उनीहरू प्रविधिविनाको जीवन सोच्नसमेत सक्दैनन्।

जेभियर इन्टरनेशल कलेजमा अध्ययनरत कक्षा १२ की छात्रा अनिला खतिवडा कुनै पनि नयाँ जानकारी गुगलमा सर्च गरेर फेला पार्छिन्। विश्वका ताजा गतिविधि एवं आफ्नो विषयगत ज्ञान हासिल गर्न उनी यो प्रविधिसँग बारम्बार साक्षात्कार गरिरहेकी हुन्छिन्। महिनौं लगाएर हासिल गर्न नसकिने जानकारी उनी इन्टरनेटको माध्यमबाट सहजै र चाँडै प्राप्त गर्न सक्छिन्। खतिवडाको विचारमा प्रविधिले समय बचाउन मद्दत गरेको छ, अर्थात् प्रविधिकै कारण हाम्रो जीवनको गति तीव्र भएको छ।

सूचना प्रविधिको विकाससँगै प्रविधिसँग रमाउने युवापुस्ताको क्रेज ह्वात्तै बढेर गएको छ। प्रविधिको प्रयोगबाट दैनिक जीवनयापन सहज मानिरहेको युवापुस्ता प्रविधिविनाको जीवनलाई अपूरो मान्छ। 'आज प्रविधि हाम्रो जीवनकै एउटा पाटो बनेको छ,' विज्ञानका विद्यार्थी श्याम न्यौपाने भन्छन्- 'प्रविधिविना सरल जीवनयापन गर्न असम्भव छ।' न्यौपाने टेलिफोन, टेलिभिजन, इन्टरनेटसँग दिनहुँजसो एकाकार नहुने युवायुवती भेट्न गाह्रो हुने तर्क गर्छन्।

हामी कोठाभित्रै बसेर विश्व चिहाउन सक्छौं। विश्वका जुनसुकै कुनामा रहेका हाम्रा नातेदार वा साथीभाइका बारेमा साक्षात्कार गर्न सक्छौं। 'प्रविधिले हामीलाई एक-अर्कामा नजिक बनाएको छ,' आरजु अग्रवाल भन्छिन्।

सूचना प्रविधिलाई आजको युवापुस्ताले कसरी आत्मसात् गरिरहेको छ ? यही विषयमा केन्द्रित रहेर साप्ताहिकले केही विद्यार्थीमाझ जिज्ञासा राखेको थियो। सहभागी अधिकांश विद्यार्थीले सूचना प्रविधिले सूचना, मनोरञ्जन मात्र होइन, शैक्षिक ज्ञान हासिल गर्नसमेत मद्दत पुऱ्याएको तर्क दिए। उनीहरूले आफ्नो अध्ययन बढाउन इन्टरनेटको साहारा लिने गरेको बताए। कल, मिसकल र एसएमसका लागि मात्र होइन विषयगत ज्ञान हासिल गर्न पनि मोबाइलको उपयोगिता बढिरहेको उनीहरूको भनाइ थियो। 'हामीले आफ्ना पाठ्यक्रमअन्तर्गतकै प्रयोगात्मक शिक्षा लिन मोबाइल प्रयोग गर्ने गरेका छौं,' श्यामले बताए। इन्टरनेटको माध्यमबाट विदेशका विश्वविद्यालयका बारेमा आवश्यक जानकारी हासिल गर्न सजिलो भएको विशाल बताउँछन्। 'यहीं बसेर हामी विदेशका कलेजहरू पुगेको अनुभूति गर्न सक्छौं' विशाल भन्छन्- 'नेपालमै बसेर विदेश पढ्नका लागि आवश्यक प्रक्रियाहरू सम्पन्न गर्न सकिने अवस्था छ।' सूचना प्रविधि हरेक विषयसँग अन्तरसम्बन्धित रहेको उनीहरू बताउँछन्। जुनसुकै विषयका विद्यार्थी पनि सूचना प्रविधिसँग खेल्न सक्नुपर्ने उनीहरूको तर्क थियो। 'अहिले एकाउन्टसम्बन्धी विभिन्न सफ्टवेयरहरू आएका छन्,' आरजु भन्छिन्- 'एकाउन्टसम्बन्धी काम गर्नेले आफ्ना सम्पूर्ण फाइल कम्प्युटरमा सुरक्षित गर्न सक्छन्।' पुर्खाले जस्तो कागजका चाङ लगाउनुपर्ने अवस्था नभएको उनले बताइन्। विद्यार्थीहरूले सूचना-प्रविधिलाई सूचना र ज्ञान हासिल गर्नका लागि मात्र होइन, टाइम पास र अस्वस्थ्य मनोरञ्जनका लागि पनि प्रयोग गरिरहेको उनीहरूले खुलासा गरे। 'फुर्सद भयो कि मिस कल गरिहाल्ने चलन छ,' रुमी श्रेष्ठले भनिन्- 'मनोरञ्जनका लागि मिसकल गर्ने चलनले हाम्रो समय बर्बाद गरिरहेको हुन्छ।' त्यस्तै नचिनेको मोबाइलमार्फत अश्लील म्यासेजहरू पनि आउने गरेको उनीहरूले सुनाए।

'नियतवश अरूलाई डिस्टर्ब गर्ने गरी मिसकल आउँछ,' अनिलाले भनिन्- 'अश्लील म्यासेज र भिडियो पठाउनेहरू पनि प्रशस्तै हुन्छन्।' यसरी अश्लील एसएमएस आदान-प्रदान गर्ने कामबाट कुनै पनि विद्यार्थी अछुतो नरहेको ठोकुवा श्यामले गरे। उनीहरू आफैंचाहिं इन्टरनेटमा अश्लील वेबसाइटहरू हेर्छन् कि हेर्दैनन् ? साप्ताहिकको जिज्ञासामा आरजुले भनिन्- 'अन्जानमै त्यस्ता वेबसाइटहरू खुल्छन्, तर तत्कालै बन्द गर्छु।' टाइटल राम्रो लागेर खोलेको वेबसाइटमा अश्लिल तस्बिरहरू हुने उनको अनुभव थियो। 'कहिलेकाहीं झुक्किएर अश्लील वेबसाइट खोलिन पुग्छ,' शलिना थापाले भनिन्- 'तर त्यस्ता वेबसाइटमा इन्ट्रेस छैन।' कतिपय राम्रै जानकारी लिने क्रममा पनि अश्लील वेबसाइटहरू खुल्ने गरेको विशालले बताए, तर यसबाट युवापुस्ताभन्दा पनि बालबालिकाको मनोविज्ञानमा नकारात्मक असर पुग्ने विशाल बताउँछन्।

आरजुले हाइफाइभमा आफ्नो एकाउन्ट बनाएकी छिन्। त्यस्तै श्यामले पनि फेसबुकभित्र आफूलाई प्रवेश गराइसकेका छन्। यसबाट पुराना साथीहरूसँग नियमित साक्षात्कार गर्न मात्र होइन, नयाँ नयाँ साथी बनाउन पनि सजिलो भएको छ। 'फेसबुकका बारेमा बढी चर्चा सुनेको थिएँ,' श्यामले भने- 'अहिले फेसबुकबाट मैले केही नयाँ साथी पाएको छु।' यसैगरी साथीहरूले पनि च्याट र मेल आदान-प्रदानका लागि याहु, जिमेल, हटमेल चलाउने बताए।

सूचनाको क्षेत्रमा नेपाल टेलिकमको एकाधिकार तोडिनु पनि सूचना प्रविधिको क्षेत्रमा चासो राख्ने विद्यार्थीका लागि सुखद सन्देश हो। निजी क्षेत्रबाट आइटी कम्पनी सञ्चालन गर्ने क्रम बढ्दो छ, यसर्थ आइटीको मामिलामा नेपाल पनि कम नभएको उनीहरूको ठहर छ। 'तर, सूचना प्रविधि गाउँ-गाउँसम्म पुग्न सकेको छैन,' रुमी भन्छिन्- 'सहर केन्द्रित हुँदा यसको फाइदा सहरियाहरूले मात्र लिन सक्ने भए।'

सूचना प्रविधिसँग नजिकिन चाहने विद्यार्थीहरूलाई बेला-बेलामा आयोजना हुने सूचना प्रविधिसम्बन्धी मेलाले पनि आकर्षित गरेको पाइयो। उनीहरूमध्ये केहिले यस्ता मेलाहरू अवलोकन गर्ने अवसर पाएका थिए भने कतिले विविध कठिनाइका कारण चाहेर पनि पुग्न नसकेको बताए। 'सूचना प्रविधिको क्षेत्रमा जानकारी हासिल गर्न यी मेलाहरूबाट धेरै सहयोग पुग्छ,' रुमीले भनिन्। 'यस विषयमा कुनै पनि सूचना नभएकाहरू पनि आर्कषित हुने गरेका छन्,' शलिना भन्छिन्- 'सूचना प्रविधिसम्बन्धी मेला नयाँ प्रविधिका बारेमा जानकारी लिने राम्रो अवसर हो।' क्यान इन्फोटेकको मुखैमा भएको छलफलमा उनीहरूले सूचना प्रविधिसँग सम्बन्धित यो मेला सम्बन्धित क्षेत्रमा जानकारी राख्ने विद्यार्थीका लागि फलदायी हुने बताए। यी मेलाहरू व्यापारिक फाइदाका लागि हो कि जानकारीका लागि ? साप्ताहिकको जिज्ञासामा अनिलाले भनिन्- 'दुईतर्फी फाइदा हुन्छ।' भर्खरै भित्रिएको प्रविधि हेर्न, बुझ्नका लागि मेलाले विद्यार्थीवर्गलाई बढी आकर्षित गरेको अनिला बताउँछिन्।

**प्रस्तुति : शिव मुखिया**



# एचपीका नौ प्रकारका ल्यापटप

ल्यापटपका विविध मोडल देख्दा कसको मनले थामिन सक्ला ? एकपटक त चलाइहेरौं न, हैन ? तपाईंको यो इच्छा नियोटेरिकको स्टलले पूरा गर्नेछ। एचपी ब्रान्डका नौ प्रकारका ल्यापटपलाई नियोटेरिकको स्टलमा सजाइएको छ। व्यापारिकदेखि घरको प्रयोगका विभिन्न मोडलका एचपीका ल्यापटप पहिलो पटक इन्फोटेकमार्फत सार्वजनिक हुन लागेको नियोटेरिकले बताएको छ। 'लोकप्रिय ब्रान्डको यो ल्यापटपलाई हामी प्रबर्द्धन गर्दैछौं,' नियोटेरिकका वरिष्ठ बजार व्यवस्थापक अजय साडेब्रा भन्छन्- 'यसबाहेक लजिटेक, युम्याक्स, नोकिया, सामसुङ, एप्पल, मोइजवेरजस्ता अन्तर्राष्ट्रिय ब्रान्डका नयाँ प्रविधिका बारेमा मेलामा आउने दर्शकलाई जानकारी उपलब्ध गराइरहेका छौं।'



नियोटेरिक नेपालले लजिटेकका ताररहित किबोर्ड र माउस क्यान इन्फोटेक- २००९ मार्फत सार्वजनिक गरेको छ। लजिटेकको उत्पादन वायरलेस माउस पनि मेलाको आकर्षण बन्नेछ। 'लाइभ डिस्प्ले' गरिने भएकाले मेलामा आउने सबैले यसको अवलोकन गर्न पाएका छन्। यो माउसलाई सतह चाहिँदैन अर्थात् हातलाई हावामा राख्दा पनि माउसले काम गर्छ। नियोटेरिकले सामसुङको डिजिटल फोटोफ्रेम पनि मेलामा ल्याएको साडेब्राले बताए। साडेब्रा भन्छन्- 'यो फोटो फ्रेममा मेमोरी कार्ड हालेपछि एकपछि अर्को गर्दै स्वचालित रूपमा तस्बिरहरू देखिनेछन्।'

नियोटेरिकले नै एन ५८०० मोडलको नोकिया टच स्क्रिन मोबाइल सेट पनि मेलामा राख्नेछ। नोकियाको यो आधुनिक मोडल बाहेक अन्य नयाँ मोडल पनि इन्फोटेकमा अवलोकन गर्न पाइनेछ। 'मेलामा सामसुङको पूरा रेन्ज सो केसमा राखेका छौं,' साडेब्रा भन्छन्- '१६ वटाभन्दा बढी मोडलका आकर्षक एलसिडी मनिटर हाम्रो स्टलका आकर्षण हुन्।' बैंकिङ क्षेत्रलाई लक्षित गरेर सर्भर सिस्टममा आधारित इनबिल्ट सीपीयु भएको एलसीडी मनिटर पनि नियोटेरिकको स्टलमा देखिएको छ। किबोर्ड र माउसबाहेक अन्य सबै सुविधा यो मनिटरमै उपलब्ध छ। यो मनिटरबाट कुनै पनि डकुमेन्ट कपि गर्न नसकिने भएकाले बैंकिङ कारोबार सुरक्षित बनाउन यसले सहयोग पुऱ्याउने उनले बताए। स्टलमा एप्पलको २ दशमलव ४ कोर टु डियो म्याकबुक सिल्भर कलरमा देखिएको छ। यसअघि एप्पलका ल्यापटप कालो कलरमा मात्र आउने गरेकोमा पहिलो पटक सिल्भरमा आएको साडेब्रा बताउँछन्। नियोटेरिकले इन्फोटेकमा आगन्तुकहरूलाई नै लक्षित गरेर 'गेमिङ जोन' को व्यवस्था पनि मिलाएको छ। साडेब्रा भन्छन्- 'मेलामा आउने बालबालिका तथा युवा-युवतीले समय बिताउन गेम खेल्ने भए गेमिङ जोनमा गएर आफूलाई मन पर्ने भर्च्युअल गेम खेल्न सक्छन्।'

नियोटेरिकको स्टलमा एसेम्बल कम्प्युटरका लागि आवश्यक पर्ने यु म्याक्स ब्रान्डका क्याबिनेट, माउस, किबोर्ड तथा वेब क्यामेराका नयाँ संस्करण प्रदर्शनमा छन्। यस्तै कहिल्यै नबिग्रने मोइजवेर ब्रान्डका सिडी, ग्राफिक्समा काम गर्दा कम्प्युटरको स्लोबाट बचन एएमडीको फिनोन प्रोसेसर, बायोस्टारका मदरबोर्ड आदि पनि सार्वजनिक गरिएका छन्।

# इन्फोटेक व्यापारिक थलो मात्र होइन



**कम्प्युटर एसोसिएसन अफ नेपालले आयोजना गरेको सूचना तथा सञ्चार प्रविधि सम्बद्ध वर्षकै सबैभन्दा ठूलो मेला क्यान इन्फोटेकमा अहिले उपभोक्ताहरूको ठूलो घुइँचो देखिन्छ। मेला आयोजनाको सन्दर्भमा क्यानका महासचिव तथा प्रचार विभाग प्रमुख विनोद ढकालसँग गरिएको संवाद :**

**क्यान इन्फोटेकमा उपस्थिति कस्तो पाउनुभएको छ ?**

पहिलो दिनको अवलोकन कर्ताहरूको उपस्थिति हेर्दा यस पटकको क्यान इन्फोटेक यसअघिका इन्फोटेकभन्दा अभूतपूर्व रूपमा सफल हुँदैछ। मेलामा राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरका व्यवसायीहरूले ब्रान्ड प्रोमोसनका लागि ल्याएका नयाँ जानकारी र आकर्षक स्टलहरूमा सजिएका प्रविधिहरूको जमघटले उपभोक्ताको मन जितेको छ।

**मेलामा नयाँ कुरा के छ ?**

ठूला कम्पनीहरूको सहभागिता छ। आकर्षक नयाँ प्रविधिहरू क्यान इन्फोटेकमै सार्वजनिक गर्ने परिपाटी विकसित भएकाले यसपटक पनि थुप्रै नयाँ प्रविधि मेलामा सार्वजनिक भएका छन्। मेला अवलोकन गर्न आउने दर्शकले एकतर्फी बाटो मात्र होइन दोहोरो रूपमै अवलोकन गर्न पाउने व्यवस्था मिलाएका छौं। पूर्ण रूपमा मेला हेर्न आउने वातावरण होस् भनेर गुणस्तरीय खाना ख्वाउने स्टल पनि छन्। प्रदर्शनी आयोजनास्थलमा आउने दर्शकलाई सबै किसिमका सुविधा दिने उद्देश्यले व्यवस्थापन गरेका छौं।

**केही समयअघि सम्पन्न इन्फोट्रेडले क्यान इन्फोटेकको औचित्य नै समाप्त पाऱ्यो भन्छन् नि ?**

विगत १५ वर्षदेखि प्रत्येक वर्ष आयोजना हुँदै मुलुककै सबैभन्दा ठूलो इभेन्ट क्यान इन्फोटेकको आफ्नै ब्रान्डिङ छ। अर्को कुरा, हामीले यो इभेन्ट व्यापारिक रूपमा नाफा कमाउन मात्र आयोजना गर्दैनौं। इन्फोट्रेड साना व्यापारीहरूलाई कम्प्युटर र पेनड्राइभ बेचन प्रभावकारी भयो होला, तर विश्वबजारमा आएका नवीनतम् प्रविधि सम्बद्ध उपकरणहरूका बारेमा जानकारी प्रदान गर्न क्यान इन्फोटेकबाहेक अन्य प्रदर्शनीले सक्दैनन्।

**क्यान इन्फोटेकबाहेक अरू कार्यक्रम के गर्नुहुन्छ ?**

अहिले क्यानमा युवाहरूको नयाँ टिम निर्वाचित भएर आएको छ, हामी इन्फोटेक मात्र होइन, हरेक महिना सूचना प्रविधिका विषयमा राष्ट्रव्यापी अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्दैछौं। क्षेत्रीय स्तरमा पनि इन्फोटेक आयोजना हुँदैछन्, त्यसबाहेक क्यानलाई सम्पूर्ण सूचना तथा सञ्चार प्रविधि सम्बद्ध व्यक्ति तथा संस्थाहरूको छाता संगठन बनाएर महासंघको संरचनामा लैजाँदैछौं।

# नेपाल टेलिकमको नोटिस बोर्ड सर्भिस



क्यान इन्फोटेकको अवसर पारेर नेपाल टेलिकमले आफ्ना उपलब्धिहरू उपभोक्तालाई जानकारी गराइरहेको छ। 'यसपटक हामीले नोटिस बोर्ड सर्भिसका बारेमा विशेष जानकारी उपलब्ध गराएका छौं।' नेपाल टेलिकमका ब्यापार प्रबन्धक प्रमोद पमारले भने- 'नेपाल टेलिकमका ल्यान्डलाइन फोनसेवा प्रयोग गर्ने उपभोक्ताले निःशुल्क तीन मिनेटसम्मको सूचना यो प्रविधिअन्तर्गत रेकर्ड गरेर राख्न पाउनेछन्।' ल्यान्डलाइन प्रयोगकर्ताले कुनै सूचना रेकर्ड गराएर राखेको छ भने फोन गर्नेले १६१८ डायल गरेर ०१ र सम्बन्धित नम्बरमा डायल गरेपछि त्यहाँ भएको सूचना सुन्न सक्नेछन्।

विद्यालय वा एयरलाइन्सजस्ता संस्थाका अत्यन्तै व्यस्त रहने टेलिफोनमा नोटिस बोर्ड सर्भिस उपयुक्त हुन्छ। एकपटकमा २० जनाले माथि उल्लेख गरेबमोजिमले डायल गर्दा त्यहाँ राखिएको सूचना सुन्न सक्नेछन्। त्यसो त व्यक्तिगत प्रयोजनका निम्ति पनि यो प्रविधि त्यत्तिकै लाभदायी हुन्छ। घरमा कोही नभएको समयमा सूचना रेकर्ड गराए फोन गर्ने व्यक्तिले फोन नउठ्नुको कारण सहजै थाहा पाउन सक्छन्।

इन्फोटेककै अवसर पारेर नेपाल टेलिकमको एडिएसएल प्रविधिलाई प्रबर्द्धन गर्ने योजना बनाएको छ। ६४ केबी, १२८ केबी, २५६ केबी, ५१२ केबी हुँदै २ एमबीपीएस डाटा ट्रान्सफरको क्षमता विकास गरिएको एडिएसएल प्रविधिको उपयोगिताका बारेमा सर्वसाधारणलाई जानकारी गराइरहेको पमारले बताए।

२ एमबी प्रतिसेकेन्ड डाटा ट्रान्सफर हुने भएकाले एडिएसएलबाट इन्टरनेट सर्फिङ छिटो हुने उनको भनाइ छ। नेपाल टेलिकमले प्रिपेड इन्टरनेट सेवाअन्तर्गत सिडिएम रिमकार्डका बारेमा पनि उपभोक्तालाई जानकारी उपलब्ध गराएको छ। यसैगरी इन्टेलिजेन्स नेटवर्कका बारेमा पनि मेलामा सर्वसाधारणले चासो राखेको पमारले बताए। अमेरिका र क्यानाडामा प्रतिमिनेट ६ रुपैयाँ तथा अन्य १० वटा राष्ट्रमा प्रतिमिनेट ८ रुपैयाँमा कल गर्न पाइने कलिङ कार्डको सुविधा इन्टेलिजेन्स नेटवर्कअन्तर्गत जानकारी दिइएको छ।

करिब ३० लाख ताररहित फोनलाइनका उपभोक्ता रहेको नेपाल टेलिकमले सीडीएमए, जीएसएम मोबाइल तथा ल्यान्डलाइनका बारेमा मेलामा आउने आगन्तुकहरूलाई जानकारी गराइरहेको छ। 'नेपाल टेलिकम जीपीआरएस टेक्नोलोजीमा जाने कुरा पनि आगन्तुकका निम्ति चासो बनेको छ।' बजार प्रबन्धक पमार भन्छन्- 'यसबाहेक टेलिकमका अन्य सेवा-सुविधाका सम्बन्धमा अवलोकनकर्ताले राख्ने चासोलाई निराकरण गरिरहेका छौं।'

# मेरो मोबाइलको भ्यालु एडेड सर्भिस




क्यान इन्फोटेकमा स्पाइस नेपाल प्रा.लि.ले मेरो मोबाइलले ल्याएको नयाँ प्रविधि 'एज' का बारेमा आगन्तुकहरूलाई जानकारी गराइरहेको छ। यो प्रविधिबाट उपभोक्ताले इन्टरनेट चलाउन सक्नेछन्। जीपीआरएस प्रविधि भएको मोबाइलका प्रयोगकर्ताले यो सुविधाबाट हाइस्पिड इन्टरनेट चलाउन सक्नेछन्। यसैगरी मेरो मोबाइलले 'भ्यालु एडेड सर्भिस' का बारेमा पनि अवलोकनकर्तामाझ जानकारी उपलब्ध गराएको छ। एसएमएस, एमएमएस, इमेल, पीआरबीटी (पर्सनलाइज्ड रिङ ब्याक टोन, भ्वाइस मेल सेवाका बारेमा सर्वसाधारणले जानकारी लिइरहेको स्पाइस नेपालका ब्रान्ड म्यानेजर सनत शर्माले बताए।

२१ वटा टेलिकम्युनिकेसन सञ्चालन गरिरहेको टेलिसोनेरा समूहले केही समयअघि स्पाइस नेपालको ८० प्रतिशत सेयर खरिद गरेपछि स्पाइस नेपालले थुप्रै नयाँ प्रविधि मोबाइल प्रयोगकर्ताहरूलाई उपलब्ध गराउने योजना राखेको ब्रान्ड म्यानेजर शर्माले बताए। युरोपियन राष्ट्रहरूमा समेत टेलिकम्युनिकेसन सञ्चालन गरेको टेलिसोनेराले नेपालमा पनि युरोपियन प्रविधि भित्र्याउने शर्माको कथन थियो। ब्रान्ड म्यानेजर शर्मा भन्छन्- 'आउँदो वर्षसम्ममा मेरो मोबाइल प्रयोगकर्ताले मोबाइलमा थुप्रै फिचर पाउनेछन्।'

१७ लाख ५० हजार मोबाइल उपभोक्ता रहेको मेरो मोबाइलको पीआरबिटी सर्भिसमा व्यक्तिपिच्छे फरक रिङब्याक टोन राख्ने सुविधा छ। ४८ जिल्लामा सेवा विस्तार गरेको यो कम्पनीले सेल ब्रोडकास्टिङअन्तर्गत राशिफल, ताजा समाचार, मौसमको जानकारी, मनोरञ्जनात्मक सामग्री (गीत तथा खेल) सञ्चालन गर्न लागेको जानकारी पनि इन्फोटेकमा दिइएको छ। यी सामग्री प्रयोगका निम्ति प्रयोगकर्ताले इन्टरनेट सुविधा लिनुपर्दैन।

# अबको बजार ल्यापटपको हो

**जेनियल ट्रेडिङ प्रा.लि. कमलादीले सोनी भायो र फुजित्सु ब्रान्डका ल्यापटप नेपाली बजारमा बिक्री गर्न अनुमति लिएको छ। लेनोभो ब्रान्डको ल्यापटपको नेपाली अधिकृत विक्रेता साइबरनेटिक्सको सिस्टर कन्सर्न जेनियलले नेपाली बजारमा ल्यापटपको क्रेज बढ्दै गएकाले उत्कृष्ट ब्राण्डका ल्यापटप नेपाली बजारमा ल्याएको तर्क गरेको छ। जेनियलका प्रमुख कार्यकारी जेम्स न्ह्याच्छोसँग गरिएको कुराकानीको संक्षेप :**

**ल्यापटपको नेपाली बजार कस्तो पाउनुभएको छ ?**

सूचना तथा सञ्चार प्रविधिमा निर्भर सबैका लागि ल्यापटप आवश्यक भैसकेको छ। त्यसैले विस्तारै ल्यापटपको बजार बढ्दै गएको छ। सन् २००० मा मासिक ५ देखि ७ वटासम्म, सन् २००३ मा मासिक ३० देखि ३५ वटासम्म र अहिले मासिक १ सय ५० देखि २ सयवटा ल्यापटप बिक्री हुनुले ल्यापटपको बजार बढ्दै गएको पुष्टि हुन्छ। मूल्य पनि सस्तो हुँदै गएकाले अबको बजार भनेको ल्यापटपकै हो।

**नेपाली उपभोक्ताका लागि कस्तो ल्यापटप चाहिन्छ ?**

हामीकहाँ अहिले विद्युत संकट छ, त्यसकारण पनि ल्यापटपको बजार फराकिलो भएको हो। उपभोक्ताले ल्यापटपको ब्याट्रीका सम्बन्धमा अनभिज्ञताका कारण कम क्षमताको ब्याट्री भएको ल्यापटप किन्ने गरेको पाइन्छ। बजारमा थ्रि-सेल, सिक्स सेल तथा नाइन सेल ब्याट्री भएका ल्यापटप पाइन्छन्। अहिले हामीले बजारमा सोनीको टिजेड थर्टीसेभेन मोडललाई भित्र्याएका छौं, जसको पावर ब्याकअप क्षमता ११ घण्टा छ। त्यसकारण विद्युत् नभए पनि लामो समयसम्म काम गर्ने ल्यापटपको खोजी गर्नुपर्छ। अहिले कम विद्युत् खपत हुने प्रोसेसर आएका छन् त्यसका बारेमा उपभोक्ताले चासो राख्नुपर्छ।

**कुन उमेर समूहले ल्यापटपलाई बढी मन पराउँछ ?**

प्रविधिले उमेर समूह हेर्छ जस्तो लाग्दैन। जो मानिस आइटीसूग नजिक हुन्छ, उसले ल्यापटपको चाहना राख्छ। १२ वर्षदेखि ७० वर्षसम्मका मानिसहरूले ल्यापटप खरिद गरेको मेरो अनुभव छ। आयस्रोतका



दृष्टिकोणले २५ नाघेकाहरू जो अलि बढी व्यस्त हुन्छन्, उनीहरूले ल्यापटपमा काम गर्न रुचाउँछन्।

**भोलिको दिनमा डेस्कटप हराउला त ?**

डेस्कटप त कहिल्यै पनि हराउँदैन। कार्यालय प्रयोजनका निम्ति डेस्कटप नै चाहिन्छ, तर व्यक्तिगत प्रयोजनका निम्ति सबैले ल्यापटप लिन्छन्। ल्यापटपलाई पर्सनल नोटबुक पनि भनिन्छ, त्यसैले कार्यालयमा डेस्कटपमा काम गरे पनि ल्यापटप बोक्नेहरूको संख्या बढ्दै जानेछ।

# कस्ता युवती राम्रा हुन्छन् ? किन ?

**● अब हाम्रो पालो ●**

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पुरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैँ आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. कस्ता युवक राम्रा मानिन्छन्, किन ?
२. महिलाहरू बुद्धिमान् हुन्छन् कि पुरुष ?
३. नेपालको राजनैतिक हिरो को हो ? किन ?
४. प्रेमविवाह राम्रो हुन्छ कि परम्परागत विवाह ? किन ?
५. सबैभन्दा ठूलो धर्म के हो ?
६. प्रेमी-प्रेमिकाविहीन जीवन कस्तो हुन्छ ?
७. नसालु आँखाले मोहित हुनुहुन्छ कि तपाईंलाई मुस्कानले भुतुक्कै बनाउँछ ?
८. काली युवती र गोरी युवतीमध्ये को बढी राम्रा हुन्छन् ? किन ?
९. पैसा पाउनु ठूलो कुरा हो कि प्रेम पाउनु ? किन ?
१०. तपाईंले जिन्दगीमा कोबाट कस्तो धोका पाउनुभएको छ ?

आधुनिकतामा रमाउन सक्ने, तर आफ्नो मौलिकताको पनि ख्याल राख्ने सेक्सी युवती राम्रा हुन्छन् ।

**प्रेमकुमार** (२१), **धरान**

आफ्नो सुन्दरताप्रति घमन्ड नगर्ने साथै फ्रि एन्ड □ग्राङ्क युवती राम्रा हुन्छन् ।

**तरुणकुमार कर्ण** (२७), **सिन्धुली**

आजको जमानामा कस्ता केटी राम्रा हुनु नि ? मिनीस्कर्ट लगाएर ह्वीस्की-बियर, चुरोट आदि खाने, किनकि यो एक्काइसौँ शताब्दी हो ।

**प्रकाश रिजाल, बाग्लुङ**

गम्भीर, विचारशील, अनुशासित तथा आदर्श युवती राम्रा हुन्छन् । किनकि उनीहरू चरित्रको सुन्दरतामा ध्यान दिन्छन् ।

**अरुणा**

खै सम्पादकज्यू, मैले त अहिलेसम्म कुनै केटी नै हेरेको छैन, कस्ता राम्रा कस्ता नराम्रा ?

**वैधनाथ कोइराला, भोजपुर**

युवती □ कस्तो प्रश्न सम्पादकज्यू ? गाजल लगाएकी, कुर्ता हैन स्कर्ट लगाएकी, केश बाँधेको होइन ब्रस कटिङ गरेकी युवती राम्रा हुन्छन् ।

**शमशेरबहादुर राई** (१८), **ओखलढुंगा**

व्यावहारिक र हिस्सी परेका युवती राम्रा हुन्छन् ।

**हडिन्द्र कार्की** (२५), **धनकुटा**

कस्ता हुनु नि ? जीउडाल चट्ट मिलेका, डेढ मिटर लगाउने ठाउँमा आधा मिटर लगाएका, उत्तेजक अंग अलि-अलि देखाएका, सेक्सी खालका युवती राम्रा हुन्छन् ।

**जयराम कोइराला, संखुवासभा**

फूलको आँखामा फूलै संसार, काँडाको आँखामा काँडै संसार गीतबाटै प्रस्ट छ नि सम्पादक ब्रो ।

**विनोद खतिवडा**

खै, कस्ता-कस्ता ? भन्न त मन थियो नि, तर किन युवतीको नाक ठूलो बनाउने ? बरु अब अर्को प्रश्न युवकको बारेमा रै'छ, त्यसमा चाहिँ केही लेख्नुपर्ला ।

**बी. खतिवडा, इनरुवा**

खै सम्पादकज्यू, आफूलाई त कस्ता राम्रा हुन्छन् ? थाहा छैन । थाहा भए त लभ पर्थ्यो नि । बरु हजुरले उमेर छँदै विवाह गर्दा कसरी राम्री लागेर बिहे गर्नुभो ?

**प्रकाश शर्मा** (१८), **बाग्लुङ**

सम्पादकज्यू, युवतीको चक्कर चलेको छ कि क्या हो ? राम्रा युवती देखेर फस्नुहोला नि । बाहिर सुन्दर देखे पनि भित्र त उही.... ।

**दुर्गाबहादुर माझी**

कोमल मन, दयालु र प्रेमको खानी अनि मानवता भएकी युवती राम्रा हुन्छन् । किनकि मानिसमा हुनुपर्ने गुण पनि यिनै हुन् ।

**कालेमन**

आफ्नो रूपको घमन्ड नगर्ने अनि कपडा लगाउन कन्जुस्याइँ नगर्ने युवतीहरू राम्रा हुन्छन् ।

**उद्धवकुमार थापा** (२०), **काठमाडौँ**

उही त हो सम्पादकज्यू, मृगनयनी, सुडौल छाती, टम्म मिलेका दाँत, लजालु स्वभाव, सिल्की केश अनि सिंगारपटार गरी बाटामा हिँड्दा पनि टाढैबाट खुश्बु आउने खालको छ ।

**नारायण कुँवर** (२०), **तम्घास**

गोलो अनुहार, गोरी, स्लिम, मीठो बोलीवचन अनि सुन्दर चेहरा



भएकी युवती राम्रा हुन्छन् ।

**सिजन श्रेष्ठ, संखुवासभा**

हेर्दा आधुनिक भए पनि आफ्नो संस्कृतिसँग मिल्ने, व्यावहारिक र स्माइलिङ, किनकि म यस्तै गुण भएकीसँग प्रेमबन्धनमा छु ।

**lax-1ps@yahoo.com**

जीउडाल मिलेका, पाइन्ट, मिनीस्कर्ट लगाउन नजान्ने, मेरो नयनमा नयन जुधाउने, उही मेरी प्रेमिकाजस्ती युवती राम्रा हुन्छन् ।

**रेशम फगामी, म्याग्दी**

आकर्षक चेहरा, स्पष्ट वक्ता, लगनशील, छलकपट नगर्ने, कुनै पनि कुरालाई सहज ढंगले प्रस्तुत गर्न सक्ने, सुखमा नमात्तिने र दुःखमा नआत्तिने, अरूको भावना बुझ्ने ।

**दीपक पोखरेल, लोकन्थली**

## ● यौन जिज्ञासा र समाधान ●



डा. राजेन्द्र भद्रा

**प्रश्न : म विवाहित पुरुष हुँ । मेरो उमेर ३० वर्ष पुग्यो । मेरी श्रीमती यौनसम्पर्कका बेला उत्तेजनाको चरममा पुगेपछि लजाएर आँखा बन्द गर्छिन् । त्यसको कारण के होला ? कुनै यौनसम्बन्धी पुस्तकमा मैले यस्तो प्रतिक्रिया नकारात्मक हो भन्ने पढेको थिएँ । फेरि म जहिले पनि अस्थायी साधन प्रयोग नगरी कृत्रिम उपायहरू अपनाउँछु । महिलाहरूमा महिनावारी भएको कति दिनसम्म गर्भ रहन्छ ? मेरी श्रीमती सँग मैले २६ दिनमा सम्पर्क गर्दा गर्भ रह्यो । यस्तो कसरी हुन्छ ?**

**–के.के.**

**उत्तर** : तपाईंले कस्तो किसिमको कृत्रिम उपाय प्रयोग गर्नुभएको हो ? स्पष्ट भएन । सामान्यतः पात्रो विधि वा लिङ्ग झिक्ने विधि आदिलाई प्राकृतिक भनिन्छ । बरु आधुनिक औषधी वा उपायलाई एक किसिमले कृत्रिम भन्न मिल्ला । अस्थायी साधन भन्नाले बन्ध्याकरणबाहेकका साधनहरू जस्तै– कन्डम, खाने चक्की, तीनमहिने सुई, कपर-टी अनि इम्लान्टलाई लिइन्छ । राम्रोसँग प्रयोग गरिएको स्थितिमा यी साधनहरूको प्रभावकारिता निकै उच्च छ । यसमा गर्भ रहने सम्भावना न्यून रहन्छ । यो सन्दर्भमा महिनावारी भएको कति समयमा गर्भ रहन्छ भन्ने प्रश्नले तपाईंको प्रश्न अर्कै कुरातर्फ लक्षित हो कि भन्ने आशंका गर्ने ठाउँ मिलेको छ ।

**महिनावारीको २६ दिनमा गर्भ रहला ?**

डिम्बको उत्पादन 'चक्रिय' रूपमा हुने भएकाले महिलाहरू महिनाभरी नै जुनसुकै बेलामा पनि गर्भधारण गर्न सक्ने अवस्थामा हुँदैनन् । बुझ्नुपर्ने कुरा के हो भने डिम्ब निष्कासन भएको यस्तै १४ दिनमा महिनावारी सुरु हुन्छ । यस्तै २८ दिनको महिनावारी भएको महिलाको १४औं दिनतिर डिम्ब निस्कने भएकाले यतिबेला सम्भोग गर्दा गर्भ रहने सम्भावना एकदमै धेरै हुन्छ । डिम्ब निस्किएको यस्तै २४ देखि ४८ घण्टासम्म बाँच्छ भने महिलाको प्रजनन अंगभित्र शुक्रकीटहरू ७२ घण्टा वा त्योभन्दा बढी बाँच्न सक्छन्, त्यसैले डिम्ब निस्कने केही अघिको र केही दिनपछिको समयलाई गर्भधारणका दृष्टिले असुरक्षित काल मानिन्छ । यदि महिनावारी ठिक २८ दिनमा नभै ढिलो चाँडो हुन्छ भने यसलाई गर्भबाट बच्ने उपायका रूपमा अपनाउनुभन्दा पहिले राम्रोसँग सोचविचार गर्नुपर्ने हुन्छ ।

सबैभन्दा छोटो महिनावारीबाट १८ दिन घटाउँदा गर्भवती हुन सक्ने पहिलो दिन पत्ता लाग्छ भने सबैभन्दा लामो दिनबाट ११ दिन घटाउँदा गर्भवती हुनसक्ने अन्तिम दिन पत्ता लाग्छ । उदाहरणका लागि यदि कुनै महिलाको महिनावारी चाँडोमा २४ दिनको र ढिलोमा ४० दिनको हुने रहेछ भने २४-१८=६ हुन्छ, अर्थात् छैटौं दिनदेखि सम्भोग गर्दा गर्भ रहन सक्छ अनि ४०-११=२९ हुन्छ अर्थात् २९ औं दिनभन्दा पछि यौनसम्पर्क गर्दा हुन्छ । यस्तो स्थितिमा छैटौं दिनदेखि २९औं दिनसम्मको समय असुरक्षित हुनसक्छ, तर तपाईंले आ□नी श्रीमतीको महिनावारीका बारेमा केही लेख्नुभएको छैन । अर्को कुरा सबै योनिरक्तश्राव महिनावारी नहुन सक्छ ।

सुरक्षितकालबाहेक अरू समयमा यौनसम्पर्क नै नगर्ने वा कन्डमजस्ता साधन प्रयोग गर्नुपर्छ । प्राकृतिक विधिले गर्भवती हुनबाट सुरक्षा प्रदान गर्ने भए पनि यौन रोग र एच.आई.भी.बाट बचाउँदैन भन्ने कुरा सम्झनुपर्छ ।

**किन आँखा चिम्लिएकी ?**

कुनै व्यक्तिले कुनै विशेष व्यवहार गर्‍यो वा गर्छ भने त्यसको वास्तविक कारण त उसैसँग सोधेर मात्र यकिन गर्न सकिन्छ, तर तपाईंले कतै पढ्नुभएको जस्तो यसरी यौनसम्पर्कको बेलामा आँखा चिम्लनुलाई नकारात्मक भन्न मिल्दैन ।

मानव यौन प्रतिक्रिया चक्रका चार चरण उत्तेजनाको चरण (Excitement Phase), Plateau Phase चरमसुख (Orgasm Phase) हो भने अन्तिम चरण Resolution Phase हो । प्लाटो फेजमा भएको यौन stimulation निरन्तर रूपमा बढाउँदै लान सकिए एउटा यस्तो विन्दुमा पुगिन्छ जहाँ व्यक्ति यौन तनावबाट मुक्त हुन्छ । यसको अवधि निकै छोटो हुने भए पनि मानव यौनजीवनमा यो चरणको विशेष महत्त्व छ, किनभने यसबेला नै मानिसले प्राप्त गर्न सक्ने सुख वा आनन्दहरूमध्ये सायद सर्वोत्कृष्ट सुखको अनुभव गर्छ । यसैलाई चरमसुख भनिन्छ ।

यो चरणमा मांसपेशीहरूमा निकै तनाव आउँछ र आफैं खुम्चने तथा खुल्ने हुन्छ । स्वास-प्रश्वास एवं मुटुको गति बढेर दोब्बर हुन्छ र रक्तचाप निकै बढ्छ । महिलाहरूमा पाठेघर, योनिको बाहिरी भाग तथा शरीरको तल्लो भागका मांशपेशीहरू खुम्चने-फुक्ने हुन्छन् । पूर्ण चरमसुख पाउँदा मांसपेशी खुम्चने फुक्ने क्रम १० देखि १५ पटकसम्म हुन्छ । यसबेला जुन सुखानुभुति हुन्छ हामी त्यसलाई चरमसुख भन्छौं । यो स्थितिमा व्यक्तिमा सामान्य अवस्थाको जस्तो मानसिक सर्तकता नहुन सक्छ ।

यौनसम्पर्क प्लाटो चरण वा चरमसुख प्राप्तिको हाराहारीमा पुग्दा कतिपयले आँखा चिम्लिन्छन् भने कतिपयले खुला नै राख्छन् । आँखा चिम्लिनेको जमात पनि ठूलो छ । जसले चिम्लिन्छन् उनीहरूको ध्येय आ□नो सम्पूर्ण शक्ति र ध्यान यौन चरमसुखको प्राप्तिमा लगाउनु हुन्छ । अहिलेको यौनसम्पर्क यौनघर्षण अनि शारीरिक स्पर्श होस् वा अन्य कुनै यौन परिकल्पनामा होस् उनीहरू आ□नो ध्यान केन्द्रित गरेर चरमसुखमा पुग्न चाहन्छन् । अर्कातर्फ कतिपयलाई यो लाज लाग्ने कुरा हुन्छ, त्यसैले आँखा चिम्लिएको हुनसक्छ ।

सबैमा समान रूपमा लागू नहुने भए पनि भनिन्छ, महिलाहरू बढी स्पर्श केन्द्रित हुन्छन् भने पुरुष दृष्टिकेन्द्रित । कुनै यौन उत्तेजक दृश्य पुरुषका लागि यौन चरमसुख प्राप्त गर्न सजिलो हुनसक्छ, त्यसैले ऊ हेर्न खोज्छ । महिलाले भने स्पर्शमा केन्द्रित हुन आँखा चिम्लन सक्छन् । गहिरो चुम्बनको बेला पनि धेरैले आँखा बन्द गर्छन् ।


**कसलाई हुँदैन र ! सुन्दर हुने चाहना**

१. उचाई बढाउने जापानी YOKO Height increaser -रु.१,२५०/-
२. Souna Belt Price -रु.२,४९९/-
३. Breast घटाउने क्रिम -रु.१,३००/-
४. Breast बढाउने क्रिम -रु.१,३००/-
५. चुरोट खान छुटाउने Spray -रु.१,४९९/-
६. Roop Amrit -रु.१,३९९/-
७. अनुहारको चाया पोतो हटाउने -रु. ३,४९९/-
८. पेट घटाउन Abking pro -रु. ६,९९९/-
९. Home Jogger -रु. ६,९९९/-
१०. कपाल झर्न रोकी नयाँ कपाल पलाउने Herbal HairOil -रु. ६५०/-
११. Breast बढाउने pump -रु. १,४९९/-
१२. जाड रक्सी छुटाउने औषधी -रु. १,०९९/-

**Global TV. Product Shop**
पुतलीसडक, (शंकरदेव क्याम्पस अगाडि)
कुमारीबैंकपछाडि फोन: ४२४२०६१, ४२३०८१५



**ENGLISH LANGUAGE TRAINING**

छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिँदैछ ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं ।

**BUD LANGUAGE INSTITUTE**
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576



**छैन अधुरो**

वर्षौंको सफल अनुभवी Specialist सँगको परामर्श र १००% प्रमाणित आयुर्वेदिक औषधि सहित ग्यारेण्टी उपचार
★ लिङ्ग विकास, शिघ्रपतन र यौन उत्तेजनाका लागि
★ ३ ईन्च उचाई बढाउने Height-Plus
★ Breast बढाउने/घटाउने र टाईट गराउने
★ मोटोपना घटाउने/तौल बढाउने (१२ Kg. सम्म)
★ १००% रक्सी छुटाउने- Anti Alcohol
★ ३ महिनामा ७५% भन्दा बढी स्मरण शक्ति बढाउने
Memory Plus
विद्यार्थी र व्यापारीहरूका लागि अपरिहार्य ।
4282138, 2358209, 4672065, 9841079654



गाईघाट–उदयपुर सदरमुकाम गाईघाटमा आगामी माघ १६ गतेदेखि २६ गतेसम्म पूर्वाञ्चल क्षेत्रीय महोत्सव हुने भएको छ। त्रियुगा उद्योग वाणिज्य संघ गाईघाटको आयोजनामा हुन लागेको महोत्सवमा स्थानीय स्तरमा उत्पादित खाद्यसामग्री, तयारी पोसाक, ऊनीका लुगा, धूपका सामग्री, भोर्ला र सालका पातबाट पर्यटकको सहभागिता रहने अनुमान आयोजकहरूले गरेका छन्।

१० दिनसम्म चल्ने महोत्सवमा जिल्लाका प्रसिद्ध धार्मिक स्थलहरूका बारेमा प्रत्यक्ष रूपमा जानकारी गराइनुका साथै दनुवारहरूको रामदल नाच, थारुहरूको थारु नाच, राईहरूको चण्डिनाच, नेवारहरूको लाखेनाच आदि प्रस्तुत गरिनेछ। महोत्सवमा

# पूर्वाञ्चल क्षेत्रीय महोत्सव

बनाइएका दुना, टपरी, बोहता, चुरेक्षेत्रमा दुर्लभ मानिएका जडिबुटी, चित्रकलाका सामग्री, हस्तकलाका सामग्री, विज्ञानसम्बन्धी पुस्तक तथा विज्ञान प्रदर्शनी मेला, सूचना प्रविधि, टोयोटा कम्पनीका सवारी साधनहरू गरी १ सय १ वटा स्टल राखिनुका साथै पूर्वमै स्वादिष्ट मानिएका विभिन्न परिकारलाई छुट्टै १० वटा स्टलमा राखिने वाणिज्य संघका महासचिव गोपाल श्रेष्ठले बताए।

महोत्सवमा पूर्वका १६ वटै जिल्लाका उद्यमीहरूको सहभागिता रहनुका साथै मध्यमाञ्चल, पश्चिमाञ्चलबाट सहित १ लाखभन्दा बढी आन्तरिक तथा बाह्य ख्यातिप्राप्त राष्ट्रिय कलाकारहरूबाट प्रहसनहरू प्रस्तुत गरिनुका साथै लोक, आधुनिक र पप गायक-गायिकाहरूले पनि मनोरञ्जन प्रदान गर्नेछन्। महोत्सवमा लोकप्रिय दोहोरी गायक-गायिकाहरूले उपस्थितहरूलाई नचाउनेछन् भने बालनृत्य, कविता, गजल र खुला नृत्य प्रतियोगिता पनि गरिने छ। महोत्सवमा भाले जुदाइ, हण्डिफोर, कुर्सीदौड, डोरी तान्नेजस्ता खेलहरू समावेश गरिनेछ। महोत्सवकै अवसर पारेर उदयपुर जिल्लामा जन्मिई देशको विशिष्ट स्थानमा पुगेका विभिन्न व्यक्तिलाई सम्मान गरिनेछ।

**विमल खतिवडा**

# वीरेन्द्र र सौगातले नचाए

बुटवल– पुसको जाडो र हुस्सुले निकै कठ्याङग्रिएको थियो सोमबार मध्यान्ह कपिलवस्तु चौवन्नपुरको मौसम, तर जाडोको पर्वाह नगरी रमाइरहेका थिए गाउँलेहरू बुद्धभूमि क्याम्पस प्राङ्गणमा। माघेसंक्रान्तिको अवसर पारेर हिमालयन युवा क्लब बरकलपुर र युनाइटेड म्युजिक प्रा.लि. काठमाडौंद्वारा आयोजित 'मकरसंक्रान्ति विविध सांस्कृतिक कार्यक्रममा रूपन्देहीका लोकप्रिय गायकहरू सौगात सायर र वीरेन्द्र अग्रहरीले आफ्ना गीतहरूमार्फत सबैको मन जित्दै आफूसँगै छमछमी नचाए। सन्तोष अग्रहरी, श्रीनिवास चौधरी, मीना चौधरी, सरु थापा, सरिता पन्थी, रन्जित चौधरी, नरेश पाण्डेको गीत अनि सोनु घिमिरे, कशिष अर्गेजा, राज केसी, कोहिनुर र पवन चौधरीको नृत्यले दर्शकहरूलाई पर्याप्त मनोरन्जन



कार्यक्रम'मा कलाकारसँगै नाच्न, गाउन र रमाउन युवायुवतीदेखि बालबालिका र वृद्धवृद्धासमेत करिब ५ हजार मानिस त्यहाँ भेला भएका थिए।

गाउँमै पहिलोपटक भएको प्रदान गरेको थियो। गत वर्षको हिंसात्मक घटनाबाट आहत सो क्षेत्रमा सामाजिक सद्भाव कायम राख्ने उद्देश्यले कार्यक्रम गरिएको आयोजक श्रीनिवास चौधरीले साप्ताहिकलाई बताए।



तमु समाज, युएईले अबुधाबीस्थित इक्वेस्टेरियन क्लबमा २५९३ औं ल्वोंल्हो पर्व जनवरी ९, २००९ मा एक कार्यक्रमका बीच भव्य रूपमा मनायो। रोजगारीको सिलसिलामा विभिन्न कला र गला लिएर युएई आएका नेपाली कलाकारहरूले ७८ वर्षीय पूजनीय हजुर आमा गंगादेवी तमुदेखि ७ वर्षीया बालिकासम्मलाई छमछम्ती नचाए।

युएईको अबुधाबीस्थित भाषाका विभिन्न गीत, नेपाली गीत तथा नृत्य प्रस्तुत गरे। उक्त कार्यक्रममा दुबई, अलेन,

# नचायो लोसारले

इक्वेस्टेरियन क्लबको खुला चौरमा आयोजित उक्त कार्यक्रममा युएईका विभिन्न कार्यक्रममा प्रस्तुति दिँदै आएका कलाकारहरू दीपशिखा (दीपक) गुरुङ, ज्ञान लामा, सागर रेग्मी, कर्ण तमु, प्रेमा लामा, राजु गुरुङ, कल्पना तमुस्यो, भावना ढकाल, राजकुमार तमु, अमृत तमु, सुनिता श्रेष्ठ, सनबहादुर घले, सम्झना वाइबा आदिले गुरुङ अबुधाबीबाट तमुहरू तथा अन्य प्रवासी नेपालीहरूको बाक्लो उपस्थिति थियो। दर्शकहरूले झुम्मिूदै नाच्दै, गीतका टुक्काहरू गाउँदै कलाकारहरूमा ऊर्जा थपेका थिए। कार्यक्रम दिउँसो ४ बजे सुरु भै राति १० बजेसम्म चलेको थियो। कार्यक्रम अवधिभर दर्शकहरूको भीड उत्तिकै थियो।

**–खेमनाथ पौडेल**

# मुर्गियामा खिचडी महोत्सव



बुटवल– बुटवलको छिमेकी गाविस पर्रोहाको मुर्गियामा पहिलो पटक दुईदिने खिचडी महोत्सव सम्पन्न भएको छ। थारु समुदायको महान् पर्व माघीको अवसर पारेर पर्रोहा उच्च मा.वि.को प्राङ्गणमा शुक्रबार र शनिबार सञ्चालन भएको महोत्सवमा थारु संस्कृतिका परम्परागत नाच एवं परिकारहरू मुख्य आकर्षण थिए। सांस्कृतिक कार्यक्रमअन्तर्गत थारु युवायुवतीले झुमडा, झर्रा, मयूर, सोरठी र आधुनिक नृत्य प्रस्तुत गरेर महोत्सवमा रौनक थपेका थिए। यस्तै थारु समुदायमा लोकप्रिय घोगी, खिचडी, स्थानीय माछा, कछुवा, अनदीको भुजा, बरिया, पतुसनी, ढिकरी, अनदीको भुजा, छप्काजस्ता परिकारको प्रदर्शनी एवं बिक्रीले महोत्सवमा आउनेहरूलाई नयाँ स्वाद प्रदान गरेको थियो।

'यस्तो भव्य होला र यति धेरै मान्छे आउलान् भन्ने सोचेकै थिइनू,' लक्ष्यभन्दा दोब्बर २० हजार दर्शकले महोत्सव अवलोकन गरेको जानकारी दिूदै आयोजक थारु कल्याणकारिणी सभा पर्रोहाका सभापति रामवली चौधरीले बताए। महोत्सवअन्तर्गत रक्तदान र ढकियासहित झाँकी पनि प्रदर्शन गरिएको थियो।

**–टोपराज शर्मा**

# तनहुँमा महोत्सवको रन्को



तनहुँ- केटाकेटी, युवायुवती, बूढाबूढी सबैको ध्यान यति बेला दोस्रो तनहुँ महोत्सवले तानेको छ। 'तनहुँ महोत्सव हाम्रो आधार, सामाजिक आर्थिक विकासको पूर्वाधार' भन्ने नाराका साथ पुस २५ गते प्रारम्भ भएको दस दिने महोत्सवमा दर्शकहरूको घुइँचो देखिन्छ।

सोमबार महोत्सव हेर्न आईपुगेका ठाडो भाकाका गायक भेडिखर्के साहिला पनि खुबै रमाए। दर्शकको बाक्लो उपस्थितिले गर्दा आशा गरिएभन्दा बढी आर्थिक कारोबार हुने देखेका छन् उद्योग वाणिज्य संघका अध्यक्ष शंकरलाल राजभण्डारीले। महोत्सवमा कृषि उत्पादनलाई प्राथमिकता दिइएको छ, जहाँ कृषि उत्पादनको मात्रै ३० वटा स्टल छन्।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उत्पादन, घरेलु सामग्री, बाँसका जराबाट बनाइएका हस्तकला, रेस्टुरेन्ट गरी १ सय ६३ वटा स्टल छन्। महोत्सवको अन्तिम दिनसम्ममा करिब २ लाख ५० हजार दर्शक र २ करोडभन्दा बढी आर्थिक कारोबार हुने अनुमान आयोजकहरूको छ।

विभिन्न जातिय पहिरनमा सजिएका युवायुवती महोत्सवका आकर्षण हुन्। चितवनबाट ल्याइएको हात्तीमा ५० रुपैयाँको टिकट काटेर चढ्नेहरूको भीड लाग्ने गरेको छ। स्थानीय कलाकारहरूबीचको लोकदोहोरी र अन्य सांगितिक कार्यक्रमले दर्शकहरूलाई तताएको छ। महोत्सवका क्रममा प्रस्तुत सांस्कृतिक कार्यक्रममा शिला आले, बमबहादुर कार्की, प्रजापति आदि लोक गायक-गायिकाका साथै हास्यकलाकार रवि डंगोल बेमान र पूर्ण थापाले दर्शकको मन जितेका छन्।

**–पूर्ण विके**

# वालिङ र म्याग्दीमा महोत्सव

'हाम्रो गौरव हाम्रो शान, वालिङ महोत्सव हाम्रो पहिचान' भन्ने नाराका साथ आगामी माघ १० देखि १८ गतेसम्म स्याङ्जाको वालिङ खेलमैदानमा दोस्रो वालिङ महोत्सव हुन लागेको छ। स्याङ्जाको वालिङमा दोस्रो पटक आयोजना गर्न लागिएको वालिङ महोत्सव तथा क्षेत्रीय औद्योगिक व्यापार मेला ०६५ को तयारी तीव्र गतिमा जारी छ।

महोत्सवमा करिब तीन करोडको आर्थिक कारोबार गर्ने तथा झन्डै २ लाख आन्तरिक एवं बाह्य पर्यटक भित्र्याउने लक्ष्य लिएको वालिङ महोत्सव मूल आयोजक समितिका संयोजक लेफ्टिनेन्ट यामबहादुर गुरुङले जानकारी दिनुभयो। महोत्सवकमा क्षेत्रीय स्तरका व्यापारिक स्टलजस्तै अटोमोबाइल, कृषि प्रदर्शनी जिल्लाको प्रख्यात सुन्तला खेतीको प्रदर्शनी, बालउद्यान, लोकदोहोरी प्रतियोगिता तथा प्रस्तुति हस्तकलाको प्रदर्शनी आदि छन्।

**म्याग्दी महोत्सवमा जडिबुटी प्रदर्शनी**

म्याग्दी उद्योग-वाणिज्य संघले माघ १ गतेदेखि सदरमुकाम बेनी बजारमा म्याग्दी महोत्सव-२०६५ सञ्चालन गरेको छ। माघ ८ गतेसम्म चल्ने यो महोत्सवमा जिल्लामा उत्पादित विभिन्न ८० प्रकारका जडीबुटीको विशेष प्रदर्शनी गरिएको छ। महोत्सवस्थलमा १ सय ५० स्टलको व्यवस्था गरिएको छ। 'उद्योग, व्यापार र कलाको विकास गरौं, संस्कृतिको संरक्षण गर्दै पर्यटन प्रवर्द्धन गरौं' भन्ने नाराका साथ यो महोत्सवको आयोजना गरिएको हो।

**– रविन राचलिका**


## रोजगार

OSN संस्थालाई कर्मचारीहरु अर्जेन्ट महिला, गृहणी, विद्यार्थीहरुलाई ग्राहयता, घरैमा बसी काम गर्न सकिने, ४५००-७५००, ०१६२२०११९, ९७४११४८०५४

NGO को संस्थालाई साधारण SLC+2 कर्मचारी आवश्यकता तलव ९०००।- २०७२५४५, ९८४१४९३०२६, ९८४९१५२०९२, चावहिल

अन्तर्राष्ट्रिय संस्थाको सहयोगमा १८-२८ वर्षसम्म SLC पास केटीहरूको लागि जर्मनी, डेनमार्क र फ्रान्समा रोजगारीको सुवर्ण अवसर, सिट सिमित, सम्पर्क: ०१६९१३७८९, ९८४१४४४९७३, ९८४१३८९९७५

शिक्षित, अशिक्षित कर्मचारी आवश्यकता, ५०००-७०००।-, २१४२६०३, ९८०३९०३७३९

## सम्पर्क

Bank Balance with Transaction complete visa-documentation 4225343, 9851106495

## उपचार

यौन सन्तुष्टि लिङ्गको लम्बाई तथा मोटाई बढाउने २३२५३५२, ९८४१९८१९७६

अल्काई Piles पिडित बिरामीहरुलाई खुशीको खबर, जस्तोसुकै खाने र पिउने चिज बार्नै नपर्ने गरी ग्यारेन्टिका साथ उपचार गरिन्छ साथै पुराना अपरेशन गरिसकेका बिरामीहरुको ग्यारेन्टी उपचार गरिन्छ। ग्यारेन्टि अल्काई उपचार केन्द्र, सोह्रखुट्टे, नयाँबजार, २२९०८०५, ९८४१४०८४५४

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकैका **कान्तिपुर बर्गीकृत संकलन काउण्टर** तथा सिधा मोवाइल **९८४१-२०५९७७** मा सम्पर्क गर्न अनुरोध गरिन्छ।



## राष्ट्रिय खेलनीति निर्माण-प्रक्रिया

# केही सम्भावना, थुप्रै चुनौती

**तत्कालीन शिक्षा तथा खेलकुदमन्त्री देवीप्रसाद ओझाको कार्यकालमा पनि राष्ट्रिय खेलनीति निर्माणका लागि कार्यदल बनेको थियो। त्यस्तै, मंगलसिद्धि मानन्धरले मन्त्रालय सम्हालेका बेला पनि तीन सदस्यीय समिति बनेको थियो।**

● **शिव मुखिया**

काठमाडौं– समयसापेक्ष खेलकुद नीति तर्जुमा गर्न यसै साता युवा तथा खेलकुद मन्त्रालयको निर्देशनमा 'राष्ट्रिय खेलकुद नीति मस्यौदा सुझाव कार्यदल समिति' गठन भएको छ। २८ सदस्य रहेको समितिले तोकिएको समयसीमाभित्र समयसापेक्ष खेलकुद नीति तर्जुमा गर्ला ? खेलवृत्तमा बहस चल्न थालेको छ।

स्पष्ट खेलनीतिको अभावमा खेलकुदको विकास अपेक्षित रूपले हुन नसकेको जानकारहरू बताउँछन्। 'अहिलेसम्म खेलकुद नीति नबन्नु दुर्भाग्य हो,' राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष एवं कार्यदलका सह-संयोजक सीताराम मास्के भन्छन्- 'जसको अभावमा खेल सम्बद्ध संघ-संस्थाहरूले सही दिशा पहिल्याउन सकेका छैनन्।' हाले गठित उच्चस्तरीय समितिले समयानुकूल र वर्षौंसम्म काम लाग्ने गरी खेलनीति तर्जुमा गर्ने मास्केको दाबी छ। मास्के भन्छन्-'हामी अब जुन नीति बनाउँछौं, त्यसले खेलकुदलाई स्पष्ट दिशानिर्देश गर्नेछ र त्यो नीति पचासौं वर्षसम्म पनि काम लाग्नेछ।' ३० को दशकदेखिको पुरानो संरचनामा व्यापक परिवर्तन गर्नुपर्ने भएकाले सोही अनुरूप कार्यदलले प्रतिवेदन तयार गर्ने मास्केले जिकिर गरे, तर उनको भनाइमा विश्वास गरिहाल्न सकिने स्थिति नरहेको स्वयं खेलसम्बद्ध व्यक्तिहरूको भनाइ छ। 'विगतमा पनि यस्ता समितिहरू बनेका थिए,' एथलेटिक्सका पुराना खेलाडी गंगाबहादुर थापा भन्छन्-'राष्ट्रिय नीति भनेर राजनीति गर्ने हो, खेलनीति भैदिएको भए त हुन्यो नि।' थापाका अनुसार यो राजनीति गर्ने मेलो मात्र हो। यसमा खेलमै जीवन अर्पिएका खेलाडीहरूभन्दा पनि राजनीति गर्ने व्यक्तिहरूको मनोमानी हुने उनको तर्क थियो।

तत्कालीन शिक्षा तथा खेलकुदमन्त्री देवीप्रसाद ओझाको कार्यकालमा पनि राष्ट्रिय खेलनीति निर्माणका लागि कार्यदल बनेको थियो। त्यस्तै, मंगलसिद्धि मानन्धरले मन्त्रालय सम्हालेका बेला पनि तीन सदस्यीय समिति बनेको थियो। 'संरचना तथा नीति, नियम पुनर्व्यवस्थापन समिति' नामक उक्त समितिले खेलकुद ऐन २०४८ लाई संशोधन गर्नेबाहेक अरू उल्लेख्य काम गर्न सकेन। केही वर्षअघिसम्म राष्ट्रिय खेल नीति निर्माणका लागि मन्त्रालयबाट प्रतिवर्ष दुई लाख रुपैयाँका दरले बजेट विनियोजन गरिन्थ्यो, तर त्यो रकम के काममा खर्च भयो, कसैलाई थाहा छैन, न त खोजी नै भएको छ। 'विगतमा बजेट अभावका कारण ठोस काम हुन सकेन,' मास्केले भने।

हाल सबै पक्षलाई समेटेर मन्त्रिपरिषदबाटै अनुमोदन हुने गरी उच्चस्तरीय समिति गठन भएको सम्बन्धित पदाधिकारीहरूको भनाइ छ। साथै, यो समितिले निर्धारित समयमै समयसापेक्ष खेलनीति मस्यौदा तयार गर्ने उनीहरू दाबी गर्छन्।

अब तयार गरिने खेलनीतिले पुरानो संरचनाको अन्त्य गर्ने, खेलाडीको जनजीविकाको कार्यक्रम ल्याउने, न्यायिक रूपमा अधिकार विकेन्द्रित गर्ने, खेल आबद्ध व्यक्तिहरूको पेसागत सुरक्षाको ग्यारेन्टी गर्ने, भौतिक पूर्वाधार साझेदारीका रूपमा विकास गर्ने मास्केले बताए।

राष्ट्रिय खेलनीति मस्यौदा तयार गर्न पाँचै विकास क्षेत्रबाट स्थलगत सुझाव संकलन गरिनेछ। 'हामी कार्ययोजना बनाएर अघि बढ्नेछौं,' मास्केले भने। साथै, यसका लागि योजना आयोग, खेलकुद पदाधिकारी, पार्टी प्रतिनिधिहरू, उद्योग व्यापारीहरू, सेना, प्रहरी, खेलकुद प्रतिष्ठानलगायत सबै क्षेत्रलाई समेटेर परिचालन गरिनेछ।

राष्ट्रिय खेलनीति मस्यौदा तयार गर्न युवा तथा खेलकुद मन्त्रालयबाट १० लाख रुपैयाँसम्म छुट्याइने बताइन्छ। यसका बाबजुद यो काम सम्पन्न गर्न थुप्रै चुनौती पनि सामना गर्नुपर्ने सम्बन्धित पदाधिकारीहरू बताउँछन्।

खेलकुदमा अस्वस्थ्य राजनैतिक चलखेल, खेलकुदक्षेत्रमा अधिनायकवाद, विशेषज्ञको अभाव, आर्थिक अभावजस्ता चुनौतीहरू रहेको पाइन्छ। त्यस्तै, राज्य संघीय व्यवस्थाअनुरूप सञ्चालन हुँदा पनि त्यसअनुकूल नीति बनाउनुपर्ने अर्को चुनौती छ।

● मैदान बाहिर ●



# बेकर पुरानै रूपमा

कुनै समय पुरुष टेनिसको क्षेत्रमा बादशाह कहलिएका जर्मन खेलाडी बोरिस बेकर अहिले महिलाका कारण बेला-बेलामा चर्चामा आइरहन्छन्। महिलासँग बढी सम्बन्ध राखेकै कारण उनले आफ्नो खेलजीवनको उत्तरार्द्धमा खासै राम्रो प्रदर्शन गर्न सकेनन्, जसका कारण उनी टेनिसका बादशाहबाट जर्मन प्लेब्वाईमा परिणत भए।

उनले आफ्नो जीवनमा करिब आधा दर्जन महिलासँग घनिष्ठ सम्बन्ध राखे, जसमा केही प्रेमिकाका रूपमा सीमित भए भने कोही श्रीमतीका रूपमा परिणत भए। यस क्रममा उनले आफूले टेनिस खेलबाट कमाएको सम्पत्तिसमेत गुमाए। ४० वर्षको उमेरमा आएर कुनै समय आफूलाई टेनिसको प्रशिक्षण दिने प्रशिक्षककी छोरी एलेस्यान्ड्रा मेलेन उल्डनसँग स्वयंवरसमेत गरेका बेकर अहिले आफ्नी पुरानी प्रेमिकातर्फ आकर्षित भएका छन्। गत वर्ष आफ्नो ४० औं जन्मदिनको एक दिनअघि बेकर र जर्मन मोडल सर्ली 'लिली' कार्सेनबर्गबीच बिछोड भयो।


बिछोडपछि बेकरले एसएमएसद्वारा उनलाई नानाभाँति भने, तर बेकर आफ्ना दुई छोराका साथ स्वीजरल्यान्डमा छुट्टी मनाउन जाँदा लिलीसँग पुन भेट भयो। गत वर्षको नोभेम्बर महिनामा पारपाचुके गरेका यी जोडीको सम्बन्ध पुन: जोडियो, तर बेकरले पुरानै प्रेमिकासँग सम्बन्ध गाँसेपछि हिराको डिजाइनिङ गर्ने एलेस्यान्ड्राले बेकरसँगको सम्बन्ध एउटा क्षण भएको र आफूले अहिले ती क्षणलाई बिर्सन चाहेको बताइन्, तर बेकरले आफ्नी पुरानी प्रेमिका पुन: आफ्नो जीवनमा आएपछि भने– 'जीवनमा कहिलेकाहीं राम्रा कुरा फर्कदो रहेछ।'

# बदनाम प्रेमिकाहरू

युरोपमा व्यावसायिक फुटबल खेलाडीहरूको पारिश्रमिक बढी नै हुन्छ। यो आम्दानीका कारण युरोपियन फुटबलरका प्रेमिका र श्रीमतीहरूको जीवनशैली रवाफिलो बन्दै गएको छ। बेलायतमा हालै गरिएको एक सर्वेक्षणमा के पाइयो भने म्यानचेस्टरमा बस्ने महिला त्यसमा पनि फुटबलरका प्रेमिकाहरू सर्वाधिक खर्च गर्ने महिलाको श्रेणीमा आउँछन्। वायने रुनीकी प्रेमिका कोलिन तथा क्रिस्टियानो रोनाल्डोकी प्रेमिका गामा एट्किन्सनले एकपटकमा २ लाख बराबरको किनमेल गर्छन्। यो अनुपातमा स्वान्सिका महिलाहरू दोस्रो स्थानमा आउँछन्। त्यहाँका महिलाहरूले किनमेल गर्दा १ लाख ९१ हजार रुपैयाँ खर्च गर्छन्। यसरी महिलाहरूले किनमेल गर्ने क्रममा क्याम्ब्रिज, बर्मिङ्गहम र लन्डनका महिलाहरू क्रमश: तेस्रो, चोथो र पाँचौं स्थानमा छन्।

खर्चमा फुटबलरका प्रेमिकाहरू पहिलो स्थानमा आए पनि उनीहरू आफ्ना प्रेमीजस्तै प्रभावशाली हुन्छन् कि भनेर गरिएको अर्को सर्वेक्षणमा उनीहरू हाइ हिल जुत्ता लगाएर हिँड्न माहिर तर सामान्य ज्ञान नभएका पाइयो। टिनएजका युवतीहरूमाझ फुटबलरका प्रेमिका र श्रीमतीले कस्तो किसिमको प्रभाव पारेका छन् भनेर गरिएको सर्वेक्षणमा फुटबलरका प्रेमिका र श्रीमतीहरूले कुनै किसिमको प्रभाव नपारेको देखियो। बरु उनीहरूको चालचलनले युवतीहरूलाई नकारात्मक असर पारिरहेको देखियो।





# कीर्तिमान कायम गर्ने पुरस्कार राशि

विश्वका धनी राष्ट्रमा आर्थिक मन्दी छाएपछि त्यसको प्रभाव खेलकुद क्षेत्रमा पनि पर्ने अनुमान धेरैले गरेका थिए, तर त्यसको विपरीत अस्ट्रेलियामा भैरहेको अस्ट्रेलियन ओपन टेनिस प्रतियोगिताका आयोजक समितिले अहिलेसम्मकै सर्वाधिक बढी नगद पुरस्कार वितरण गर्ने घोषणा गरेका छन्। गत शनिबार गरिएको घोषणाअनुसार आयोजक समितिले गत वर्षको तुलनामा कुल पुरस्कार राशिमा १२ दशमलव ३ प्रतिशतले वृद्धि गरेको छ। यो वृद्धिअनुसार आयोजक समितिले यो वर्ष प्रतियोगिताका विजेता र उपविजेताहरूलाई १ करोड ५७ लाख अमेरिकी डलर वितरण गर्नेछ। यसपटक महिला तथा पुरुष एकलमा उपाधि जित्ने खेलाडीले २० लाख अस्ट्रेलियन डलर पाउनेछन् भने उपविजेताले १० लाख डलर हात पार्नेछन्। टेनिस अस्ट्रेलियाका प्रबन्ध निर्देशक स्टिभ उड भन्छन्- 'हामीले गत अक्टोबर महिनामै खेलाडीले पहिलो स्थान हासिल गरे उसले पाउने १३ लाख ७० हजार अस्ट्रेलियन डलरलाई वृद्धि गरेर १६ लाख २० हजार दिने घोषणा गरेका थियौं, तर हामीले यसमा अझ वृद्धि गरेर २० लाख अस्ट्रेलियन डलर कायम गऱ्यौं। हाम्रो ध्येय वर्षको पहिलो ग्रान्डस्ल्याम टेनिस प्रतियोगिता जितेर खेलाडीले सन्तोषजनक नगद पुरस्कार हात पारून् भन्ने हो।'



# एक दशकपछि राष्ट्रिय प्रतियोगिताको सोच

**साप्ताहिक समाचार**

काठमाडौं- प्रत्येक दुई-दुई वर्षको अन्तरालमा राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले आयोजना गर्नुपर्ने बृहत् राष्ट्रिय खेलकुद प्रतियोगिता १० वर्षको अन्तरालपछि गर्ने घोषणा भएको छ। गत साता काठमाडौंमा सम्पन्न राष्ट्रिय खेलकुद परिषद्को ६५ औं बोर्ड बैठकले आगामी चैत महिनामा पाँचौं बृहत् राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको हो।

राखेपले वि.स. २०३८ सालमा राष्ट्रिय खेलकुद प्रतियोगिताको अवधारणा ल्याएपछि लगातार तीन पटक मात्र निर्धारित समयमा प्रतियोगिता हुन सकेको थियो। २०४६ सालको प्रजातन्त्रपछि राखेपको शक्तिशाली सदस्य-सचिव पदमा राजनैतिक नियुक्ति भएपछि राखेप स्वयंले आफ्नो नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न समस्या खडा भयो। सत्ता परिवर्तनपिच्छे राखेपको सदस्य सचिव परिवर्तन हुने र यदि सरकारले हटाउन नसके आर्थिक असहयोग गर्नेजस्ता कारणले पनि राष्ट्रिय खेलकुद प्रतियोगिता अवरुद्ध हुन पुगेको हो। नेपाली खेलकुद क्षेत्र राजनैतिक पूर्वाग्रहबाट पीडित हुँदै आएको छ र यो क्रम अझै जारी छ। प्रजातन्त्रको उदयपछि कुनै पनि राजनैतिक दलले पूर्ण अवधि सरकार सञ्चालन गर्न नपाएका कारण पनि खेलकुद निकायले सोचेअनुसार प्रगति गर्न नसकेको हो। यही अस्थिरताका कारण पनि राखेपको आर्थिक अवस्था सधैं तहसनहस हुने गरेको छ। राजनैतिक नियुक्तिका आधारमा आएका जिम्मेवार व्यक्तिहरूले आफ्ना कार्यकर्तालाई कुनै पदमा बहाल गरी तलब खाउने परम्परा अझै छ। यही कारण राखेप खेलकुद प्रतियोगिता आयोजना गर्ने, खेलाडीहरूको प्रशिक्षण सुधार गर्ने, अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता गर्नेजस्ता कार्यहरू थाँती राखेर कर्मचारीहरूको तलब व्यवस्थापन गर्नमै लागिरहेको देखिन्छ।

सरकारले खेलकुदको विकासलाई दिएको बजेटको अधिकांश हिस्सा कर्मचारीको तलबमा सकिन्छ। सरकारले राखेपको माग अनुरूपको बजेट कहिल्यै दिएको छैन। एकातर्फ सरकारको असहयोग र अर्कातर्फ अलग राजनैतिक सोच राख्ने व्यक्तिहरूलाई स्वयं राखेपको नेतृत्व तहले असहयोग गर्ने नीतिले गर्दा नै विभिन्न खेलकुद संघमा बसेका पदाधिकारीहरूको सोचअनुरूप खेलकुद कार्यक्रमहरू हुन सकेका छैनन्। नेतृत्वतहको राजनैतिक पूर्वाग्रह र संघको आर्थिक अभाव जस्ता कारणले एकले अर्कालाई असहयोग गर्ने क्रम बढेर यसको प्रभाव बृहत् राष्ट्रिय खेलकुद प्रतियोगितामा समेत परेको छ। फलस्वरुप वि.सं. २०३८ सालमा प्रत्येक दुई-दुई वर्षको अन्तरालमा आयोजना गर्ने घोषणा राखेपले गरेको कार्यक्रम नै २० वर्षको अन्तरालमा केबल एकपटक मात्र हुन सक्यो। अहिले राखेपले एक पटक पुनः राष्ट्रिय प्रतियोगिता आयोजना गर्ने सोचलाई अघि सारेको छ तर यो सोचलाई पूर्ण रूपमा कार्यान्वयन गर्न बजेटकै अभाव देखिएको छ। किनकि राखेपले पाँचौं राष्ट्रिय प्रतियोगिता आयोजना गर्न करिब ५ करोड रुपैयाँ लाग्ने अनुमान गरेर सोहीअनुसार सरकारसँग बजेट माग गरेको थियो। अहिले सरकारले माग भन्दा पनि आधा कम २ करोड निकासा गर्ने प्रस्ताव अघि सारेको छ। यो रकम पनि सरकारले कहिले निकासा गर्ने हो स्वयं राखेप निश्चित हुन सकेको छैन।

राखेपले पछिल्लो दुई दशकको अवधिमा एकपटक मात्र राष्ट्रिय प्रतियोगिता आयोजना गरे पनि खेलकुदका संघ र केही राजनैतिक पार्टीका भ्रातृ संगठनहरूले भने लगातार रूपमा बृहत प्रकृतिका खेलकुद प्रतियोगिता गरिरहेका छन्। नेकपा माओवादी सार्वजनिक रूपमा आएपछि त्यसको भ्रातृ संगठन नेपाल गणतान्त्रिक खेलकुद महासंघले दुई पटक र नेकपा एमाले निकट प्रराय संघ तथा युथफोर्सले हालै बृहत्त प्रकृतिको राष्ट्रिय प्रतियोगिता सम्पन्न गरेका छन्। ती प्रतियोगिता आयोजना गर्न राखेपकै भौतिक पूर्वाधारहरूको सक्दो दोहन गर्दा पनि राखेप स्वयं भने यस्ता किसिमका प्रतियोगिता आयोजना गर्न तयार हुन सकेन।

राखेप अहिले केही जुर्मुराएको छ। हुन त राखेपले पछिल्लो पटक वि.सं. २०५५ सालमा राष्ट्रिय प्रतियोगिता आयोजित गरेपछि वि.स. २०५८ सालमा पनि तम्सिएको थियो तर राष्ट्रिय प्रतियोगिताको पूर्वसन्ध्यामा राजदरबार हत्याकाण्ड भएपछि उक्त प्रयास स्थगित हुन पुग्यो। राखेपले हालै गरेको घोषणा अनुसार पाँचौं राष्ट्रिय प्रतियोगिता चैत २४ गते देखि ३० गतेसम्म काठमाडौंमा हुनेछ। उक्त प्रतियोगितामा ३२ वटा खेल समावेश हुने राखेपले जनाएको छ। प्रतियोगितामा बक्सिङ, एथलेटिक्स, ब्याडमिन्टन, टेबलटेनिस, क्रिकेट, फुटबल, लनटेनिस, हक्की, भलिबल, कबड्डी, भारोत्तोलन, सुटिङ, जिम्न्यास्टिक, पौडी, ह्यान्डबल, जुडो, गल्फ, आर्चरी, कुस्ती, सफ्टटेनिस, स्क्वास, कराँते, तेक्वान्दो, उसु, बास्केटबल, शारीरिक सुगठन, बद्धिचाल, साइक्लिङ, बिलियर्ड तथा स्नुकर, फुलकन्ट्याक्ट कराँते, खोखो र आईटीएफ तेक्वान्दो खेलहरू समावेश हुनेछन्।



# ग्लाइडिङमा उडान भर्ने प्रधानमन्त्रीको सपना





**प्रवीण दत्त**

चितवन– दिनको ३ बज्नै लागेको थियो। चितवनको भरतपुर विमानस्थलमा व्यापक रूपमा सुरक्षाकर्मी परिचालन गरिएका थिए। अन्य दिन जनपथ प्रहरीले मात्र विमानस्थलमा सुरक्षा दिँदै आए पनि गत शुक्रबार सशस्त्रका एक हूल प्रहरीले चारैतिरबाट विमान स्थल घेरेर कडा सुरक्षाका दिइरहेका थिए। पर्यटकीय नगरी सौराहाबाट राजधानी जान विमान चढ्न आएका एक हँल पर्यटकलाई समेत कडा चेकजाँचपछि विमानस्थलमा प्रवेश दिइएको थियो।

भित्र हवाई मैदानछेउमा एउटा हेलिकप्टर तयार अवस्थामा राखिएको थियो। साढे ३ नबज्दै पाँच-छवटा गाडी विमानस्थल हुइकिँदै प्रवेश गरे। अगाडि दुईवटा प्रहरीको गाडी बीचमा सेतो रंगको विशेष कारपछि दुईवटा सुरक्षाकर्मीको भ्यान विमानस्थल अगाडि गेटमा रोकियो। उक्त कारबाट प्रधानमन्त्री पुष्पकमल दाहाल र उनकी धर्मपत्नी सीता दाहाल ओर्लिन नपाउँदै चारैतिरबाट सुरक्षाकर्मीले घेरा हाली भित्र विशिष्ट कक्षमा प्रवेश गराएका थिए। विशिष्ट कक्षको बाहिर स्थानीय पत्रकारहरू प्रधानमन्त्रीलाई कुरेर बसेका थिए। प्रधानमन्त्री दाहाल छिर्नेबित्तिकै आयोजकले विमानस्थलको एक छेउमा राखिएको मोटरग्लाइडिङतर्फ जान आग्रह गरे। त्यसपछि दाहाल दम्पती हतारहतार त्यहाँ पुगे। त्यहाँ आयोजकले मोटरग्लाइडिङ लिएर पोखराबाट आएकी नताशा श्रेष्ठसँग भेटघाट गराए। नताशाले तपाईंका लागि हामीले यो ग्लाइडिङ तयारी अवस्थामा राखेका छौं भनेपछि प्रधानमन्त्री दाहालले दुईमध्ये कुनमा चढ्ने ? प्रश्न गरेका थिए। दाहालले सोधे- यसमा कति जना अटाउँछ ? नताशाले टुटेफुटेको नेपालीमा उत्तर दिइन्- एक जना। प्रधानमन्त्री दाहालले धर्मपत्नी सीतालाई अर्को तयारी अवस्थामा रहेको हल्का पहेंलो रंगको ग्लाइडिङ देखाउँदै भने- तिमी त्यसमा जाऊ, त्यसपछि उनी नतासासँगै द एन एडियु लेखिएको ग्लाइडिङमा गएर बसे। उनलाई एभिया क्लबकी अध्यक्ष नताशा श्रेष्ठ आफैंले हेलमेट लगाइदिएकी थिइन। यता उनकी धर्मपत्नी सीता पौडेल अर्को ग्लाइडिङमा बसिसकेकी थिइन्। ग्लाइडिङको एकाछेउमा डिजिटल क्यामेरा फिट गरिएको थियो। त्यसलाई देखाउँदै आयोजकहरू प्रधानमन्त्रीसँग भन्दै थिए- बेलाबेलामा यता हेर्नुहोला है। ग्लाइडिङ बिस्तारै पूर्वतर्फ मोडियो। त्यति बेला प्रधानमन्त्री उपस्थित सबैलाई हात हल्लाएर अभिवादन टक्र्याइरहेका थिए अनि सुरु भयो प्रधानमन्त्री दाहालको उडान। उनलाई आकाशको सयर गर्न लगेका पाइलटले चितवनको चारैतिर घुमाएका थिए। करिब २० मिनेटजति उडेका प्रधानमन्त्रीले आफ्नो गृहजिल्लाको भू-भाग राम्रैसँग निरीक्षण गरे। प्रधानमन्त्री उडेलगत्तै उनकी पत्नी चढेको अर्को मोटरग्लाइडिङले पनि उडान भरेको थियो।

ललितपुरको कोटडाँडामा प्याराग्लाइडिङको उद्घाटन गर्न पुगेका प्रधानमन्त्री दाहाल प्रतिकूल मौसमका कारण चढ्न पाएका थिएनन्, उनको प्रतिक्रिया थियो- कोटडाँडामा देखियो यहाँ चढिने भइयो। कोटडाँडामा केही जोखिम मोल्नुपर्ने भए पनि यहाँ एकदम आरामले प्रधानमन्त्री दम्पतीले आकाशमा चक्कर काटेका थिए।

> प्रधानमन्त्री दाहालले धर्मपत्नी सीतालाई अर्को तयारी अवस्थामा रहेको हल्का पहेंलो रंगको ग्लाइडिङ देखाउँदै भने- तिमी त्यसमा जाऊ, त्यसपछि उनी नतासासँगै द एन एडियु लेखिएको ग्लाइडिङमा गएर बसे।

आकाशको कावा खाएर फर्किएलगत्तै पत्रकारको प्रश्न उनीमाथि तेर्सिन सुरु भयो। कस्तो लाग्यो, अनुभव कस्तो रह्यो ? सबैको प्रश्नमा उनले संक्षिप्त उत्तर दिँदै भने- थ्रिल फिल भयो, उड्ने बेलामा रोमाञ्चकारी मज्जा आए पनि ह्वात्तै माथि जाने बेलामा थ्रिल महसुस गरें।

चितवन महोत्सव उद्घाटन गर्न प्रधानमन्त्री गृहजिल्लामा आएका थिए भने आयोजकले महोत्सव स्थलमा पुष्पवर्षाका लागि दुईवटा मोटरग्लाइडिङ पोखराबाट चितवन भित्र्याएका थिए। उक्त मोटरग्लाइडिङमा प्रधानमन्त्रीलाई चढाउन एभिया क्लबको नताशा श्रेष्ठले महोत्सवस्थलमै समय लिएकी थिइन्। नताशाले टुटेफुटेको नेपालीमा भनिन्- म त तीन पटक चितवन महोत्सवमा आएको छु, तर यसपटक देशकै प्रधानमन्त्रीलाई आफ्नो क्लबको ग्लाइडिङमा चढाउन पाउँदा रमाइलो लागेको छ।

रोजगारमूलक तालिम
सफल व्यवसायी हुन तथा रोजगार प्राप्तिको लागि
फोटोग्राफी CAMERAMAN
DIGITAL VIDEO-EDITING & ANIMATION
PHOTO-VIDEO पत्रकारिता
नेपालमा पहिलो
उद्यमशीलता तालिम
सिर्जनशील रोजगारीको लागि
नेपालको नं. 1 Study Center (WORLDWIDE VALID CERTIFICATE)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

Worldwide Valid Certificate
होटल तालिम
चार वर्ष पुगेको अवसरमा विशेष छुट
कुक १ १/२ महिना रू. २७००/-
कुक ३ महिना रू. ३७००/-
वेटर र बारमेन रू. १३००/-
१. 5 star होटलका सेफद्वारा सञ्चालित।
२. थप तालिमको लागि 5 star होटलमा पठाइने।
३. तालिमपछि दुबई, बहराईन, कतार पठाइने।
४. Abroad Study मा जानेलाई job को लागि चाँडै अवसर मिल्ने होटल तालिम लिनुहोस।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336,9841812055

होटल तालीम
छुट (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo
(International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसंगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।